१ सं ८०८ भाद्रपद कृष्ण ॱ पंचमी भरणीनक्षत्र ॱ अंगारवार ॥ थ्वकुह्नु खप्वया ॱ प्रजा देशछिं मुङाओ ॱ राज[५२] श्री २ जितामित्र मल्ल निह्म फुकिजं वोङाओ ॱ श्री २ भूपारेन्द्र मल्ल माहाराजायाके सन्न वव ॱ र मचाल्यं दुपुयाओ ॱ वर ॱॱ ञलया श्री २ योग मल्ल बोङाओ नाप रात ॱ स्वनगरं र चार ॱ थ्वयान ह्नङतकुह्नु ॱ वभु सकल्यं चार ॱ छह्नु नं ॱ थ्वकुह्नु बलह्नि ॱ चौतारा भागिराम ॱ रायकुरसं घिरय याक ॱ रायकुरस मदयाओ ॱ भागिरामया छेस ओङा[७१ पृष्ठ]ओ लुतय याक ॱ भागिरामया ध्वर जुकोस ॱ छे सुर्द्धान पिव ॱ खप्वया पर्जा देयछिं ॱ उथय जुयाओ ॱ उपाध्यायाकें छेस वाराव स्वक ॱ भागिरामपनि रुयके मफु ॥

१ सं ८०९ मार्ग्गशिर शुक्ल ॱ नवमी ॱ बुधवार ॱ थ्वकुह्नु श्री ३ पशुपतिस्के ॱ पश्चिमदुवारया ॱ तोरनया ॱ गरुडया प्वातन रख धार वव ॱ रोहो हासा बह चायक ॥ खु नं रखता बंधन वव ॥

१ सं ८०९ पौष शुक्ल ॱ एकादशि घटि ४ द्वादशी तुत ॱ त्रयोदशी १४ थ्वते जुरेन ॱ त्रिप्रसा राक धक महापर्व्व धक ॱ श्रीऋद्धिलक्ष्मी माजुया ॱॱ कल्पवृक्ष दान बि ॱ दक्षिणदुवारस ॥

१ सं ८०९ चैत्र शुक्लः चतुर्थी ॱ कृर्त्तिकनक्षत्र ॱ शुक्रवार थ्वकुह्नुनिस्य ॱ श्री ३ वासुकी पिहा बिज्याक ॥

[७२ पृष्ठ] १ सं ८०९ फाल्गुण शुक्ल ॱ पंचमी ॱ अश्विनीनक्षत्र ॱ शुभयोग ॱ थ्वकुह्नु ॱ श्री २ भूपारेन्द्र मल्ल जुजु ॱ बारख याकात तयाओ ॱ खप्वओ ॱ ञलव उ जुव दिन ॥

१ सं ८०९ फाल्गुण कृष्णः ॥ षष्टी ॱ अनुराढनक्षत्र ॱ शनैश्चरवार ॥ थ्वकुह्नु वंकोदोया दैवज्ञ ॱ जगर्न्नाथ भायात ॱ गोरोया प्रमान याङाओ बितालि बिर ॱ श्री २ भूपारेन्द्र मल्ल माहाराजान ॥

१ सं ८०९ चैत्र कृष्णः ॥ नवमी ॱ श्रवण प्र धनेष्टनक्षत्र ॱ शुभयोग ॱ बृहस्पतिवार ॱ थ्वकुह्नु श्री २ भूपारेन्द्र मल्ल जुजु बुदान तया दिन ॥ ह्नङत कुह्नु चापूजा धुनकाव ॱ ध्वकह्न कुरह्मरया[५३] काय प्याफरेया श्रीथाकुर गोरो यङाओ मोक जुरो ॥ पेह्नु कुह्नु यिनाय लिता ॥ तवखेरक्वाठ दङा ॥

[७३ पृष्ठ] १ सं ८०९ वैशाख शुक्ल ॱ द्वितिया ॱ कृर्तिकनक्षत्र सौभाग्ययोग ॱ बृहस्पतिवार ॱ थ्वकुह्नु बेङ ॱ सिंधूलिजात्रा याङाओ देश गुयकु ॥ थ्वकुह्नु ॱ हतार वर ॱ ञलज ॱ खप्वज ॥

१ सं ८०९[५४]

१ सं ८०९ आषाढ शुक्ल ॱ द्वादशी ॱ अनुराढनक्षत्र ॱॱ शुभयोग ॱ बुधवार ॥ थ्वकुह्नु गोरोस दक्षिण-दुवारस ॱ लक्ष्मीनारायन भान ॱ श्रीराना मिश्रयात किशि दान बिर ॥ थ्वकुह्नुं श्री ३ वज्रयोगिनिस ॱ चैत्र-बाहारया देवरस गजुर छाव दिन ॱ जुजुमाजुपनि बिज्याक जुरो ॥

[७४ पृष्ठ] १ सं. ८०९ श्रावण शुक्ल ॱ एकादशी ज्येष्टनक्षत्र ॱ बृहस्पतिवार ॥ थ्वकुह्नु ॱ चाह्नस ॱ वा गाङाओ ॱ कोयनाय बशिक वर धकाओ ॱ तपिनियाता ॱ तवतां मनुक छह्नं चुस्य यङ ॱ तेखुस ॱ ञलयातां

---

५२. राजा हुनुपर्ने ।

५३. कुह्मरया हुनुपर्ने ।

५४. यसपछि लेखिएका ४ अक्षर मेट्न खोजी २ पङ्क्ति लेख्न पुग्ने ठाउँ यसै छोडिएको छ । मेट्न खोजिएका अक्षरमध्ये तेस्रो अक्षर **ण** भएकोले अघिल्ला २ अक्षर श्राव हुनु धेरै सम्भव छ । अन्तिम अक्षरको दायाँपट्टिको भाग राम्रो नमेटिएकोले कको अङ्ग जस्तो त्यो देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चुस्य यङाओ ् संखमोर को स्वकक्वाठ निगोर काया ् दोरक्वाठ जोको काय मफु ् विश्वनाथ सिक तुपकन कयाओ ॥

१ सं. ८०९ श्रावण कृष्ण ् एकादशी ् बृहस्पतिवार ् सिंहसंक्रान्ति ् थ्वकुन्हुया घटि २८X कुतिबाहार थाना वङा दिन ॥ थ्वकुन्हु स्वाय मफु ् सतिकुन्हु तुनि थाना स्वात ् क्वाठ दन ॥

१ सं ८०९ भाद्रपद कृष्ण ् एकादशी ् शुक्रवार थ्वकुन्हु ् दथुक्वाठ ् निगोर ् रोहो ग्वरदो मि तया ओवन ् आश्विन शुक्ल ् चतुर्थी कुन्हु ् गुलिनदो चार ् पंचमी कुन्हु ् प्रमानतो लिहा ओर बाधाओ दायाव ॥

[७५ पृष्ठ] १ सं ८०९ आश्विन कृष्ण ् तृतीया ् भरणी ् शनैश्चरवार ् थ्वकुन्हु श्री ३ पशुपतिस्के ् पश्चिमखे ् जवपाखे पिथु गरपस[५५] ् कुमुजि[५६] दाव ॥ पेन्हु कुन्हु सान्ति याक ॥ ् थ्वकुन्हुं संखमोरया द्वरक्वाठस थाना ह्ङयाक ् अन थेस्तुनुं ् अयथाक्वाठ दुक ॥

१ सं ८०९ आश्विन कृष्ण एकादशी ् आदित्यवार थ्वकुन्हु ् श्री ३ पशुपतिस्के ् सिंमोरन वङाओ दक्षिणखेस ् तोरनया छत्र रस हिङाओ बिनको स्वयाओ चोङ ् फलस छह्मं वव ॥ थ्वयान ् स्वन्हु कुन्हु द्वरक्वाठ चार ॥

[७६ पृष्ठ] १ शुभ ॥ सम्वत् ८१० माघ कृष्ण ् चतुर्थी ् उत्रफाल्गुणीनक्षत्र ् अतिगंड प्र शुक्रम्भयोग ् शनैश्चरवार ॥ थ्वकुन्हु ् श्री २ भूपारेन्द्र मल्ल जुजुया ् इहि याङा ् खप्वया राजा स्वह्म बाकायं ् रानि-पनिं व ॥

१ सं ८१० फाल्गुण कृष्णः ॥ अष्टमी ज्येष्टनक्षत्र ् शुक्रवार ् थ्वकुन्हुस ् निरिस ् ् उरक वोव ॥

१ सं ८१० फाल्गुण कृष्णः ॥ एकादशी ् उत्राषाढनक्षत्र ् सोमवार ् थ्वकुन्हु ् सुथ ् गुलिनिचो ् अयथाक्वाठपनि ् गुगोरं काव ् खप्वया निगोर ् ञलजन ् खप्व ् यँ वउं ॥

१ सं ८१० फाल्गुण शुक्लः ॥ एकादशी ् आद्रा प्र पुनर्व्वसुनक्षत्र ् आदित्यवार ् यँया ् प्रमानपनि खप्वया पनि ् सिंधुलि वङाओ ् पातसाहानाप रात ओङ ॥

[७७ पृष्ठ] १ सं ८१० नष्टवैशाख कृष्ण ् अष्टमी ् श्रवणनक्षत्र ् शुक्लयोग ् सोमवार ् थ्वकुन्हु ् मूरस हतार वङाओ ् कंपालि तुपकन कपारस कयाओ सिक ् गोकर्ण्णमी छह्म राङ यङ ् कंपालि परमस थङ ् पेन्हु हत गङ ॥

१ सं ८१० ज्येष्ट कृष्ण ् प्रतिपदा पूर्व्वाषाढनक्षत्र बृहस्पतिवासर ॥ थ्वकुन्हु ञलया ् बुगदेव ज्यापरयात ् पिसारखेरस ् रत भेत बुर देवयाकें घार दु ॥

[७८ पृष्ठ] १ सं ८१० आषाढमासे शुक्ल ् प्रतिपदा ् पुष्यनक्षत्र ् हर्खनयोग ् शुक्रवार ॥ थ्वकुन्हु थव स्वइष्टदेवता श्री ३ आगमजुस्के ् देवल दङाओ ् दैवज्ञ जगर्न्नाथन गजुलि छाया दिन ् श्री २ भूपारेन्द्र मल्ल जुजु ् खप्वया राजा स्वह्म बाकायं बिज्यातकु ् छेस ॥ गाम गोरो बियाओ तर ॥

---

५५. गरभस हुनुपर्ने ।

५६. कुमुज हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ सं ८१० आषाढ शुक्ल ‸ पंचमी ‸ अंगारवार ‸ कर्क्कटसंक्रान्ति थ्वकुन्हु श्री ३ पशुपतिस्के ‸ श्रीऋद्धिलक्ष्मी देविन माहास्नान यात ‸ जा रुर कायकु ॥

[७९ पृष्ठ] १ सं ८१० भाद्रपद शुक्ल ‸ पंचमी ‸ स्वातिनक्षत्र ‸ बृहस्पतिवार ‸ थ्वकुन्हु चौतारा ‸ लक्ष्मीनारायण खस्तो जाङाव[५७] ‸ थव छेस भुज्यालिन पाराव पिब्वाङ बिस्य वर ‸ माजुया देवर क्वस राङाओ ‸ पाराव स्याक ‸ राहात धेङाव ‸ लुचुल्या काओ ‸ लुचुल्या काव खस छह्म राक कुङाओ तव ‸ चुल्या छपा मदु ‸ ह्मस चोकों काव ‸ रणस राङा थे सङ ‸ परमस थङ ‸ खप्वया करात मिबिस्य वङ थाना वने धक मुनकाव तव ‸ स्याङाव मङाओ ‸ खप्वया राजा स्वह्मं ह्रसह्नुतो चोङ ‸ मानसिंजुयात चौतारा बियाओ ताथु ॥

१ सं ८१० भाद्रपद कृष्णः ॥ प्रतिपदा ‸ अंगारवार ‸ चौक्वाठस ‸ पाखा हाव ॥

१ सं ८१० आश्विन कृष्णः ॥ नवमी ‸ बृहस्पतिवार ‸ श्री ३ पशुपतिस्के कुमुज दाव ॥

१ सं ८११ कार्त्तिक कृष्णः ॥ एकादशी ‸ आदित्यवार श्री ३ पशुपतिस्के कुमुज दाव ‸ हि रुव ‸ जरधरिस ॥

[८० पृष्ठ] १ सं ८११ फाल्गुण शुक्लः ॥ द्वितिया ‸ शुक्रवार ‸ छेस आवन चिया ‸ श्री ३ चंगुनानजुस्के ‸ ह्मुतुस हि रुव ॥

१ सं ८११ वैशाख शुक्लः ॥ सप्तमी ‸ पुष्यनक्षत्र ‸ शुक्रवार ॥ थ्वकुन्हु गोरोस मुरदभुरयातास ‸ दुदु वा गाक ॥

१ सं ८११ वैशाख शुक्लः ॥ द्वादशी ‸ हस्तनक्षत्र ‸ बुधवार ॥ थ्वकुन्हु ञलया ‸ बुगदेव गारबाहारस भेत वुतर ‸ देव खतन कोकायाव ‸ रथ पियाओ ‸ हनों रथ चिङाओ देव पुत तयाओ देव रथस थङाओ यात ङायकर ॥

१ सं ८११ वैशाख कृष्णः ॥ अष्टमी शतभिषनक्षत्र ‸ आदित्यवार थ्वकुन्हु दक्षिणदुवारखे हाप्व चोङ ‸ ङाह्नु कुह्नु दङाओ ओङ ॥ ॥ ज्येष्ट शुक्ल ‸ द्वादशी स्वातिनक्षत्र ‸ बृहस्पतिवार ‸ थ्वकुन्हु वागमति पिजा मुकन ङ्चाङ वर ॥

[८१ पृष्ठ] १ सं ८११ आश्विन शुक्ल ‸ पंचमी ‸ अनुराधनक्षत्र ‸ बुधवार ‸ थ्वकुन्हु पूर्व्वया ‸ पातसाहाजु ‸ ञस दुहा वव ‸ ह्नुरपुषुरतो श्री २ भूपारेन्द्र मल्लजुन रसोर बिज्याक ॥ माकिशि छह्म सदेश बिव ॥

१ सं ८११ आश्विन शुक्ल ‸ पूर्ण्णमी आदित्यवार ॥ थ्वकुन्हु श्री २ जुजुन ‸ जगर्न्नाथजु ‸ लुचुल्याण ह्ङ्यातकर ॥

१ सं ८११ आश्विन कृष्णः ॥ सप्तमी ‸ पुनर्व्वसुनक्षत्र ‸ आदित्यवार ॥ थ्वकुन्हु स्वनगरं बंध जुव ‸ मोरङया ‸ पासाजु[५८] सुद्धान ‸ खप्वया स्वह्मं ‸ ञलयां मोहोनचुकस खुह्मं नाप रात ॥

१ सं ८१२ कार्त्तिक कृष्ण सप्तमी अश्लेषनक्षत्र सोमवार थ्वकुन्हु गंगाधरयात छेभण्डिलि बिर ॥

---

५७. जोङाव हुनुपर्ने ।

५८. पातसाहाजु हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[८२ पृष्ठ] १ सं ८१२ कार्तिक कृष्णः ॥ एकादशी ‿ हस्तनक्षत्र ‿ शुक्रवार ‿ थ्वकुन्हु स्वनगरं ह्युकानपुलि हतार ह्नङ्याङा ‿ ज्रलतो जुजु बिज्याक ‿ विधाताइन्द्र जोको ‿ च्याह्नु लिव ओन ॥

१ सं ८१२ माघ कृष्णः ॥ अमावासि ‿ शतभिषनक्षत्र ‿ शिवयोग ‿ आदित्यवार ॥ थ्वकुन्हु श्रीश्रीभूपारेन्द्र मल्ल जुजुया दिक्षा काया दिन ‿ सूर्यग्रास ‿ च्या अंगुलि जोङ ‿ गुरु विश्वम्भंर उपाध्या ॥

१ सं ८१२ फाल्गुण कृष्णः ॥ चतुर्थी ‿ स्वातिनक्षत्र ‿ बृहस्पतिवार ॥ थ्वकुन्हु श्री २ भूपारेन्द्र मल्ल जुजुया ‿ परत इहि याङा दिन ॥

१ सं ८१२ ज्येष्ट शुक्ल ॥ षष्टी ‿ पुष्यनक्षत्र ‿ बुधवार ‿ थ्वकुन्हु ‿ गोकर्ण्ण बा देश मि दङ ‿ हातपातदेव[५९] मि नयाओ मरुव ॥ यलस पेत्वार मि नओ ॥

[८३ पृष्ठ] १ सं ८१३ श्रावण कृष्ण ‿ नवमी प्र दशमी ‿ मृगशिरनक्षत्र अंगारवार ॥ थ्वकुन्हुया त्रीस[६०] ‿ जगन्नाथजु मोक दिन ‿ परमस थङ देवजानिजु मिबिस्य ओङ ॥

१ सं ८१३ भाद्रपद कृष्ण ‿ षष्टी रोहिणीनक्षत्र ‿ आदित्यवार ॥ थ्वकुन्हु स्वनगलं उ जुयाओ चोनेन ‿ खप्वजन शिमान तोरताओ मबियाओ ‿ ज्रलजन ‿ खप्वस वाकार ओङ ‿ यन खप्वस ग्वाहारि तङ ‿ स्वह्नु लिव ज्रल याकात जुरो ॥

१ सं ८१३ आश्विन कृष्ण ॥ पंचमी ‿ मृगशिरनक्षत्र ‿ पलिघयोग ‿ सोमवार ॥ थ्वकुन्हु ‿ रघुवीर ‿ भारोयात चौतारा बितारि बिर मुरचुकस ‿ मुत बिर ‿ खप्वया राजा ओयाओ ॥

[८४ पृष्ठ] १ सं ८१४ मार्ग्गशिर कृष्ण ‿ सप्तमी ‿ पूर्व्वफाल्गुणीनक्षत्र ‿ शनैश्चरवार ‿ थ्वकुन्हु गोरोस श्री ३ हरसिद्धि दुहा बिज्याक ‿ ज्रलव र मचार ॥ चाह्नस तुनि दुहा बिज्यात ॥ सं ८१४ पौष शुद्धि १४ श्री ३ जयवागेश्वरीदेवया मनस घार जुर ॥

पौष कृष्ण नमी ‿ श्री ३ वासुकि पूजा मयाक ‿

१ सं ८१४ पौष कृष्ण ‿ षष्टमी हस्तनक्षत्र शुक्रम्भयोग ‿ आदित्यवार ‿ थ्वकुन्हु ‿ श्रीश्रीभूपारेन्द्र मल्ल जुजुन ‿ चंगुस कोर्त्याहुति जज्ञे आरंभ यात अग्निस्थापन ‿ माघ शुक्ल ‿ दशमी ‿ रोहिणीनक्षत्र ऐन्द्र-योग ‿ बृहस्पतिवार ‿ थ्वकुन्हु ‿ श्री ३ गरुडनारायणया ‿ शिर हिर ‿‿ ह्मपाया लिकायाओ ‿ तोरन तर ‿ ब्राह्मुण भोज नकु ‿ दक्षिणा छ मोहोर ‿ ह्मन ‿ पियङाहुतो जज्ञे याङाओ ‿ फाल्गुण शुक्ल ‿ सप्तमी ‿ रोहिणीनक्षत्र ‿ बुधवार थ्वकु[८५ पृष्ठ]न्हु जज्ञे पूर्ण्णा यात ॥ सर ह्मं १०८ सा ह्मं १०८ चोर ह्मं १०८ फशि ह्मं १०८ किशि ह्मं १ दान बिर ॥

१ सं ८१४ फाल्गुण कृष्ण पंचमी ‿ अंगारवार ‿ श्री ३ पशुपतिस्के ‿ रख छुङा थास ‿ कुमुज दार ॥

---

५९. यही ठ्यासफूको २ पृष्ठमा हारपातदेव लेखिएको छ। भूपालेन्द्र मल्लले जग्गा बेची ने.सं. ८१६ (वि.सं. १७५२) मार्गशुक्लद्वादशीको दिन गरिदिएको लिखतपत्रमा पनि यी देवताको नाउँ आउँदा हारपातदेव नै लेखिएको छ (महेशराज पन्त २०५७:४८)।

६०. रात्रीस हुनुपर्ने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ सं ८१४ श्रावण शुक्ल ‸ सप्तमी ‸ स्वातिनक्षत्र ‸ बृहस्पतिवार ‸ थ्वकुन्हु ‸ श्री २ भूपारेन्द्र मल्ल जुजु श्री २ ऋद्धिलक्ष्मी माजु ‸ थकुजु ह्मं ३ श्री ३ नीरकण्ठ बिज्याक जिमडाह्नु कुन्हु लिथेन ॥

१ सं ८१५ आश्विन शुक्ल ‸ नवमी आदित्यवार थ्वकुन्हु श्री ३ पशुपतिस्के सिजर बस पिजा दायाव वर ॥

[८६ पृष्ठ] १ सं ८१६ कार्त्तिक कृष्ण ॥ द्वितिया ‸ अंगारवार थ्वकुन्हु श्री ३ राजेश्वरीदेव मुरह्म कोसर-पायाओ भोक सुङाओ चोन ॥

१ सं ८१६ माघ शुक्ल ॥ षष्टी ‸ अश्विनीनक्षत्र ‸ बुधवार ‸ थ्वकुन्हु ‸ श्रीश्रीभूपारेन्द्र मल्ल जुजुपनि ‸ माजुं ‸ हाथिखेरा बिज्याक ‸ देशश मदयकं ‸ याकात तर ‸ खपोजन ‸ ञलव उ जुर वन ‸ किशि स्वह्म हव ॥ ॥ फाल्गुण कृष्ण ॥ सप्तमी ‸ आदित्यवार ‸ थ्वकुन्हु ‸ रघुवीर दाजु ‸ चौतारा कोकायाओ ‸ नवमीसिं भायात ‸चौतारा बिर ॥

[८७ पृष्ठ] १ सं ८१६ चैत्र शुक्लः ॥ पूर्ण्णमी ‸ अंगारवार ‸ थ्वकुन्हु ‸ खप्वज याकात तयाओ ‸ यँव ‸ ञलव उ रात ॥ ‸ चैत्र कृष्ण ‸ पंचमी ‸ मूलनक्षत्र ‸ आदित्यवार थ्वकु[६१] वभू हतार ह्ङयाक ‸ रस ह्ङप ङाओ ‸ ञलया ‸ दातिह्म कुह्मर ‸ रायकु भाजुया काय प्रमानपनि सुर्द्धा ‸ यँया पनिं थथसं राक ह्मं ३४ नारसं लुलकाओ ‸ खप्वज वयाओ नार छधा लितेर ‸ लिपतस ह्नस गाम तेरा ॥

१ सं ८१६ आषाढ कृष्ण ॥ अष्टमी प्र नवमी ‸ भरणीनक्षत्र ‸ आदित्यवार ॥ थ्वकुन्हु ‸ गंगाधर छेभण्डिलि कोकार ॥

१ सं ८१७ कार्त्तिक शुक्लः एकादशी ‸ सोमवार ‸ थ्वकुन्हु श्री ३ पशुपतिस्के ‸ खिचा दुहा वङ ‸ सारिकतो थेङ दक्षिणदुवारन ॥

[८८ पृष्ठ] १ संवत् ६६० चैत्र शुक्लः ॥ नवरात्र स्वंङा ‸ कार्त्तिक ‸ शुक्लः ॥ पादु ‸ शुक्रवार कुन्हु ‸ विश्चिकलग्नस नवरात्र स्वंङा ॥ खण्ड स्वंने ‸ सप्तमी प्र अष्टमी ‸ बृहस्पतिवार कुन्हु ‸ मेखलग्नस याङा ॥ चारण दिशि आदित्यवार ‸ विश्चिकलग्नस ‸ कोहास्यं चारण याङा ॥ आश्विन शुक्ल ॥ पूर्ण्णमीस ‸ अहोरात्रधर्म्म याङा ॥ कार्त्तिक शुक्ल ॥ पूर्ण्णमी कुन्हुनिस्यं ‸ कार्त्तिकया मोर ह्लुयं ‸ रक्षशिव थायं ‸ अरागमत छोयकें ‸ थ्वकुन्हुनिस्यं आरम्भ याङाव ‸ थिसरा पुह्निसिन धुनका जुरो ‸ मार्गशिर शुक्ल ॥ द्वादशीस उत्थानदुलिसि याङा ‸ सकेमङा पुह्निसिं ‸ थिसरा पुह्निसिं उकुन्हुं याङा ॥ थ्वगुलि दंश ‸ निगुलि रा तुत जुयाव ‸ आश्विनओ चैत्रव ‸ मलमास ‸ अधिमास मानलपा ॥ आश्विन नष्ट मयाङा ‸ अधिमास जुको सेय ॥

[८९ पृष्ठ] १ सं ८१७ कार्त्तिक रच्छिं श्री २ भूपारेन्द्र मल्ल जुजु बुकोया ह्ङवने स्नान यातबिज्याक ‸ धुकुन्हु ‸ श्री ३ पशुपतिस्के ‸ माहास्नान ‸ जा रुर कायकु ‸ जज्ञे यात ॥ थ्वयान सतिकुन्हु ‸ कार्त्तिक कृष्ण ‸ प्रतिपदा ‸ प्र द्वितिया कुन्हु[६२] रोहिणीनक्षत्र ‸ शनिश्चरवार ‸ थ्वकुन्हु ‸ थाकुर जात जुर धकाओ ‸ सर किशि दको रुर काया ‸ वस आदिन नानावस्तु रुर काओ ‸ देशश माहाहर्खमान ‸ वाद्य थाक नाना ॥

---

६१. थ्वकुन्हु हुनुपर्ने ।

६२. प्रदेखि कुन्हुसम्म अर्कै हस्ताक्षरमा बायाँपट्टिको किनारामा त्यही पङ्क्तिको हाराहारीमा २ पङ्क्ति गरी थपेको ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ सं ८१७ कार्त्तिक कृष्णः ॥ त्रयोदशी , स्वातिनक्षत्र , सौभागय शोभनयोग[६३] , बृहस्पतिवार ॥ थ्वकुन्हु श्री ३ पशुपतिया देवल , गजुल कोकायाओ देवल पिर ॥

१ सं ८१७ पौष कृष्ण , षष्टी , हस्तनक्षत्र अतिगंडयोग , आदित्यवार , थ्वकुन्हु श्री ३ पशुपतिस देवल निस्वङा दिन ॥

[९० पृष्ठ] १ सं ८१७ पौष कृष्ण , एकादशी , अनुराढनक्षत्र , वृद्धियोग , शुक्रवार , थ्वकुन्हु श्री ३ पशुपतिस देवलया , खसि छुङा दिन ॥

१ सं ८१७ चैत्र कृष्ण , षष्टी , मूलनक्षत्र , पलिघयोग , शुक्रवार ॥ थ्वकुन्हु कोत्याहुत जज्ञ आरम्भ , अग्निस्थापन ॥ वैशाख शुक्ल , एकादशी , उत्रफाल्गुणीनक्षत्र व्याघाटयोग , बुधवार , थ्वकुन्हु श्री ३ पशुपतिस्के , गजुलि ङाकु छार , स्वानमाल तर , तिकिनिं छायाओ माहासनानं याक , माहाबलि जा रुर कायकु , पतापं छाओ , ङाता रंगया पतापं छाओ ॥

१ ज्येष्ट शुक्ल , नवमी , उत्रफाल्गुणीनक्षत्र , सुद्धियोग , बुधवार , थ्वकुन्हु , कोत्याहुति जज्ञे पूर्ण्णा यात ॥ थ्वयान पेन्हु लिव , चतुर्थि धुनकाओ , श्रीश्रीभूपारेन्द्र मल्ल जुजु श्रीऋद्धिलक्ष्मी माजु , देशश लिहा बिज्यात जात्रा याङाओ ॥

[९१ पृष्ठ] १ सं ८१७ आश्विन शुक्ल , त्रयोदशी , शतभिषनक्षत्र , शनैश्चरवार , थ्वकुन्हु , माजु , जुजु निह्म माचा ल्वाङाओ , चाह्नस गुह्यश्वरीस तमचास्य जुजु बिज्याक ,, सतिकुन्हु पर्जा सकल्यं वङाओ जुजु लिबोङाओ हव ॥ पूर्ण्णमी कुन्हु कतिनियात सेगुस जुजु बिज्याक , सतिकुन्हु पादुया चास , तुलशी स्याङाओ भदारखारस ,, जुजु अननं सकोस बिज्यात चाह्नसं स्वचा पेन्हु , अनन बिज्याङाओ , निचा स्वन्हु गोरोस बिज्याङाओ , माजु कुह्मर भडिलिचुकस तर मोहनचुकन पिकायाओ , अष्टमी , सोमवार कुन्हु देश दुहा बिज्याङाओ माजु , तोखास थतिङाओ तयछोर ॥ अननं तवथलि थतिङाओ तर ॥

[९२ पृष्ठ] १ सं ८१८ फाल्गुण शुक्लः । पूर्ण्णमी , मघनक्षत्र , शुक्रम्भयोग , सोमवार ॥ थ्वकु[६४] पितेजावन कुतिं वयाओ , दुर्ग्गाभवानी माम मोक दिन , चाह्नस छपहरस ॥

१ सं ८१८ आषाढ शुक्लः ॥ त्रयोदशी , आदित्यवार , थ्वकुन्हु , भयमारेया गोवर्द्धन , शिवनारायन , नवक्वाठया , शशि उपाध्या , थ्वपनि स्वह्मं गुथक्वाठन पित हयाओ , फान कोखायकाओ , मेश गयकाओ , सास्ति याक , मदुस चाबुकन दायकु , प्रजापनिस्यन दायाव , तुखुचा यितास , गोवर्द्धन , शशि निह्म सिक , सतिकुन्हु गोवर्द्धनया करातं भारतोवनापं सिक , मिरह्म जुजु वोङाओ स्यातकर धकाओ , माहा निह्मं स्याक ॥

[९३ पृष्ठ] १ सं ८१८ आश्विन शुक्लः ॥ पूर्ण्णमी , अश्विनीनक्षत्र , वज्रयोग , आदित्यवार ॥ थ्वकुन्हु सेगुस कतिनियातस , गोदार भेत बुराव चियाव छह्म अनं शिक , घार यको दु ॥

---

६३. सौभाग्य प्र शोभनयोग हुनुपर्ने ।

६४. थ्वकुन्हु हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सं ८१८ आश्विन कृष्ण ‸ त्रयोदशी शुक्रवार ‸ थ्वकुह्नु श्री ३ पशुपतिस्के ‸ पूजा याङा वेरस ‸ तव सब्द वर ‸ अनह मसिव ॥ खप्वया मिरह्म जुजु पिब्वाङ वर बुकोस चोन ॥

१ सं ८१९ कार्त्तिक शुक्ल ‸ प्रतिपदा ‸ थ्वकुह्नुया बलह्नि श्री ३ पशुपतिया दक्षिणदुवारखे ‸ ञकर निखें कताकितिन सर दयक सन ‸ झ्यारस चोङ देव सङ ‸ कुमुजं दाव फलस ‸ बिरि ‸ किरि सिं दाव यको याङ ॥

[९४ पृष्ठ] १ सम्वत् ७६४ आश्विन शुद्धि ‸ नवरात्र पादुसं स्वंङा ‸ सप्तमी प्र अष्टमीस स्थापना याङा ‸ अष्टमी प्र नवमीस भोग बिया ‸ नवमी प्र दशमीस चारण याङा ‸ तिथि तृतीया बाध जुयाव ॥

सम्वत् ७९७ आश्विन शुद्धि ॥ पादु कुह्नु नवरात्र स्वंङा ‸ सप्तमी प्र अष्टमी कुह्नुया रात्रीस वेला घटि ५ बेङाव ‸ घटि ८ थ्वतेन ह्ङा ‸ शनैश्चर केतुलग्न ‸ वृषलग्नस खड्गस्थापन याङा जुरो ॥ अष्टमी अन्तर वंनका ‸ नवमीसं भोग बिया ‸ दशमी घटि १२ थ्वकुह्नुया वेला घटि २ बेङाव घटि ६ थ्वतेन ह्ङा ‸ अंगार ‸ बुध ‸ शुक्रलग्न ‸ अंगार दल्यं ‸ मेव वेर मदयाव ‸ तुललग्नसं ‸ शुक्रया बल दु धक ‸ तुललग्नस ‸ यांङा जुरो ॥ दिग आग्नय ॥

[९५ पृष्ठ] १ सम्वत् ८१९ पौष कृष्णः । तृतिया ‸ मघनक्षत्र ‸ सौभाग्ययोग ‸ आदित्यवार ॥ थ्वकुह्नु श्री ३ जयवागेश्वरीदेवया ‸ न्यास पिंकाया दिन ॥

१ माघशुक्लः ॥ श्रीपंचमी ‸ रेवतिनक्षत्र ‸ शुभयोग ‸ बृहस्पतिवार ॥ थ्वकुह्नु दिष्टि खेरा ॥

१ सं ८१९ माघ कृष्णः ॥ त्रयोदशी ‸ श्रवनक्षत्र[६५] ‸ परिघयोग ‸ शुक्रवार ॥ थ्वकुह्नु श्री ३ जयवागेश्वरीदेव प्रतिस्था याङा दिन ॥ वेर निबेर माल ॥ ब्राह्मन ‸ ह्ङतकुह्नु जोको वर ‸ सतिकुह्नु पत्यारंभ यात मदु ‸ आचारनं यात ‸ ब्रह्मुन मदु ‸ जजोमानिं तर ॥ नियछह्नु ह्ङव यचिनि कार ॥

[९६ पृष्ठ] १ सं ८१९ माघ शुक्लः ॥ एकादशी ‸ अंगारवार ‸ थ्वकुह्नु ञल खप्व उ ‸ ञ याकात जुस्यनं थेमि तेर वङा ‸ श्रीश्रीभूपारेन्द्र मल्ल जुजु ‸ खप्वया मिरह्म जुजुं वङाओ चच्छिं चोङाव ‸ नसयतुनं खप्वजन रितेर ॥

१ सं ८१९ वैशाख कृष्णः ॥ त्रयोदशी प्र चतुर्द्दशी ‸ भरणीनक्षत्र ‸ बुधवार ‸ थ्वकुह्नु सेगुदेवया अंबर सारनथ ‸ गजुलि तोकधुर ‸ वाफन दायाव ॥

१ सं ८२० आश्विन शुक्ल ‸ त्रयोदशी कुह्नु ‸ गंगाधरयात छेभण्डिलि बिर ॥

१ सं ८२१ कार्त्तिक शुक्ल ‸ एकादशी सोमवारया चाह्नस श्री ३ पशुपतिस्के ‸ सब्द वर ॥

[९७ पृष्ठ] सं ८२१ कार्त्तिक शुक्ल ‸ चतुर्द्दशी बृहस्पतिवार ‸ या ‸ सहिरितिस ‸ खिफामुगरन ‸ फा पिय ङय दयक ‸ प्वाङ ओयाओ ‸ फा ह्मं ४ नन्दीकेश्वरया छेस द्वाहा ओङ जुरो ॥

१ सं ८२० आश्विन शुक्ल ॥ चतुर्द्दशी ‸ रेवति प्र अश्विनीनक्षत्र ‸ अंगारवार ‸ थ्वकुह्नुया रात्रीस श्रीश्रीभूपालेन्द्र मल्ल जुजु ‸ गंगास्नान बिज्यात ॥ कार्त्तिक कृष्ण ‸ अमावाशी कुह्नु ‸ रस अभाग जुर ॥ माघ शुक्ल ‸ पंचमी कुह्नु ‸ जातक मि फिर ‸ सति ह्मं ८ रानि छह्म दु ॥ श्री ३ पशुपतिस्के ‸ तुपिनिछा यातकु ‸ दुख मबेरं ‸ बाजन जोको मदु ‸ देश मङ्ङयकु ‸ बुकोसं पूजा यातकु मालको सकरतां यातकु गुथिया छात थें ॥

---

६५. श्रवननक्षत्र हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[९८ पृष्ठ] १ सं ८२१ भाद्रपद शुक्लः ॥ द्वादशी बाधय जुर एकादशी कुहु एनकिरिं स्वाङा ्‍ द्वादशी कुहु मत छोयकां ्‍ पुह्नि कुहु पिते याङां ्‍ कथन थें याङा ॥

१ सं ८२१ आश्विन शुक्लः ॥ अष्टि कुहु विष्टि घटि १ विघटि ५१ थ्वते दत ्‍ थ्वतेन मफयाओ ्‍ ह्नतकुहु सप्तमी घटि ३२ विघटि २० थ्वते फुटकाओ ्‍ रात्रीस घटि ८ बेतकाओ घटि १३ तुललग्नस ्‍ देव कोहा बिज्यातकर वा गाक मत छोयकं मजिव ्‍ खंड स्वन ॥ नवरात्र स्वनें ्‍ तुल ्‍ लग्नस चंद्र द्वादश दलें ्‍ खिन चंद्र थुका ्‍ बल मदु धक याङा छात दु धक यात ॥

[९९ पृष्ठ] १ सं ८२२ कार्त्तिक कृष्णः ॥ नवमी पूर्व्वफाल्गुणनक्षत्र विस्कम्भयोग ्‍ बृहस्पतिवार ॥ थ्वकुहु पशुपतिया ्‍ कोथु पलिन पाखा हार ्‍ उत्रखेन ्‍ रख स्वफर कुर दु ॥

१ सं ८२२ मार्ग्गशिर शुक्लः ॥ प्रतिपदा ्‍ ज्येष्टनक्षत्र ्‍ बुधवार ॥ थ्वकुहु श्री ३ पशुपतिया ्‍ लुपलिन ्‍ कोथु पलिन पाखा हार उत्रखेस ॥

१ सं ८२२ मार्ग्गशिर शुक्लः ॥ सप्तमी ्‍ शतभिषनक्षत्र ्‍ अंगारवासर ॥ थ्वकुहु ्‍ श्री ३ पशुपतिया ्‍ जरधरिया कोस ्‍ हि लुर लखया तरस खोयाओ चोङ ्‍ कुच्छिति केङक दु ॥

[१०० पृष्ठ] १ सं ८२२ माघ शुक्लः ॥ दशमी रोहिणी प्र मृगशिरनक्षत्र ्‍ वैधृजोग[६६] अंगारवार ॥ थ्वकुहु ्‍ चंगुस क्वाठ निगवल छेचा ्‍ श्री ३ गरुडनानजुया देवल मि दन ्‍ गजुलिया था निफोत चार चोत छत नव ॥ जिमहुसहु लिव खप्व याकात जुर ॥[६७]

१ सं ८२२ भाद्रपद कृष्णः ॥ चतुर्थी ्‍ आदित्यवार ॥ थ्वकुहु ्‍ गजहेरा किशि सित ॥

१ सं ८२२ आश्विन शुक्लः ॥ द्वितिया ्‍ शनैश्चरवार ॥ थ्वकुहु श्री ३ भुवनेश्वरी आगमस ्‍ जलया ङोय तार मोर हिराव ्‍ तरेस दुहा वङ ॥

[१०१ पृष्ठ] १ सं ८२२ आश्विन शुक्लः ॥ पंचिर[६८]मण्डलयातया ्‍ मालको कर्म्म छुं मयातकु ्‍ अरपोदोक्वाठन तुपक तयाओ ्‍ लुयं मजियक ्‍ श्री ३ भैरवं पित मयङ ्‍ क्वाठबाहारन पार राकह्ययाके यन ्‍ सुनानं सिया धाव मदु ्‍ पंचि कुहु हतारं वव अरपोदोतो ॥ थथे जुयाव कात्तिकया द्वितीया कुहु गनासाही कुमर क्वाथ कुदास तुपकं कयाव सिक परमंस थङ

१ सं ८२३ माघ शुक्लः ॥ एकादशी ्‍ आदित्यवार ्‍ थ्वकुहु श्री ३ वासुकियाके हि रुर ्‍ जलधलिस ङनक दु ॥ माघ कृष्णः ॥ द्वितिया शनैश्चरवार कुहु श्री ३ पशुपतिस्के हि रुर ्‍ जलधलिस ्‍ ओहो संखस ङनक दु ॥

---

६६. वैधृतिजोग हुनुपर्ने ।

६७. जिम°देखि जुरसम्म पूरै लामो धर्कोले काटेकोमा लिवको वमा छोडेर अक्षरैपीछे टाउकोमा यस्तो . चिह्न हालेको ।

६८. पंचरि हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[१०२ पृष्ठ] ❁ सं ८२४ माघ शुक्लः ॥ दशमी ৲ मृगशिरनक्षत्र ৲ शुक्रवार ॥ थ्वकु[६९] चंगुस कोत्याहुत जज्ञ ৲ अग्निस्थापन ৲ फाल्गुण शुक्ल ৲ द्वितिया ৲ उत्रभद्रनक्षत्र ৲ शुक्रवार ৲ गजुलि छा ৲ भूपारेन्द्र मल्ल जुजुया सारिक तर ৲ फाल्गुण कृष्ण ৲ दशमी ৲ श्रवणनक्षत्र ৲ आदित्यवा ৲ र थ्वकुह्नु जज्ञ पूर्ण्णा यात ৲ मीनादितसं ৲ पेह्नु कुह्नु चतुर्थी धुनकाओ ৲ जुजुं माजुं लिहा बिज्यात ৲ नंसार थेङ बेलस ৲ दरभंजन किशि सित धक वात ङेङाओ ৲ अनंनिस्य ङास्य बिज्यात ॥

❁ सं ८२४ वैशाख शुक्लः ॥ सप्तमी ৲ आदित्यवार ॥ थ्वकुह्नुया रात्रीस ৲ श्री ३ पशुपतिया पुजावारि ৲ राघवानन्द रावर परोक जुर ৲ सतिकुह्नु खुसि यितास बारागुस थुन ॥

[१०३ पृष्ठ] ❁ सं ८२४ भाद्रपद शुक्लः ॥ तृतिया घटि ३२ वि ३२ दत ৲ चतुर्थी घटि ३२ वि ३५ थ्वते दत ৲ दिनमान घटि ३१ वि ३२ थ्वते दत ৲ मुहुत्तछि रात्रिस मकेङ धकाओ ৲ तृतिया कुह्नु ৲ एन्द्ररा चोथाक मान याङा थ्वगुलि दस ॥

❁ सम्वत् ८२५ कार्त्तिक कृष्णः ॥ अष्टमी ৲ मघनक्षत्र ৲ बुधवार ॥ थ्वकुह्नु ৲ तवदेवलया गजुर कोकार ॥ माघ शुक्लः ॥ षष्टी ৲ रेवतीनक्षत्र ৲ शुक्रवार ॥ थ्वकुह्नु ৲ चूलिका छार ॥ माघ कृष्ण ৲ अष्टि ৲ अनुराढ-नक्षत्र ৲ अंगारवार ॥ थ्वकुह्नु ৲ अग्निस्थापन ॥ फाल्गुण शुक्ल ৲ तृतिया ৲ रेवतीनक्षत्र ৲ शुक्लयोग ৲ बृहस्पतिवार ॥ थ्वकुह्नु गजुलि छार ॥ फाल्गुण शुक्ल ॥ पंचमी ৲ भरणी ৲ शनैश्चर ॥ थ्वकुह्नु पूर्ण्णा ৲ श्रीश्रीभास्कर मल्लदेवन छार ॥

[१०४ पृष्ठ] ❁ सं ८२५ आश्विन शुक्लः ॥ प्रतिपदा घटि १० थ्वतेन ह्नङा नवरात्र स्वङा ৲ चंद्र द्वादस ৲ तुललग्न ॥

❁ सप्तमी घटि २२ थ्वते फिङाओ ৲ विष्टि वयकाओ ৲ अष्टिस देव क्वहा बिज्यातकर ॥

❁ दशमी घटि १२ थ्वतेन ह्नङा ৲ विच्छलग्नस ৲ केतु दल्यं ৲ चारनयात ৲ देव थाहा बिज्याकर ৲ दक्षिण दिग ॥

❁ सं ८२५ भाद्रपद कृष्णः ॥ सप्तमी ৲ रोहिणीनक्षत्र ৲ बुधवार थ्वकुह्नु ৲ ओभू थाना ह्नङ्यात ॥ अबलदोस ৲ ञलया जुजु ৲ चंगुस बिज्यात ॥ खप्वया जुजु निह्म बाकायं ৲ भोतस दुदङाओ चोन ॥ नारया गलसि थेनक थाना चोङ चारके मफु ৲ महनि नं लिहा मउ ञलया जुजु चंगु[१०५ पृष्ठ]सं चोन महनिया कर्म्म मालको उपाध्यान यातकर ॥ सं ८२६ कार्त्तिक शुक्लः ॥ एकादशी ৲ बुधवार थ्वकुह्नु श्री २ योगनरेन्द्र मल्ल ञलया जुजु चंगुस अभाग जुर ৲ छुं मजुवह्म ৲ थन छपोर जोको ओर ৲ चाह्नसं ञल यन ৲ सतिकु[७०] थङ यन सति ओंङ ह्मं ३३ मालको सकतां ৲ माजु ৲ जुजु बिज्याङाओ तार रातकर ॥ अभाग जुकुह्नु चास थाना दङाओ बिस्य ओल ৲ स्वधा ओङानं चारके मफु ओभू ॥ अभाग जुयाओ पेह्नु कु[७१] ৲ चतुर्द्दशी ৲ शनैश्चरवार ৲ थ्वकु[ह्नुया

---

६९. थ्वकुह्नु हुनुपर्ने ।
७०. सतिकुह्नु हुनुपर्ने ।
७१. कुह्नु हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चाह्लस][७२] खप्वज वोङाओ ॽ भ्वाति पुयाओ ॽ प्रर्जा हुर उथ याङाओ ॽ ञया जुको स्याव थ्वगुलि दस महनिन ॽ नवरात्र मस्वङ ॽ विस्यश्वर भाया [करातया] दच्छि मदु ॽ धक ॽ सकरें साहुति याङाओ नमी कुह्नु[७३] [दुगु जोको स्याक]

[१०६ पृष्ठ]

त्रयोदशी च संपूर्ण्णा ॽ निशाशेषचतुर्द्दशी ।
सफलं तु सदा ज्ञेया कापा[७४] जज्ञफलं भवेत् ॥
चतुर्द्दशी च संपूर्ण्णा ॽ निशाशेष भवेत्कुहू ।
न फलं तु सदा ज्ञेया ब्रह्महथ्यासमो भवेत् ॥

फरक फरक हस्ताक्षरमा टिपोट

२४ पृष्ठको माथिल्लो किनारामा देवनागरी लिपिले

२०१६ साल भाद्र शुल्क नौमी पर दसमी शुक्रवार खुह्नु बहनी ७ बजेनस्ये ८ बजेतक श्रीपसुपतीनाथया गजुली मी च्याकगु सक्रस्येन षङ जुल

२४ पृष्ठको पछिल्लो पङ्क्तिको खाली भएको ठाउँदेखि उठाई तल्लो किनारासम्म २ पङ्क्ति गरी

स ८६० भाद्र शुक्ल तृतीया घ ३२ दु सतीकुह्नु चौथी घटी ३५ दु थ्वकुह्नुं एता चोथाक सोनगरया मुहुर्त्त १ न २५

पृष्ठको माथिल्लो किनारामा

उव धक दिनप्रमान घ ३२ ॥

२७ पृष्ठको तल्लो किनारामा २ पङ्क्ति गरी

१ स ८५३ माघ कृ ३ एलर सरन ओयाव चोङह्म मिलु भा मछिङाव पशुपति सरण ओङ ॥

३२ पृष्ठको तल्लो किनारामा

स ७०९ पौ शु तृ मक्रसंक्रांति ॽ गुनचंद्रजुं समेकन यकु सिवसिंह देवा

३३ पृष्ठको माथिल्लो किनारामा

बिज्यातकं

३८ पृष्ठको तल्लो किनारामा २ पङ्क्ति गरी

चुरा साहि ककनचोस थांना ओयाव शिवसिंह तव पन छुपो दाम तयाव देव ने घरी तयाव बियाव बियत्रऋ छोक

७२. पछिल्ला ४ अक्षरमध्ये अघिल्ला २ को डिको र पछिल्लोको केही भाग देखिन्छ ।

७३. पत्र च्यातिएकोले तर्कुल्ले देखिँदैन ।

७४. पत्र घोटिएकोले दोस्रो अक्षरको पाठ सन्दिग्ध छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५९ पृष्ठको तल्लो किनारामा २ पङ्क्ति गरी

स ५२८ यक्ष मल्ल जन्म स ६०२ माघ कृ ॥ एकाद = ४ रा ६ म्वोक

६० पृष्ठको पछिल्लो पङ्क्तिको खाली ठाउँमा

स ६०९ कार्तिक

६१ पृष्ठको तल्लो किनारामा २ पङ्क्ति गरी

राय मल्ल रत्न मल्ल रन मल्ल भीम मल्ल स ६०९ मार्ग वदी चतु{र्थी} नारायण यक्षेश्वरदेवर हुनेयात शुद्धि ७ ॽ र

६४ पृष्ठको तल्लो किनारामा

सं ६०४ वैशाख शुक्र एकादशी ॽ ए देश तेल रत्न मल्लदेवसन ॥

७५ पृष्ठको पछिल्लो पङ्क्तिको खाली ठाउँमा

स ८४४ ज्येष्ठ

७७ पृष्ठको पछिल्लो पङ्क्तिमुनि खाली ठाउँमा त्यो पृष्ठ पूरै भरिने गरी ३ पङ्क्तिमा

१ सम्वत ८५३ आश्विन कृष्णया तृतीया कुह्न कुह्मलजुया थाकुल जात जुयाव सिथाल सोङाव अष्टमी पूजा ङाव देवलि छोसनली जव ब्यालि चोङ ॽ जिमनिह्न कुह्न सुथ जुको बजिनं बलि तयाव देवया देगुलि याक चाह्नस

७८ पृष्ठको माथिल्लो किनारामा

बलि जा दयकं चतुर्दशीपूजा यातकु ॥ तवदेवलस ॥ खपया जुको चंदन म-

७८ पृष्ठको पछिल्लो पङ्क्तिको खाली ठाउँमा

ल्ल सिङाव लवतपनि दुषन तव थम

७८ पृष्ठको दायाँपट्टि तल किनारासम्म पुग्ने गरी ३ पङ्क्तिमा

राजान दुषन मचोस्यं सुखरात्री

७८ पृष्ठको पछिल्लो पङ्क्तिपछिको खाली ठाउँमा २ पङ्क्ति गरी

याक पुजा षपोस ॥

७८ पृष्ठको तल्लो किनारामा पहिलो पङ्क्तिमा

स ८४९ का कृ ३ झगल थकुल किसि अ ॽ हल प्रस्तान यातका

७८ पृष्ठको तल्लो किनारामा दोस्रो पङ्क्तिमा

फाल्गुनस जोसित तिव छि चक्र छात बिल जिके चोङा ।

८१ पृष्ठको तल्लो पङ्क्तिदेखि उठाई किनारासम्म २ पङ्क्ति गरी

सं ८२३ मार्ग शुक्र न घ १ प्र दशमी रेवती उप्र घ ९ वि ४३ पल कुन रणजित ॥ स ८५८ फाशु दशमी आद्रा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

८१ पृष्ठमा तल्लो किनारामा ठाडो गरी



यो लेख लेख्दा काम लिइएका कृतिको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका

डिल्लीरमण रेग्मी २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३) मा कलकत्ताबाट फर्मा के.एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभ्‌ल् नेपाल्* (मध्यकालको नेपाल)३ भाग २ खण्डका १-४६ पृष्ठमा छापिएको *थ्यासपु ए* ।

धनवज्र वज्राचार्य २०१९

= वि.सं. २०१९ मा ललितपुरवाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य प्रधान सम्पादक र रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल सम्पादक भई तयार गरिएको *इतिहास-संशोधनको प्रमाण-प्रमेय* ।

महेशराज पन्त २०५७

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* ९९ पूर्णाङ्कका ३२-४८ पृष्ठमा छापिएको, महेशराज पन्तको *काठमाडौँका राजाहरूका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, २६ वटा लिखतपत्र (वि.सं. १५७५-१७५२)* ।

महेशराज पन्त २०६६

= वि.सं. २०६६ मा प्रकाशित *पूर्णिमा* १२९ पूर्णाङ्कका ६६-८२ पृष्ठमा छापिएको, महेशराज पन्तको *सबभन्दा पहिले प्रचारमा आएको ठ्यासफूको विषयमा* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३ वटा लालमोहर*

– महेशराज पन्त

१ सङ्ख्या

वि.सं. १८५२ चैत्रशुक्लएकादशी

गोरखा राज्यमा तनहुँ मिल्नुभन्दा अगाडि नै तनहुँले राजाले आफ्नो हकभोगको १० मुरी खेत आफ्ना प्रजा एक जना रानाभाटलाई बन्धकी दिई त्यसबापत ८१ रुपैँया सापटी लिई मोहर गरिदिएका थिए । तनहुँ जितेको १२ वर्ष जतिपछि वि.सं. १८५२ मा चेपेमर्स्याङ्दीपश्चिमका, मोहरिया बाँधा जग्गाको बुझबुझारथ गर्न गएको सरकारिया टोलीले त्यस रजबन्धकी जग्गा लिई त्यसको सट्टा घैयाको ९ मुरी बीउ जाने खेत दिई बाँधा थामिदिएको कुराको प्रमाणीकरणको लागि यो लालमोहर गरिएको हो ।

यस लालमोहरको फ्याक्सिमिलि तल २३० पृष्ठमा छ ।

मूलपाठ

श्रीदुर्गा सहाय[1]

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीवि-
२. राजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूर-
३. साहबहादूरसम्सेर्जङ्देवानां सदा समरविजयिनाम् ==========
४. आगे काशिराम रानाभाटके· अघि तनहुंकोटचा राजा· तषतमा छदै तिम्रा (
५. ८१ रुपैया लि· पुर्कोटको कुडापानि षेत मुरि १० लगा डिहि किलो सांध छुटचा-
६. इ बांधाको मोहोर गरिदियाको आजसम्म षाइआयाको· बांधा ५२ सालमा चे-
७. प्यामस्यांदिपश्चिमका मोहोरिया बांधा बुझ्न जाचन पठायाका थर्थोकहरु-
८. ले सर्दर बुझि जांचि· हिसाब गर्दा· कुडापानि षेत मुरि १० सर्का'र लिञ्‍ं· थर्थो-
९. कहरुले दिनु दि झिकनु झिकि आज सांध लाइदियाको जग्गा अघिकै ८१ रुपै-

---

*. स्तेफान बिल्द्हाइमको सङ्ग्रहमा रहेका यी लालमोहरको स्क्यानिङ वोल्फ्गाङ्ग वेर्त्शबाट पाएको हुँ ।

१. पहिले लेखिएका २ अक्षरलाई सर्का बनाइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१०. यामध्ये तेसै षेतको लगा बर्राटारमध्ये घैयाको बीज जान्या मुरि ९ बांधा था-
११. मिबक्स्यौं षातिर्जामासित भोग्य गर जहिया दाम देव तहिया माटो लेव
१२. इति संवत् १८५२ साल चैत्रसुदि ११ रोज सुभम्[२] ————

२ सङ्ख्या

वि.सं. १८५२

लडाइँमा विष चाहिने हुनाले ५ भारी सुकेको विष दरबार पठाऊ भनी बुंगाका अमालीदारलाई लेखिएको यस रुक्कामा साल मात्र छ, अरू तिथिमिति छैन ।

बुंगा भन्ने यो ठाउँ कहाँ पर्छ, मलाई थाहा छैन । हरेक जिल्लाको स्थाननामको रोमन वर्णक्रमअनुसारको, सरकारिया सूची पल्टाउँदा **बुंगा** भन्ने नाउँ ४ जिल्लामा भेटिए । खुलाएर भन्दा बागलुङ जिल्लामा **बुंगाखानी** नाउँ भएका २ वटा ठाउँ (उत्तर अक्षांश २८° २५' र पूर्व देशान्तर ८३° ११' तथा उत्तर अक्षांश २८° २६' र पूर्व देशान्तर ८३° ११')[३] र ७ किलोमीटर लम्बाइ भएको **बुङ्गाखानी खोला** (उत्तर अक्षांश २८° २७' र पूर्व देशान्तर ८३° ११'), बझाङ जिल्लामा (उत्तर अक्षांश २९° ३१' र पूर्व देशान्तर ८१° ०२'),[४] डडेलधुरा जिल्लामा (उत्तर अक्षांश २९° १२' र पूर्व देशान्तर ८०° २३')[५] र दार्चुला जिल्लामा (उत्तर अक्षांश २९° ४१' र पूर्व देशान्तर ८०° ३२')[६] **बुंगा** भेटिए । बागलुङमा **बुंगादोभान** भन्ने ठाउँ भएको कुरा पनि अखबारवाट भरखरै थाहा पाएँ ।[७]

पृथ्वीनारायण शाहको पालामा किरात जित्न खटिएका अभिमानसिंह बस्न्यातसँग लड्न आएका किरातीहरूले बिखालु हतियार चलाएको कुरा वाणीविलास पाँडेले लेखेको र वि.सं. १८७१ कार्तिक १७ गतेको नालापानीको लडाइँपछि बलभद्र कवरले बम शाहसँग खरखजाना, बाण र पत्थरसँगै विष माग्दा उनले नालापानीमा बारुद, गोली, पत्थर, बाण र बन्दूकसँगै विष पठाएको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ ।[८] बाणको टुप्पोमा विष लाएर बाणले हान्ने चलन हुनाले यसै गर्न विष चाहिएको हुनुपर्छ ।

---

२. चैत्रसुदिदेखि अन्त्यसम्म टाँका फरक ।
३. टपअग्राफ्इक्ल सर्भे ब्रान्च २०४४/४५:१६७ ।
४. उही २०४४/४५क:८ ।
५. उही:१९८ ।
६. उही:२७३ ।
७. दिनेश रेग्मी २०६६ ।
८. महेशराज पन्त २०२१:६७ र ७९ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस रुक्कालालमोहरको फ्याक्सिमिलि तल २३१ पृष्ठमा छ ।

मूलपाठ

श्रीदुर्गा सहाए

रण

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का ----------

२. आगे· बुंगा·का अमालिदारप्रति· लडाइंका काजंलाई

३. विष चाहिन्छ· तसर्थ बेस असल चोषो· विष षोजाई· सुका–

४. ई· बनाईकन· भारी ५ मोहर देषत· ताकित गरि· दर्बार

५. ल्याई पुऱ्याव· सर्वथा· ईति सम्वत १८५२ साल मिति --

३ सङ्ख्या

वि.सं. १८५८

भक्तपुरका राजा रणजित् मल्ल (राज्यभोग वि.सं. १७७९-१८२६)ले भूटान (देवाधर्मा)का धर्मराजलाई ख्याकु खेत २५ रोपनी, भुकुडोलमा २५ रोपनी गरी ५० रोपनी खेत, लोहत्वाफलमा ६ रोपनी घडेरी, गुम्बा र गाउँसहित तामापत्र गरी बिर्ता दिएका थिए। पृथ्वीनारायण शाहले भक्तपुर जितेपछि त्यो बिर्ता थामिदिएका थिए। वि.सं. १८५८ को, यस लालमोहररुक्काद्वारा त्यही बिर्ता थामिएको छ।
रणजित् मल्ललाई नाग लाग्दा भूटानका छोछिङ भन्ने एक जना लामाले निको पारिदिएकाले त्यसको रीझबापत भक्तपुरका ठगु र भोगुदेव भन्ने ठाउँको जग्गा ती लामालाई दिएको र वि.सं. १८०५ मा रणजित् मल्लले ठगुको, गुम्बाले चर्चिएको जग्गासमेत पचासौँ रोपनी अरू जग्गा भक्तपुर सहरभित्रै र आसपासमा दिएको कुरा रसुवा नागथलीको गुम्बाको टिपोटमा भएको कुरा रमेश ढुंगेल (२०४६:१७९)ले लेखेको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ।

यस लालमोहररुक्काको फ्याक्सिमिलि तल २३२ पृष्ठमा छ ।

मूलपाठ

श्रीदुर्गा सहाय१



१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का· ---- —

२. आगे देवाधर्माका राजालाई. रणजित मल्ल राजाले· ष्याकु षेत

---

१. का र जको बीचको एक अक्षरमा मसी दलेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३. रोपनी २५ भुकुडोल षेत रोपनी २५ लोहत्वाफल्· घडचारि रोप-
४. नी ६ घुंबा गाउंसमेत्· तांबापत्र गरि बिर्ता दियाको रहेछ· श्रीजिज्यु-
५. बाज्या:[१०]बाट पनी थामिवक्सनुभयाको रहेछ· सोहिबमोजिम हांमि-
६. ले पनी थामिबक्स्यौं· आफ्ना षातिरजामासंग तांबापत्रबमोजि-
७. म बिर्त्ता जांनि भोग्य गर· ईति· संम्वत् १८५८ साल·

(पछाडि)

मार्फत् बम्साह

यो लेख लेख्दा काम लिइएका कृतिको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका

टप्अग्ग्राफ्इक्ल सर्भे ब्रान्च २०४४/४५

= ई.सं. १९८८ (वि.सं. २०४४/४५) मा काठमाडौँबाट न्याश्अनल काउन्सिल फर साइअन्स यान्ड टेक्नल्अजिको म्याप्इङ सब्-कमिट्इद्वारा प्रकाशित, टप्अग्ग्राफ्इक्ल सर्भे ब्रान्चको *इन्डेक्स् अफ् जिअग्रफ्इक्ल् नेम्ज् अफ् नेपाल्* (नेपालका स्थाननामको फेहरिस्त) ३ भाग ।

टप्अग्ग्राफ्इक्ल सर्भे ब्रान्च २०४४/४५ क

= ई.सं. १९८८ (वि.सं. २०४४/४५) मा काठमाडौँबाट न्याश्अनल काउन्सिल फर साइअन्स यान्ड टेक्नल्अजिको म्याप्इङ सब्-कमिट्इद्वारा प्रकाशित, टप्अग्ग्राफ्इक्ल सर्भे ब्रान्चको *इन्डेक्स् अफ् जिअग्रफ्इक्ल् नेम्ज् अफ् नेपाल्* ५ भाग ।

दिनेश रेग्मी २०६६

= वि.सं. २०६६ कार्तिक १० गते मङ्गलवारको दिन काठमाडौँबाट कान्तिपुर पब्लिकेसन्सद्वारा प्रकाशित *कान्तिपुर* १७ वर्ष २४५ अङ्कको १ पृष्ठमा छापिएको, दिनेश रेग्मीको *'अब तिम्रो नाम जितबहादुर'* ।

महेशराज पन्त २०२१

= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* ४ पूर्णाङ्कका ६५-८२ पृष्ठमा छापिएको, महेशराज पन्तको *नालापानीका लडाइँसम्बन्धी अरू ६ पत्र* ।

रमेश ढुंगेल २०४६

= ई.सं. १९८९ (वि.सं. २०४६)मा कीर्तिपुरबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनकेन्द्रद्वारा प्रकाशित *कन्ट्रिब्युशन्ज् टु नेपालीज् स्टड्इज्* (नेपालविषयक विद्यासम्बन्धी लेख) १६ ठेली २ सङ्ख्याका १६९-१८८ पृष्ठमा छापिएको, रमेश ढुंगेलको *नेपाल-भूटान ऐतिहासिक-सांस्कृतिक सम्बन्ध* ।

---

१०. देवता, नदी, तीर्थ र मान्यजनको नाउं पत्रको शिरमा लेख्ने चलनअनुसार **श्रीजिज्युबाज्या:** जहां लेख्नुपर्ने हो, त्यहां नलेखी त्यस ठाउंमा यस्तो ------ चिह्न हाली त्यो शब्द पत्रको शिरमा लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ सङ्ख्याको पत्रको फ्याक्सिमिलि

यस लालमोहरको पाठ माथि २२६-२२७ पृष्ठमा छ ।



स्वस्ति श्री गिरिराजचक्रचूडामणि [illegible] नरनारायणेत्यादि विविध विरुदावली वि
राजमानमानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराजे रणबहादु
र साह बहादुर समशेर जङ्ग देवानां सदा समरविजयिनाम् ———
आगे काशिराम रानामगरके · अघि नन्कु को थ्या राजा · नथनमा छँदै तिम्रा
[illegible] त्पै पालि · ७ कोटको कुडा पानि षेत मुरि १० लगाइ हिकिलो साथ [illegible]
इ ओधाको मोहोर गरि दियाको आजसम्म पाइ आयाको · बोधाय रसालमा रे
[illegible] पास सों दिपश्चिमकामा होरि पाबों धाउ [illegible] नजाव नपठायाका [illegible]
लेस दर [illegible] जां वि · हिसाव गर्दा · कुडा पानि षेत मुरि १० [illegible] सलि [illegible] पर्यो
[illegible] ले [illegible] कि आज साध नाइदियाको जगा अघि के ८ [illegible]
[illegible] या मध्ये तैसे षेत को लगाय बर्दार मध्ये पै पाको बीत जान्या मुरि ९ बांधाया
या मध्ये तैसे षेत को लगाय बर्दार मध्ये पैपाको बीतजान्या [illegible] यामा टोले व
मि वक्स्यौ [illegible] मा खित भोग्य गर [illegible] हि यादाम देवता हयामा [illegible] ———
इति संवत १८ [illegible] परसाल वैसष सु दि ११ रोज [illegible] ——

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ सङ्ख्याको पत्रको फ्याक्सिमिलि

यस रुक्कालालमोहरको पाठ माथि २२८ पृष्ठमा छ ।



श्रीदुर्गासहाय

रुा

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का
आगे डुंगा काश्रमा लिदार प्रति लडाइ काका जनलाई
विषचा हिन्द तसथ वेसग्रसल चोषो विष षोजाई ल्या
ई वनाई करे नाति ५ मोहर देषत ताकित गरि द्वीर
ल्याई पुन्याव सर्वथा इति सम्वत १८५२ साल मिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३ सङ्ख्याको पत्रको फ्याक्सिमिलि

यस लालमोहरको पाठ माथि २२८-२२९ पृष्ठमा छ ।



स्वस्तिश्री मन्महाराजाधिराजकस्य रुक्का

आगे देवाधर्मीका राजालाई रणजित मल्ल राजाले षाकु षेत
रोपनी २५ अकु डोल षेत रोपनी २५ लोहत्ता फल घ्यारि रोप
नी ६ छंवा गाउं समेत तांबापत्र गरि बिर्ता दियाको रहेछ
--- वाट पनि थामिबक्स जुभयाको रहेछ सो हिव मोजिम हामि
ले पनि थामिबक्स्यौं आफ्ना थाति रजामा संग तांवापत्र बमोजि
म बिर्ता जानि भोग्य गर इति संवत १८५८ साल



६४

२००१ सालमा

प: १ — १ग

पो: १ — ५

सी: २ — १०७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चौ. फत्त्यजङ्ग शाहको नाममा रेजिडेन्टको याददास्त

–महेशराज पन्त

याददास्तको नेपालीमा गरिएको यो उल्था परराष्ट्रमन्त्रालयमा १३ नम्बरको पोकामा छ। त्यसैवाट यो सारिएको हो।

मूलपाठ

१. रामनगरदेषी उत्तरतर्फका सिमानाका मुकदमामा १८९७ सालमा भयाका लालमोहरमा नक्साका लाल लकीरबमोजीम सुंभेश्वरका डाडा गढी षाली गरी

२. छोडीदियाको छ भंन्या लेषीयाको र नक्सामा पनि रामनगर तालुक्का गढी भंन्या दु जवानीमा लेषीयाको १९०१ साल

३. मा जनरल अभीमानसिं राणा सर्दार भवानीसिङ्हरुले पंचनदीदेषी त्रिवेणीसम्म सिमाना गर्दा पनि तफावाट पर्न

४. नगयाकोमा हाल चेमन साहेबसित बसि सिमानाको काम रफा गर्न षटीयाका कप्तान अैवर्ण वस्न्यातले नेपा-

५. ली येक टोला पंचनदीका दक्षिणतर्फ कालु थापाका अस्थानदेषी मनी छ सो जगाका पुर्वतर्फ भै सुंभेश्वरका पहाडका दक्षीण

६. भै सिमाना मुकरर हवस भनी भन्दा ... तक्रारले र कप्तान अैवर्ण बिरामीस्मेत हुनाले बिदा भया आघौ साललाइ नक्सा-

७. का लाल लकीरबमोजीम् सुंभेश्वर गढी सर्कार कंपनीका तर्फ पारी फीलपाया षडा गर्नालाइ सर्दार भवानीसिङ्गलाइ

८. मुकरर गरीदिनुभया बेस होला भंन्या बेहोराको सन १८४६ अप्रेल मैन्हाका १ तारीष[१]मा रजीडंट साहेबले चौ

९. फत्त्यजङ्ग साहका नाममा लेषेका याद्दास्तको तर्जुमा

---

१. वि.सं. १९०२ चैत्रशुक्लपञ्चमी वुधवार[①] = चैत्र २१ गते[②]।

---

① ई.सं. २००२ (वि.सं. २०५८/५९)मा कीर्तिपुरवाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, त्रिरत्न मानन्धरको *डेट् कन्भर्शन् चार्ट्: विक्रम् / क्रिस्चन् ईरअ १८०८-१९६३ / १७५२-१९०६ ए.डी.* (वि.सं. र ई.सं. को मिति वदल्ने सारणी – वि.सं. १८०८-१९६३ = ई.सं. १७५२-१९०६)को ९५ पृष्ठ।

② लक्ष्मीपति-नयराजसङ्ग्रहको लेखोट पात्रो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ऐतिहासिकपाश☆ डिल्लीरमण रेग्मीबारे फेरि एकपल्ट*

– महेशराज पन्त

एक

यसो फुर्सद भयो कि किताबपसलतिर चहार्ने मेरो वानी भएकोले वि.सं. २०६३ फाल्गुन १४ गते सोमवारको दिन पनि म ज्याठामा रहेको वज्र बुक शपमा पुगेको थिएँ। बट्टाभित्र राखिएका, ढड्डु ढड्डु पुस्तकहरू त्यहाँ चाङ लाएर राखेको देखें। ती पुस्तक के रहेछन् भनी पल्टाएर हेर्दा डिल्लीरमण रेग्मी (वि.सं. १९७०-२०५८)को *एन्शन्ट् नेपाल्* (प्राचीन नेपाल),[१] *मेड्इईभ़ल् नेपाल्* (मध्यकालको नेपाल)का अघिल्ला ३ भाग[२] र *मड्अर्न् नेपाल्* (आधुनिक नेपाल)का दुवै भागको[३] जस्ताकोतस्तो रूपमा नयाँ दिल्लीवाट रूपा यान्ड कम्पनिद्वारा गरिएका पुनर्मुद्रण रहेछन्।

*एन्शन्ट् नेपाल्*का दुवै संस्करण[४] बुबा नयराज पन्त (वि.सं १९७०-२०५९)को सङ्ग्रहमा र *मेड्इईभ़ल् नेपाल्*का चारै भाग[५] दुवै सङ्ग्रहमा अर्थात् बुबाको[६] र संशोधन-मण्डलकोमा भए पनि आफ्नो निजी

☆. पाशप् (पाश) प्रत्ययको लागि *अष्टाध्यायी* ५।३।४७ हेर्नू।

*. यो लेख मूलतः वि.सं. २०६४ मा *पूर्णिमा* १२७ पूर्णाङ्कमा छपाउनको लागि लेखिए पनि त्यस अङ्कमा नअटाएकोले २ वर्षपछि अहिले *पूर्णिमा* १३१ अङ्कमा छपाइएको छ।

१. डिल्लीरमण रेग्मी २०२६।

२. उही २०२२,① २०२३, २०२३ क।

३. उही २०३२, २०३२ क।

४. डिल्लीरमण रेग्मीको, वि.सं. २०१७ मा छापिएको *एन्शन्ट् नेपाल्*②लाई पहिलो र वि.सं. २०२६ मा छापिएको *एन्शन्ट् नेपाल्*③लाई तेस्रो संस्करण भनी तत्तत्संस्करणमा लेखिएकोले वि.सं. २००८ मा छापिएको, उनको *एन्शन्ट् यान्ड् मेड्इईभ़ल् नेपाल्*④को प्राचीन इतिहाससम्वन्धी खण्डलाई पहिलो र वि.सं. २०१७ मा छापिएको *एन्शन्ट् नेपाल्*लाई दोस्रो संस्करण भनी पछि मानेको देखिन्छ।

५. डिल्लीरमण रेग्मी २०२२।
उही २०२३।
उही २०२३ क।
उही २०२३ ख।

६. बुबाको सङ्ग्रहमा भएको, डिल्लीरमण रेग्मी २०२३ क पछि हरायो।

---

① तल १६६ सङ्ख्याको टिप्पणी हेर्नू।

② डिल्लीरमण रेग्मी २०१७।

③ उही २०२६।

④ उही २००८।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सङ्ग्रहमा नभएकोले त्यही दिन मैले ती २ पुस्तकका पुनर्मुद्रित प्रति किनें, २ भागमा छापिएको *मड्अर्न् नेपाल्*[७]को मूल प्रति नै आफूसँग भएकोले त्यो भने लिइनँ ।

डिल्लीरमण रेग्मीको विषयमा छापिएको एउटा नयाँ पुस्तक अर्थात् उनको विषयमा लेखिएका लेखहरूको सँगालो[८] डिल्लीरमण रेग्मीका पुनर्मुदित पुस्तक किनेको एक हप्तामा वि.सं. २०६३ फाल्गुन २१ गते सोमवारको दिन प्रकाश ए. राजबाट मैले पाएँ ।

वि.सं. २०६३ फाल्गुन २७ गते आदित्यवारको दिनका नेपालका अखबार हेर्दै जाँदा एउटा नामी अङ्ग्रेजी दैनिकमा छापिएको, डिल्लीरमण रेग्मीका, भरखरै जसो पुनर्मुद्रित, *मेड्इईभ्ल् नेपाल्* र *मड्अर्न् नेपाल्*-सम्बन्धी विज्ञापनमा मेरो आँखा पऱ्यो ।[९] त्यही अखबारको त्यही दिनको परिशिष्टमा पुस्तकपसलेहरू र प्रकाशकहरूको सङ्घका महासचिवको विषयमा लेखिएको लेखमा परेका फोटामध्ये एउटामा डिल्लीरमण रेग्मीका तीनै थरी पुस्तकलाई महत्त्व दिइएको देखियो ।[१०]

डिल्लीरमण रेग्मीकी, अमेरिकन जानपद·भएकी छोरी[११]ले ऐतिहासिकको रूपमा आफ्ना वावुको परख गरी किताव लेखाउन नेपाल र एशियाली अनुसन्धानकेन्द्रलाई दिएको रकम पाई[१२] त्रिभुवनविश्वविद्यालयमा इतिहास पढाएर पेन्शन पकाइसकेका एक जना प्रोफेसरले ऐतिहासिक डिल्लीरमण रेग्मीको परख गरी लेखेको पुस्तक[१३] वि.सं. २०६३ चैत्र ७ गते बुधवारको दिन भाइ दिनेशराज पन्तबाट मैले पाएँ ।[१४]
डिल्लीरमण रेग्मीको विषयमा लेखिएका लेखहरूको अर्को एउटा सँगालो[१५] हेरी फिर्ता गर्ने गरी वि.सं. २०६४ पौष ११ गते बुधवारको दिन प्रकाश ए. राजबाट मैले पाएँ ।

---

७. डिल्लीरमण रेग्मीको *मड्अर्न् नेपाल्* सबभन्दा पहिले वि.सं. २०१८ मा छापियो ।[①] त्यसपछि त्यसको परिवृंहित रूप वि.सं. २०३२ मा २ भागमा छापियो ।[②]

८. विष्णुहरि नेपाल २०६३ ।

९. *रीकिन्ड्ल्इङ् नेपाल्* २०६३ ।

१०. क्रीता राउत २०६३ ।

११. मदन रेग्मी २०६४:१५४ ।

१२. तुलसीराम वैद्य २०६३ क:*याक्नलइज्मन्ट्स्* (गुणग्राहिता) २ ।
भीमबहादुर अधिकारी २०६४:२१ ।

१३. तुलसीराम वैद्य २०६३ क ।

१४. नेपाल र एशियाली अनुसन्धानकेन्द्रबाट छापिएका पुस्तक निर्मलमान तुलाधरबाट बराबर पाउने क्रममा पछि त्यसको अर्को प्रति पाएँ ।

१५. विष्णुहरि नेपाल २०६४ ।

---

① डिल्लीरमण रेग्मी २०१८ ।

② उही २०३२ र २०३२ क ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रत्येक १००० प्रतिको रु. ८,००,०००/- रोयल्टी स्वरूप डा. डिल्लीरमण रेग्मी प्रतिष्ठानले प्राप्त गर्ने र "प्रतिष्ठान" र "रूपा एण्ड कं." को सह-प्रकाशनका रूपमा उक्त किताबहरू चार भोल्युममा निकाल्ने गरी १९ नोभेम्बर २००६ का दिन आगामी तीन वर्षका लागि समझदारी[१६] भई *एन्शन्ट् नेपाल्, मेड्इईभ्ल् नेपाल्* र *मड्अर्न् नेपाल्* फेरि छापिएका देख्दा ३१,[१७] ३७,[१८] र ४०[१९] वर्षअगाडि छापिएका, यस अन्तरालमा नेपालको इतिहासमा भएका प्रशस्त खोजीले गर्दा नेपालको इतिहासको पनि इतिहास लेख्न मात्र काम लाग्ने पुस्तक भने पनि त्यति विदि बढ्ता नहुने वेलामा यातयाम ती पुस्तकमा सिन्को तलमाथि नगरी, शुद्धिपत्रमा सच्याइएका अशुद्धिसुद्धा नसच्याई कुन स्वार्थले त्यति बिदि पैसा रोयल्टीमा खन्याई त्यस भारतीय प्रकाशनसंस्थाले ती पुस्तक छाप्यो भन्ने प्रश्न संसार छाउने पुस्तक[२०] भारतको अग्रणी प्रकाशनसंस्थाबाट छापिए पनि रोयल्टीको रूपमा २५ प्रति पुस्तक मात्र पाई पुस्तक छापिनु नै गनीमत ठान्ने म जस्तो मानिसको मनमा उठ्छ। हुन त यसमा डिल्लीरमण रेग्मीको हैसियतले पनि काम गरेको अवश्य हुनुपर्छ तापनि त्यसभन्दा बढी उनले भारतपरस्त नीति[२१] अङ्गीकार गरेवापत उनी परलोक भइसकेपछि पनि उनको संस्थालाई पारितोषिक मिलेको हुनु धेरै सम्भव छ। यो हामीलाई खास चासो परेको कुरा नभएकोले यसलाई यतिमै छोडौँ।

डिल्लीरमण रेग्मीका पुस्तकका ती नयाँ अवतार भइसकेपछि ती पुस्तकको प्रशंसामा नेपालको इतिहासका, त्रिभुवनविश्वविद्यालयमा पद भोगेको दृष्टिले अध्यापकशिखित्रयीका ३ भिन्नाभिन्नै लेख ३ भिन्नाभिन्नै नामी अङ्ग्रेजी अखवारमा छापिए।[२२] ३१, ३७ र ४० वर्षअगाडि छापिएका कृति जस्ताकोतस्तो छापिँदा यो किन ठूलो खवर वन्यो, कुन्नि।

---

१६. उही २०६३:१९८।
१७. डिल्लीरमण रेग्मी २०३२ र २०३२ क।
१८. उही २०२६।
१९. उही २०२२, २०२३ र २०२३ क।
२०. महेशराज पन्त २०५७।
२१. उदाहरणको लागि
ग्रीष्मवहादुर देवकोटा [२०१६] २०३६:५६७।
भुवनलाल जोशी र लिओ ई. रोज [२०२२/२३] २०६०/६१:२४६-२४८।
श्रीराम आचार्य २०६०:२५१।
२२. त्रिरत्न मानन्धर २०६४।
प्रेम उप्रेती २०६४।
तुलसीराम वैद्य २०६४।①

---

① यो लेख तुलसीराम वैद्यका अरू अरू पुस्तक र लेख जस्तो भद्दा छैन, भाषा र प्रस्तुतिको दृष्टिले यो राम्रो छ। यसो हुनुमा जुन पत्रिकामा यो लेख छापियो, त्यसका सम्पादकको चक्कूको करामत हो कि जस्तो लाग्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

डिल्लीरमण रेग्मीका पुस्तकका नयाँ अवतार र ती पुस्तकको प्रशंसा देखेपछि एकचोटि मलाई फेरि उनका कृतिको विषयमा लेख्न मन लाग्यो । तल जे लेखिएको छ, त्यसको धेरै भाग फरक फरक रूपमा ४७ वर्ष यतादेखि हाम्रा लेखमा आइसकेका छन् र वर्षौंदेखि मेरो मनमा खेलिरहेका कुरा पनि मूलतः यसमा परेका छन् ।

दुइ

इतिहासको नाउँमा फैलिइरहेका अशुद्धि तात्कालिक प्रमाणको आधारमा सच्याउने काममा नयराज पन्तले आफ्ना चेलाहरूलाई लगाएकाले वि.सं. २००९ देखि *इतिहास-संशोधन*पत्रको प्रकाशन शुरू भयो[२३] र यस कामबाट नेपालको इतिहासका थाहा नभएका धेरै कुरा प्रकाशमा आए ।

डिल्लीरमण रेग्मीले *इतिहास-संशोधन*को विषयमा वि.सं. २०१४ मा इतिहास-संशोधकहरूलाई यस्तो

> **'इतिहास-संशोधन' नामले प्रकाश भएका जम्मै जसो पुस्तिकाहरू मैले पढ़ेको छू र तिनलाई ज्यादै उपादेय पाएको छू। मलाई लागदछ, लेखकहरूले नयाँ नयाँ खोजको प्रकाशमा अकाटच प्रमाणद्वारा नै धेरै अंशमा हाम्रो इतिहासका कतिपय ग्रन्थहरूमा भेट्टिएका अनेकानेक भ्रमहरू सच्याउने सफल प्रयास गरेका छन्। हामीले यस्तो प्रयासको कदर गर्नु पर्दछ।**
>
> **डिल्लीरमण रेग्मी**
>
> **१६।४।०१४**[२४]

लेखेर दिएकाले उनले *इतिहास-संशोधन*पत्रहरू पढ्ने गरेका थिएनन् भनी भन्न सकिँदैन ।

डिल्लीरमण रेग्मीको, वि.सं. २००८ मा छापिएको *एनशन्ट् यान्ड् मेड्इईभल् नेपाल्* (प्राचीन र मध्यकालको नेपाल)[२५] लाई लूछ्याह्लो पेतेक (२०१५:२)ले अ **डिसअपइन्ट्इङ् वर्क्** अर्थात् **हिस्स्याउने किताब** भनी लेखेको कुरा त हामीले वारंवार उद्धरण गरिसकेको हुनाले[२६] त्यो दोहऱ्याइरहनुपर्दैन । *इतिहास-संशोधन*पत्र नेपालीमा भएको र त्यहाँ छापिएका नयाँ नयाँ तथ्यको बाहिरफेर खास प्रचार नभएकोले तिनलाई आफ्नै खोजी जस्तो पारी आफूले अङ्ग्रेजीमा लेखेको पुस्तकको अर्को संस्करणमा अन्तर्भूत गर्न सके लूछ्याह्लो पेतेकले आफूलाई लाएको दोषको निराकरण मात्र नभई अग्रगण्य ऐतिहासिकको रूपमा प्रसिद्ध हुने इच्छा उनमा

---

२३. पहिलो *इतिहास-संशोधन*पत्रको लागि केशवमणि आ.दी., महेन्द्रनाथ अधिकारी र सुरेन्द्रनाथ अधिकारी २००९ हेर्नू ।

२४. *इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थ* २०१५:२४ मा *गृहमन्त्री श्रीडिल्लीरमण रेग्मी एम्.ए.ले दिनुभएको सम्मति* ।

२५. डिल्लीरमण रेग्मी २००८ ।

२६. उदाहरणको लागि महेशराज पन्त २०६३:३७-३८ मा ३ सङ्ख्याको टिप्पणी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जागेको हुन सक्छ। त्यसको प्रमाणको रूपमा वि.सं. २०१७ मा निस्केको, उनको *एन्शन्ट् नेपाल्* (प्राचीन नेपाल)[२७]लाई औँल्याउन सकिन्छ ।

*इतिहास-संशोधन*मा छापिइसकेका उत्कीर्ण लेख[२८]लाई अप्रकाशित र *इतिहास-संशोधन*मा प्रमाणद्वारा पुष्ट गरिसकिएका कुरालाई आफूले शोधखोज गरेको पारी उनले त्यसमा देखाएको कुराको नमूना दिन नयराज पन्तले एउटा पुस्तिका निकाले । त्यसको मुखपृष्ठमा यस्तो

श्रीमान् डिल्लीरमण रेग्मीजी,

अरूले छापिसकेको कुरालाई आफ्नो नाउँमा दर्ता गराउने उद्योग गर्नु तपाई जस्ता प्रसिद्ध व्यक्तिलाई लाज लाग्नुपर्ने कुरा हो ।

लेखिएको र त्यस पुस्तिकाको अन्त्य यसरी

[...] तपाईंले बाणको –

अन्यवर्णपरावृत्त्या बन्धचिह्ननिगूहनैः ।
अनाख्यातः सतां मध्ये कविश्चौरो विभाव्यते ॥

[अरूका रचनामा केही अक्षर फेरफार पार्दै कुरा तलमाथि पारी ढाकछोप गर्ने चोर कविलाई कसैले नपोले तापनि विद्वान्हरूको सभामा उसको चोरी साबित हुन्छ ।]

यस उक्तिको उदाहरण बन्नुपर्नेछ ।[२९]

गरिएको थियो ।

---

२७. डिल्लीरमण रेग्मी २०१७ ।

२८. अङ्ग्रेजी **इन्स्क्रिप्शन्**को मूल अर्थ **ढुङ्गा, धातु र काठ आदि कडा वस्तुमा पछिसम्म रहोस् भनी खोपिएका लेख** हुन्छ । **एपिग्राफ्** शब्दले पनि त्यस्तै त्यस्तै अर्थ दिन्छ । यतातिरका नव्यभाषामा **इन्स्क्रिप्शन्** वा **एपिग्राफ्**लाई **अभिलेख** शब्दले बुझाउने गरिएको छ । **डक्युमन्ट्** वा **रेक्अर्ड्**लाई पनि त्यही **अभिलेख** शब्दले बुझाउने गरिएकोले ती दुइको भेद देखाउन अप्ठेरो परिरहेको थियो । **खोपिएका लेख** बुझाउन वासुदेव विष्णु मिराशी (२०३१)ले मराठीमा **कोरीव लेख** अर्थात् **कुँदिएका लेख** भन्ने शब्दको प्रयोग गरेको देखेर त्यस्ता लेखलाई **उत्कीर्ण लेख** भन्ने शब्दले बुझाउने प्रयास गरियो (महेशराज पन्त र दिनेशराज पन्त २०३७:२①) । त्यस शब्दको नैरन्तर्य भने हाम्रा लेखमा भएन र **अभिलेख** शब्दले नै **खोपिएका लेख** बुझाउने काम गरिँदै गइयो । **खोपिएका लेख** बुझाउन यस लेखमा **उत्कीर्ण** लेखको प्रयोग भएको छ त खोपिएका वा कलमले लेखिएका सबै थरी लेख गोलबोलीमा बुझाउन चाहिँ **अभिलेख**को प्रयोग गरिएको छ ।

२९. नयराज पन्त २०१७ ।

---

① त्यहाँ भ्रमवश ती २ शब्द जोडेर छापिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तीन

वि.सं. २०१८ देखि ३।३ महीनामा संशोधन-मण्डलद्वारा *अभिलेख-संग्रह* छापिन थाल्यो । अन्त कतै नछापिएका उत्कीर्ण लेख छाप्न भनी शुरू गरिएको त्यस *संग्रह*का, ३ वर्षभित्र छापिएका १२ भागमा १४४ वटा अप्रकाशित उत्कीर्ण लेख परेका छन् ।[३०] वि.सं. २०२१ देखि संशोधन-मण्डलद्वारा इतिहास-प्रधान त्रैमासिक पत्रिका *पूर्णिमा*को प्रकाशन शुरू भई वि.सं. २०२३ को श्रावणसम्म त्यसका १० अङ्क बजारमा आइसकेका थिए । १० अङ्क छापिएको लगत्तै जसो डिल्लीरमण रेग्मीको *मेड्इईभ्ल् नेपाल्*का अघिल्ला २ भाग र तेस्रो भागचाहिँ त्यही साल शरद् ऋतुमा बजारमा आए ।[३१] बजारमा यी तीनै भाग २०२३ मा मात्र आए पनि ग्रन्थकारको तर्फबाट लेखिएका, तीनै भागका *प्रिफेस्* (प्रस्तावना)मा भने कहीँ **जून् १स्ट्,** १९६१; कहीँ **१स्ट् जून्,** १९६१ र कहीँ **१स्ट् अफ् जून्,** १९६१ अर्थात् वि.सं. २०१८ ज्येष्ठ १९ गतेको मिति दिई **अगस्ट्,** १९६६ अर्थात् वि.सं. २०२३ **को श्रावण-भाद्र**को मिति हाली दोस्रो भागमा छापिएको *पब्लिशर्'ज् नोट्* (प्रकाशकको सूचना)मा यस्तो

> **द म्यान्युस्क्रिप्ट् अफ् "मेड्इईभ्ल् नेपाल्" हयाड् रीच्ड् अस् समटाइम् इन् जून् अफ् १९६१। वी, हाउएभ्अर, रिग्रेट् टु अनाउन्स् द्याट् अन् अकाउन्ट् अफ् अन्अभइड्एब्ल् सर्कमस्टन्स्इज् द् बुक् इज् नाउ बीइङ् ब्रट् आउट् आफ्टर् सम् डिले ।**[३२]

अर्थात्

> ***मेड्इईभ्ल् नेपाल्*को गुरुकापी १९६१ को जून (वि.सं. २०१८ को ज्येष्ठ-आषाढ)को कुनै वेला हामीकहाँ आइपुगिसकेको थियो । तैपनि टारिनसक्ना परिस्थितिले गर्दा केही बियाँलोपछि अहिले त्यो पुस्तक प्रकाश गरिँदैछ भनी भन्न हामीलाई अपशोच लाग्छ ।**[३३]

लेखिएको छ ।

---

३०. *अभिलेख-संग्रह* २ भाग १३ पृष्ठमा छापिएको *चाँगुको अभिलेख*का अघिल्ला २ श्लोक हेमराज शाक्य २०१७ मा[①] र *अभिलेख-संग्रह* ८ भाग ८-९ पृष्ठमा छापिएको *धरहराको अभिलेख* नरहरिनाथ २०१२ गः८६ मा छापिइसकेको कुरा यस प्रसङ्गमा भन्नुपर्छ । *धरहराको अभिलेख* पहिल्यै छापिइसकेको विषयमा पछि *अभिलेख-संग्रह* ९ भाग १६ पृष्ठमा लेखिइसकेको छ ।

३१. *हाम्रो वक्तव्य* २०२३:१०१ मा पहिलो टिप्पणी ।

३२. डिल्लीरमण रेग्मी २०२३:४ । *हाम्रो वक्तव्य* २०२३:१०८ मा छापिएको देवनागरी उतारमा आवश्यक हेरफेर गरी तयार गरेको ।

३३. *हाम्रो वक्तव्य* २०२३:१०८ मा छापिएको उल्थामा आवश्यक हेरफेर गरी तयार गरेको ।

---

① यति भाग वि.सं. २०१७ मा प्रकाशित *वर्णपरिचय*मा परेको छ भनी *अभिलेख-संग्रह* २ भागको मेरो निजी प्रतिमा यस अभिलेखको दोस्रो श्लोकको अन्त्यमा टिप्पणी दिई लेखेको रहेछु। हाम्रो सङ्ग्रहको *वर्णपरिचय* (हेमराज शाक्य २०१७) अहिले अलमलिएकोले त्यसको पृष्ठसङ्ख्या दिन सकिएन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चार

बजारमा आएकोभन्दा ५ वर्षअगाडि नै *मेड्इईभल् नेपाल्* तयार भइसकेको थियो भन्ने कुरा ग्रन्थकारको प्रस्तावनाबाट बुझिएको र *मेड्इईभल् नेपाल्*को गुरुकापी मकहाँ आई थन्किइरहेको थियो, समयमा छपाउन सकिएन भनी प्रकाशकले भनेकाले यस विषयमा लेख्नुपरेको छ ।

रीसन्ट्लि अक्वाइर्ड् बाइ द डर्बार् लाइब्ररि अर्थात् **वीरपुस्तकालयले भरखरै हासिल गरेको** भनी *मेड्इईभल् नेपाल्* २ भागमा त्रैलोक्य मल्लको पालामा ने.सं. ७३० (वि.सं. १६६७) वैशाखशुक्लतृतीया सोमवारको दिन सारिसिद्धचाइएको *भागवत*को पुष्पिका छापिएको छ ।[३४] *भागवत*को यो लेखोट पुस्तक वीरपुस्तकालयले वि.सं. २०१९ वैशाख १९ गते मङ्गलवारको दिन किनेको कुरा त्यस पुस्तकालयको दर्ता नं. च. ८९७ बाट स्पष्ट हुन्छ ।[३५] *मेड्इईभल् नेपाल्* २ भागको प्रस्तावनामा ग्रन्थकारले वि.सं. २०१८ ज्येष्ठ १९ गतेको मिति दिएको र यसका प्रकाशकले वि.सं. २०१८ को ज्येष्ठ-आषाढमा मकहाँ यस पुस्तकको गुरुकापी आइसकेको थियो भनी लेखे पनि वि.सं. २०१९ वैशाख १९ गते वीरपुस्तकालयले खरीद गरेको, *भागवत*को त्यस लेखोट पुस्तकको उपयोग त्यस भागमा भएको र त्यस लेखोट पुस्तकको विषयमा लेख्दा वीरपुस्तकालयले भरखरै हासिल गरेको भनी ग्रन्थकारले लेखेकाले कमसेकम वि.सं. २०१९ वैशाखसम्म *मेड्इईभल् नेपाल्*को दोस्रो भाग पूरै तयार भइसकेको थिएन भन्ने स्पष्ट हुन्छ ।

---

३४. डिल्लीरमण रेग्मी २०२३:२१४ । पुराना लिपि र भाषाको ज्ञान नभएका डिल्लीरमण रेग्मीले दिएको यस पुष्पिकाको पाठ भ्रष्ट छ र मूलपाठमा **राधे** छपाउँदा छपाउँदै पनि त्यसको सार खिँच्दा भने **माघ** लेखेको देख्ता उनी यस्तो कामको लागि अनधिकारी भएको थप प्रमाण मिलेको छ भनी भनिरहनुपर्दैन ।

शङ्करमान राजवंशीले मूलबाट पढी यही पुष्पिका संशोधन-मण्डलको सङ्ग्रहको, *मेड्इईभल् नेपाल्* २ भागको प्रतिमा यसरी टिपेका छन् –

इति श्रीभागवते महापुराणे पारमहंस्यां संहितायां वैयासिक्यां द्वादशे स्कन्धे संख्यावर्ण्णनं नाम त्रयोदशोऽध्यायः ॥ समाप्तश्चायं द्वादशः स्कन्धः ॥

नेपालिकाब्दे गगनाग्निसिंधौ राधे सितेद्रेस्तनयातिथौ च ।
विरिञ्चिभे सोमदिने हि सिद्धं विष्णोरिदं भागवतं पवित्रं ।
त्रैलोक्यमल्लेऽवनिपालसिंहे भक्तापुरेऽस्मिन् प्रविराजमाने ।
दैवज्ञनारायणसिंहनामा सुश्रद्धया तद्व्यलिखत्समस्तं ॥

यो पाठ डिल्लीरमण रेग्मीले छपाएकोभन्दा बढी मात्र होइन कि मूलअनुसारको पनि छ ।

पछि यो पुष्पिका वावुकृष्ण शर्मा २०२५:१२० मा छापिएको छ । शङ्करमान राजवंशीले पढेको जस्तो पूरा र शुद्ध त्यो छैन । त्यसमाथि मूलमा **नेपालिकाब्दे गगनाग्निसिंधौ** अर्थात् **ने.सं. ७३०** हुँदा हुँदै यस पुस्तकको समय **ने.सं. ७३२** (वावुकृष्ण शर्मा २०२५:११९) भनी त्यहाँ लेखिएको छ ।

३५. नयराज पन्तको सङ्ग्रहको, *मेड्इईभल् नेपाल्* २ भागको प्रतिमा वीरपुस्तकालयका कर्मचारी तथा संशोधन-मण्डलका सदस्य शङ्करमान राजवंशीले टिपेअनुसार ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वीरपुस्तकालयको *बृहत्सूचीपत्र* ३ भागको चर्चा *मेड्इईभल् नेपाल्*को पहिलो भागमा ठाउँठाउँमा छ।[३६] *बृहत्सूचीपत्र*को त्यो ३ भाग वि.सं. २०१९ ज्येष्ठ २९ गते[३७] मात्र छापिएकोले कमसेकम २०१९ ज्येष्ठसम्म *मेड्इईभल् नेपाल्*को पहिलो भाग पूरै तयार भइसकेको थिएन भनी भनिरहनुपर्दैन।[३८]

*मेड्इईभल् नेपाल्*को तेस्रो भाग दोस्रो खण्डको ५६ पृष्ठदेखि ८७ पृष्ठसम्म **ठ्यासफू डी** भन्ने नाउँ राखिएको एउटा टिपोट छापिएको छ। त्यो टिपोट ठ्यासफूमा नलेखिई ताउ कागतमा लेखिएको भए पनि यस्ता खालका टिपोट प्रायः ठ्यासफूमा लेखिने हुनाले डिल्लीरमण रेग्मीले यसलाई ठ्यासफू नाउँ दिएको देखिन्छ। त्यस टिपोटको विषयमा *मेड्इईभ्ल् नेपाल्*को २ भागका १७-१८ पृष्ठमा लेख्दा **दीज् शीट्स् वेर् सोल्ड् टु द लाइब्ररि अ यर् अगो** अर्थात् **यी ताउ कागत त्यस पुस्तकालयलाई वर्ष दिनअगाडि बेचिएका थिए** भनी लेखिएकोले र वि.सं. २०१८ को ज्येष्ठ-आषाढमा *मेड्इईभ्ल् नेपाल्* प्रकाशकककहाँ छापिनको लागि आइसकेको भनी खुद प्रकाशकले लेखेकाले वीरपुस्तकालयले यी ताउ कागत वि.सं. २०१७ को उठानमै किनिसकेको भान पर्छ। वस्तुतः यी ताउ कागत वि.सं. २०१९ माघ २३ गते मात्र वीरपुस्तकालयले किनेको हो[३९] र यी कागत त्यही पुस्तकालयबाट वि.सं. २०२० कार्तिक १० गते पुस्तकाकारमा छापिएको हो[४०]। [...] **रेग्मीज्यूले पहिले आफैंले पढी आफैंले प्रकाश गरे जस्तो गरी अरूले छपाएको सम्पूर्ण पुस्तक केवल क्रम तलमाथि पारी जस्ताको तस्तो सारी आफ्नो नाउँमा दर्ता गर्ने उद्योग गर्नुभएको छ**[४१] भनी शङ्करमान राजवंशीले यसैले लेख्नुपरेको हो। यस कारण वि.सं. २०२० कार्तिकसम्म पनि उनको *मेड्इईभ्ल् नेपाल्*का दोस्रो र तेस्रो भाग पूरै तयार भइसकेका थिएनन् भन्ने यताबाट छर्लङ्ग हुन्छ।

डिल्लीरमण रेग्मीले *रोलम्ब* पत्रिकाका सम्पादकसँग वि.सं. २०३८ मा यस्तो

> **आइ कम्प्लीट्इड् माइ मेड्इईभ्ल् हिस्टरि अफ् नेपाल् बाइ दि एन्ड् अफ् १९६१। याज् पार्ट्इज् वेर् ब्यान्ड् अन् द १५थ् अफ् डिस्. १९६०, आइ ह्याड् नो पलिट्इक्ल् वर्क् टु डू। द फोर्स्ड् लीभ् वुड् ह्याभ् प्रूभ्ड् ब्यारअन् इफ् आइ ह्याड् नट् यूज्ड् माइ टाइम् टु राइट्इङ्। आइ रोट् मेड्इईभ्ल् नेपाल् पार्ट् १ इन् द्याट् यर् यान्ड् सेन्ट् इट् टु द पब्लिशर् हू हेल्प्ड् इन् गेट्इङ् द टाइप् स्क्रिप्ट्स् यान्ड् प्रिन्ट्इङ्। दिस् वज् कम्प्लीट्इड् बाइ दि एन्ड् अफ् १९६४, यान्ड् रिलीस्ड् अर्लि**

---

३६. डिल्लीरमण रेग्मी:२०२२:४४८ मा २२० सङ्ख्याको टिप्पणी, ४६२ मा २५ सङ्ख्याको टिप्पणी, ४६३ मा २६ सङ्ख्याको टिप्पणी, ६३६ मा १६२ सङ्ख्याको टिप्पणी।

३७. वीरपुस्तकालय २०१९:वक्तव्य।

३८. *हाम्रो वक्तव्य* २०२३:११४-११५।

३९. शङ्करमान राजवंशी २०२३:२३।

४०. उही २०२०:भित्री मुखपृष्ठ।

४१. उही २०२३:२४।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१९६५ । द नेक्स्ट् भ़ल्युम् केम् आउट् इन् १९६६ । द थर्ड् भ़ल्युम् यान्ड् फोर्थ् भ़ल्युम् फल्ओड् देम् सब्सिक्विन्ट्लि । द फोर् भ़ल्युम्ज़् अल्टगेद्अर् कन्सिस्ट्स्[४२] अफ् नीर्लि ३००० पेज्इज़्, यान्ड् इट् टुक् न्याच्अरल्लि ३-४ यर्ज़् इन् द प्रेस् ।[४३]

अर्थात्

आफ्नो मध्यकालको इतिहास ई.सं. १९६१ को निगल्दो (वि.सं. २०१८ पौषमा) मैले पूरा गरें । वि.सं. २०१७ पौष १ गते[४४] पार्टीहरूमा रोक लागेकोले[४५] मैले राजनीतिमा काम गर्नुपरेन । मैले आफ्नो समय लेख्न नलगाएको भए जबरदस्ती लादिएको त्यो छुट्टी निष्फल साबित हुन्थ्यो । *मेड्इई़भल् नेपाल्*को पहिलो भाग मैले त्यस वर्ष लेखी प्रकाशककहाँ पठाएँ, उनले टाइप गराउनमा र छाप्नमा मदत गरे । यो ई.सं. १९६४ को निगल्दो (वि.सं. २०२१ को पौषमा) पूरा भई र ई.सं. १९६५ को शुरूतिर (वि.सं. २०२१ को शिशिरमा?) निकालियो । अर्को ठेली ई.सं. १९६६ (वि.सं. २०२३) मा निस्कियो । तेस्रो ठेली र चौथो ठेली त्यसपछि निस्किए । ती ४ ठेलीमा जम्माजम्मी झण्डै ३००० पृष्ठ भएकाले छापाखानामा स्वभावतः ३-४ वर्ष लाग्यो ।

भनेकाले *मेड्इई़भल् नेपाल्*का तीनै भागका प्रस्तावनामा ग्रन्थकारको तर्फबाट वि.सं. २०१८ ज्येष्ठ १९ गतेको मिति दिइएको र *मेड्इई़भल् नेपाल्*को गुरुकापी मकहाँ वि.सं. २०१८ को ज्येष्ठ-आषाढमा आइसकेको थियो भनी प्रकाशकको तर्फबाट लेखिएको भए पनि वि.सं. २०१८ को पौषमा मैले पहिलो भाग सिद्ध्याएको हुँ भनी *रोलम्ब*का सम्पादकसँग कुराकानीको प्रसङ्गमा *मेड्इई़भल् नेपाल्*का ग्रन्थकारले वि.सं. २०३८ मा भनेकाले उनले आफ्नो ग्रन्थका तीनै भाग जुन मितिमा तयार भएका हुन् भनी पहिले लेखेका थिए, त्यस मितिभन्दा ७ महीनापछि पहिलो भाग तयार भयो भनी पछि उनी भन्न पुगेको स्पष्ट देखिन्छ । वि.सं. २०१९ ज्येष्ठ २९ गते छापिएको, वीरपुस्तकालयको *बृहत्सूचीपत्र* ३ भागको सन्दर्भ *मेड्इई़भल् नेपाल्*को पहिलो भागमा दिइएकोले पहिलो भाग वि.सं. २०१८ पौषमा प्रकाशककहाँ पठाइसकेको थिएँ भनी वि.सं. २०३८ मा भनेको कुरा पनि वि.सं. २०१८ ज्येष्ठमा *मेड्इई़भल् नेपाल्*का तीनै भाग तयार भइसकेका थिए भनेको जस्तै ढाँट कुरा हो ।

---

४२. **कन्सिस्ट्** हुनुपर्ने ।

४३. डिल्लीरमण रेग्मी २०३८:१० ।

४४. मूलमा जहाँ जहाँ ई.सं. मा पूरा मिति छ, त्यसको उल्थामा त्यसलाई वि.सं. मा मिति बदलेर दिइन्छ, ई.सं. को मिति दोहऱ्याइँदैन ।

४५. डिल्लीरमण रेग्मीले भने जस्तो ई.सं. १९६० डिसेम्वर १५ तारीख अर्थात् वि.सं. २०१७ पौष १ गते पार्टीहरूमा रोक लागेको होइन, रोक त ई.सं. १९६१ जनवरी ५ अर्थात् वि.सं. २०१७ पौष २२ गतेको दिन लागेको हो (भुवनलाल जोशी र लिओ ई. रोज. [२०२२/२३] २०६०/६१:४२२-४२३ र ग्रीष्मबहादुर देवकोटा २०३३:६९५) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाँच

पुस्तक छापिएर बजारमा आएको वास्तव मितिभन्दा वर्षौंअगाडिको मिति किन हाल्नुपऱ्यो भन्ने विषयमा वि.सं. २०२३ मै हामीले लेखिसके[४६] पनि फेरि त्यही कुरा छोटकरीमा लेख्नुपरेको छ ।

वि.सं. २०१८ वैशाखसङ्क्रान्तिको दिन निस्केको *अभिलेख-संग्रह*को पहिलो भागमा लिच्छविकालका उत्कीर्ण लेख मात्र परेकाले तिनको दरकार नेपालको मध्यकालको इतिहास लेख्न लागेका डिल्लीरमण रेग्मीलाई तत्काल नपरेको र वि.सं. २०१८ श्रावणसङ्क्रान्तिको दिन निस्केको *अभिलेख-संग्रह*को दोस्रो भाग र त्यसपछिका भागमा छापिएका उत्कीर्ण लेखको मात्र उनलाई अहिले चाहिएकोले वि.सं. २०१८ श्रावणसङ्क्रान्तिभन्दा अघिल्लो मिति अर्थात् वि.सं. २०१८ ज्येष्ठ १९ गतेको मिति उनले आफ्नो ग्रन्थमा हालेको देखिन्छ । यसरी जालझेल गरी बजारमा आएकोभन्दा ५ वर्षअगाडि नै तयार भई प्रकाशककहाँ *मेड्इईभ़ल् नेपाल्* थन्किइरहेको भन्ने साबित गर्न जति होश उनले गर्नुपर्थ्यो, त्यति उनले गर्न नसकेको माथि प्रस्तुत प्रमाणबाट स्पष्ट हुन्छ। ढाँटेको कुरा काटे पनि मिल्दैन भन्ने आहान यताबाट चरितार्थ भएको छ भनी भन्नैपर्छ ।

डिल्लीरमण रेग्मीले यसरी दाउपेच गरी हामीले खोजी प्रकाश गरेका उत्कीर्ण लेख मात्र होइन, लोभ बढ्दै जाँदा वि.सं. २००९ देखि २०२२ सम्म हामीले पहिलोपल्ट सप्रमाण प्रकाश गरेका इतिहासका कैयन् तथ्य पनि आफ्नै खोजी जस्तो गरी प्रस्तुत गरेका छन् ।[४७] यसको विरोधमा वि.सं. २०२३ कार्तिक १७ गते एउटा पर्चा,[४८] वि.सं. २०२३ पौषमा सबै कुरा खुलाई उनको बेइमानीका केही नमूना पनि दिई २ वटा लामै लेख[४९] र वि.सं. २०२४ आषाढमा एउटा पर्चा[५०] प्रकाश गऱ्यौं । डिल्लीरमण रेग्मीले गरेको त्यस नकामको विषयमा अखबारहरूमा चर्चा आएकोले[५१] पनि त्यसताका निकै हल्लाखल्ला भयो ।

---

४६. *हाम्रो वक्तव्य* २०२३:१०८-११५ ।
४७. उही:१०१-११४ ।
४८. संशोधन-मण्डल २०२३ ।
४९. शङ्करमान राजवंशी २०२३ ।
हाम्रो वक्तव्य २०२३ ।
५०. संशोधन-मण्डल २०२४ ।
५१. मदन शर्मा २०२३ ।
इतिहास संशोधनमण्डलद्वारा श्रीरेग्मी की कृति पर आपत्ति २०२३ ।
मेड्इईभ़ल् नेपाल्" (पार्द आइ, आइआइ, आइआइआइ) २०२३ ।
आर.एस.डी. २०२३ ।
इतिहास-संशोधन-पूर्णिमा २०२३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छ

वि.सं. २०२४ को आषाढमा डिल्लीरमण रेग्मीको *मेड्इईभल् नेपाल्*को चौथो भाग बजारमा आयो। अघिल्ला ३ भागका प्रकाशक कलकत्ताको नामी प्रकाशनसंस्था भएकोमा यो चारौँ भागको चाहिँ कुन्नि किन हो, डिल्लीरमण रेग्मी आफैँ प्रकाशक भए।

त्यस चारौँ भागमा अभिलेखका पाठ दिन थाल्नुभन्दा अगाडि शुरूमै डिल्लीरमण रेग्मीले लेखेका, तलका वाक्य सबभन्दा पहिले हेरौँ –

> [...]
>
> **अरिज्इन्याल्लि इट् वज् प्लान्ड् टु इनक्लूड् अल् द सोर्स् मटीर्इअल्ज् अलङ् विद् द टेक्स्ट्स् याट् अप्रोप्रिअट् प्लेसइज्, बट् कन्सिडरिङ् द स्पेस् रिक्वाइर्ड् वी ह्याड् टु अब्यान्डन् दि आइडिअ यान्ड् लीभ् आउट् एभ्रिथिङ् एक्सेप्ट् द कलअफन्ज् फ्रम् द फर्स्ट् यान्ड् सेक्अन्ड् पार्ट्स्। टु अकम्मडेट् द मेनइ इन्स्क्रिप्शन्ज्, क्रनिक्ल्ज् यान्ड् डाइअरिज् वी ह्याड् देर्फोर् टु ब्रिङ् आउट् टू एक्स्ट्र भलयुम्ज्, वन् फर् दि अर्लि पीर्इअड् (पार्ट् आइआइआइ) यान्ड् अनद्अर् फर् द लेट्अर् पीर्इअड् (पार्ट् आइभी)। सम् इन्स्क्रिप्शन्ज् ह्याभ् बीन् पब्लिश्ड् फ्रम् टाइम् टु टाइम् सिन्स् आउर् बुक् वज् सेन्ट् टु द प्रेस्। बट् दीज् आर् नट् मेनइ। इट् अपीर्ज् द्याट् १२ आउट् अफ् ९७ इन्स्क्रिप्शन्ज् अफ् पार्ट् आइ यान्ड् ३० टु ३५ आउट् अफ् १६४ अफ् पार्ट् आइआइ ह्याड् बीन् पब्लिश्ड् टिल् १९६५, सो द रीड्अर् क्यान् जज् फर् हिम्सेल्फ् दि अमाउन्ट् अफ् अरिज्इनल् मटीर्इअल्ज् ही इज् गेट्इङ् फ्रम् दीज् भलयुम्ज्।**
>
> **आइ ह्याभ् अल्रेड्इ सेड् इन् दि इनट्रडक्शन् टु पार्ट् आइआइ द्याट् आइ ह्याभ् यूटिलाइज्ड् अ नम्बर् अफ् अरिज्इनल् मटीर्इअल्ज् अफ् द ठ्यासपुज् (डाइअरिज्), अल् अफ् ह्विच् एक्सेप्ट् अद्अर्वाइज् मेन्शन्ड् इन् द टेक्स्ट् यान्ड् द ठ्यासपु डी आर् इन् माइ पजेस्अन्। याज् फर् द ठ्यासपु डी आइ ह्याड् दि अकेश्न् टु एगज्याम्इन् यान्ड् कपइ द टेक्स्ट् लङ् बिफोर् द प्रिन्ट्इड् कपइज् अफ् द ठ्यासपु वेर् अल्सो अभेल्एब्ल् फर् सेल्।**
>
> **अ फ्यू प्यासइजज्इज् अफ् द ठ्यासपु ए टु एच् आर् यूज्ड् बाइ अद्अर्ज् इन् देर् राइटइङ्, बट् दिस् इज् फर् द फर्स्ट् टाइम् द्याट् द होल् टेक्स्ट् अफ् ईच् इज् पब्लिश्ड् यान्ड् यूज्ड् इन् अ कम्प्रिहेन्सिभ् हिस्टरि अफ् द पीर्इअड्। [...]** [५२]

---

५२. डिल्लीरमण रेग्मी २०२३ खः *पोस्ट्स्क्रिप्ट्* (अनुलेख)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्थात्

आकरसम्बन्धी सबै सामग्री पहिले त मूल ग्रन्थसँगै तत्तत्स्थानमा गाभ्ने इन्तिजाम गरिएको थियो, त्यसको लागि चाहिने ठाउँ सम्झँदा भने हामीले त्यो विचार छोड्नुपर्‍यो र पहिलो र दोस्रो भागबाट पुष्पिकाबाहेक सबै कुरा हटाउनुपर्‍यो। यस कारण थुप्रै उत्कीर्ण लेखहरू, इतिवृत्तहरू र डायरीहरू अटाउन अघिल्लो कालको लागि एउटा (३ भाग) र पछिल्लो कालको लागि अर्को (४ भाग) गरी २ वटा थप ठेली हामीले निकाल्नुपर्ने भयो। हाम्रो ग्रन्थ छापाखानामा पठाएदेखि वेलावेलामा केही उत्कीर्ण लेख छापिएका छन्। ती धेरै भने छैनन्। पहिलो भागका ९७ उत्कीर्ण लेख[५३] मध्ये १२ वटा[५४], दोस्रो भागका १६४ मध्ये[५५] ३० देखि ३५[५६] ई.सं. १९६५ (वि.सं. २०२२) सम्म छापिएका छन् भन्ने देखिन्छ, यसैले यी ठेलीबाट पाठकले पाउने मूल सामग्रीको परिमाणको निर्णय ऊ आफैँ गर्न सक्छ।

केही ठ्यासफू (डायरी)का मूल सामग्रीबाट मैले काम लिएको छु भनी दोस्रो भागको इन्ट्रडक्शन् (उपोद्घात)मा अघिबाटै भनिसकेको छु। मूल ग्रन्थमा अरू नै तरहले जिकिर गरिएका र ठ्यासफू डीबाहेक अरू सबै मसँग छन्। ठ्यासफू डीबारे, त्यस ठ्यासफूका छापिएका प्रति बिक्रीको लागि पाइनुभन्दा पनि धेरैअगाडि त्यो ठ्यासफू खोतल्ने र सार्ने मौका मलाई मिलेको थियो।

ठ्यासफू एदेखि एच्सम्मका अत्यन्त कम हिस्साबाट अरूहरूले आआफ्ना लेखमा काम लिएका छन्, तर यहाँ पहिलोपटक हरेकको पूरा पाठ छापिएको छ र यस कालको विस्तृत इतिहासमा यिनबाट काम लिइएको छ।

---

५३. यी उत्कीर्ण लेख छाप्दा तिनको शिरमा सङ्ख्या दिँदा डिल्लीरमण रेग्मीले रोमन अङ्कको प्रयोग गरेका छन् । ८९ सम्म त उनले दिएको अङ्क मिल्छ । त्यसपछि उनले ९० बुझाउन LXL लेखेका छन् । L को मतलब ५० र ४० बुझाउन ५० मा १० घटाई XL लेख्ने चलन भएकोले LXL लेखी उनले ५० + ४० = ९० बुझाएका छन् र यसपछिका ९१ देखि ९७ सम्मका अङ्क बुझाउन LXL को पछाडि क्रमशः १ देखि ७ सम्मका अङ्क थप्दै गएका छन् । रोमनमा ९० बुझाउन १०० अर्थात् C मा १० अर्थात् X घटाई XC लेख्ने चलन छ । रोमन पद्धतिबाट अङ्क लेख्न त्यति हात नवसेकोले यस्तो गल्ती भएको देखिन्छ ।

५४. पहिलो पटक छापिएका भनी आफ्नो *मेड्इईभ्ल् नेपाल्*को तेस्रो भागमा डिल्लीरमण रेग्मी (२०२३क)ले गाभेका उत्कीर्ण लेखमध्ये अरूहरूले चर्चासम्म पनि नगरेका, *अभिलेख-संग्रह*मा पहिलो पटक छापिएका, ११ वटा उत्कीर्ण लेखको सूची दिई, *अभिलेख-संग्रह*मा पहिलोपटक प्रकाशित भए पनि अरूहरूले अत्यल्प अंश प्रकाश गरिसकेका उत्कीर्ण लेखको भने चर्चै नगरी त्यस सूचीपछि इत्यादि लेखी काम चलाएका थियौं (*हाम्रो वक्तव्य* २०२३:१०८-१०९) ।

५५. *मेड्इईभ्ल् नेपाल्*को दोस्रो भाग (डिल्लीरमण रेग्मी २०२३)सँग सम्वद्ध उत्कीर्ण लेखहरूको सङ्ख्या १६४ भनी यहाँ भने पनि चौथो भागमा छापिएका उत्कीर्ण लेखहरू गन्दा जम्माजम्मी १८८ वटा हुन्छन् ।

५६. हामीले कुनै पूरै र कुनै अंशतः गरी पहिल्यै छपाइसकेका ९१ वटा उत्कीर्ण लेख *मेड्इईभ्ल् नेपाल*को चौथो भाग (डिल्लीरमण रेग्मी २०२३ ख)मा हाम्रो नामोल्लेख नगरी छापिएका छन् (*हाम्रो वक्तव्य* २०२४:९३-९८ पनि हेर्नू) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छ

वि.सं. २०२४ को आषाढमा डिल्लीरमण रेग्मीको *मेड्ईइभ़्ल् नेपाल्*को चौथो भाग बजारमा आयो । अघिल्ला ३ भागका प्रकाशक कलकत्ताको नामी प्रकाशनसंस्था भएकोमा यो चारौँ भागको चाहिँ कुन्नि किन हो, डिल्लीरमण रेग्मी आफैँ प्रकाशक भए ।

त्यस चारौँ भागमा अभिलेखका पाठ दिन थाल्नुभन्दा अगाडि शुरूमै डिल्लीरमण रेग्मीले लेखेका, तलका वाक्य सबभन्दा पहिले हेरौँ –

> [...]
>
> **अरिज्इन्याल्लि इट् वज़् प्लान्ड् टु इनक्लूड् अल् द सोर्स् मटीर्इअल्ज़् अलङ् विद् द टेक्स्ट्स् याट् अप्रोप्रिअट् प्लेसइज़्, बट् कन्सिडरिङ् द स्पेस् रिक्वाइर्ड् वी ह्याड् टु अब्यान्डन् दि आइडिअ यान्ड् लीभ् आउट् एभ़्रिथिङ् एक्सेप्ट् द कल्अफन्ज़् फ्रम् द फर्स्ट् यान्ड् सेक्अन्ड् पार्ट्स् । टु अकम्मडेट् द मेनइ इन्स्क्रिप्शन्ज़्, क्रनिक्ल्ज़् यान्ड् डाइअरिज़् वी ह्याड् देर्फोर् टु ब्रिङ् आउट् टू एक्स्ट्र भ़ल्युम्ज़्, वन् फर् दि अर्लि पीर्इअड् (पार्ट् आइआइआइ) यान्ड् अनद्अर् फर् द लेट्अर् पीर्इअड् (पार्ट् आइभ़ी) । सम् इन्स्क्रिप्शन्ज़् ह्याभ् बीन् पब्लिश्ड् फ्रम् टाइम् टु टाइम् सिन्स् आउर् बुक् वज़् सेन्ट् टु द प्रेस् । बट् दीज़् आर् नट् मेनइ । इट् अपीर्ज़् द्याट् १२ आउट् अफ् ९७ इन्स्क्रिप्शन्ज़् अफ् पार्ट् आइ यान्ड् ३० टु ३५ आउट् अफ् १६४ अफ् पार्ट् आइआइ ह्याड् बीन् पब्लिश्ड् टिल् १९६५, सो द रीड्अर् क्यान् जज़् फर् हिम्सेल्फ् दि अमाउन्ट् अफ् अरिज्इनल् मटीर्इअल्ज़् ही इज़् गेट्इङ् फ्रम् दीज़् भ़ल्युम्ज़् ।**
>
> **आइ ह्याभ् अल्रेड्इ सेड् इन् दि इनट्रडक्शन् टु पार्ट् आइआइ द्याट् आइ ह्याभ् यूटिलाइज़्ड् अ नम्बर् अफ् अरिज्इनल् मटीर्इअल्ज़् अफ् द ठ्यासपुज़् (डाइअरिज़्), अल् अफ् ह्विच् एक्सेप्ट् अद्अर्वाइज़् मेन्शन्ड् इन् द टेक्स्ट् यान्ड् द ठ्यासपु डी आर् इन् माइ पज़ेस्अन् । याज़् फर् द ठ्यासपु डी आइ ह्याड् दि अकेभ़्न् टु एगज़्याम्इन् यान्ड् कप्इ द टेक्स्ट् लङ् बिफोर् द प्रिन्ट्इड् कप्इज़् अफ् द ठ्यासपु वेर् अल्सो अभ़ेल्एब्ल् फर् सेल् ।**
>
> **अ फ्यू प्यासइजइज़् अफ् द ठ्यासपु ए टु एच् आर् यूज़्ड् बाइ अद्अर्ज़् इन् देर् राइट्इङ्, बट् दिस् इज़् फर् द फर्स्ट् टाइम् द्याट् द होल् टेक्स्ट् अफ् ईच् इज़् पब्लिश्ड् यान्ड् यूज़्ड् इन् अ कम्प्रिहेन्सिभ् हिस्टरि अफ् द पीर्इअड् । [...]** [५२]

५२. डिल्लीरमण रेग्मी २०२३ ख: *पोस्ट्स्क्रिप्ट्* (अनुलेख) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्थात्

आकरसम्बन्धी सबै सामग्री पहिले त मूल ग्रन्थसँगै तत्तत्स्थानमा गाभ्ने इन्तिजाम गरिएको थियो, त्यसको लागि चाहिने ठाउँ सम्झँदा भने हामीले त्यो विचार छोड्नुपर्‍यो र पहिलो र दोस्रो भागबाट पुष्पिकाबाहेक सबै कुरा हटाउनुपर्‍यो। यस कारण थुप्रै उत्कीर्ण लेखहरू, इतिवृत्तहरू र डायरीहरू अटाउन अघिल्लो कालको लागि एउटा (३ भाग) र पछिल्लो कालको लागि अर्को (४ भाग) गरी २ वटा थप ठेली हामीले निकाल्नुपर्ने भयो। हाम्रो ग्रन्थ छापाखानामा पठाएदेखि वेलावेलामा केही उत्कीर्ण लेख छापिएका छन्। ती धेरै भने छैनन्। पहिलो भागका ९७ उत्कीर्ण लेख[५३] मध्ये १२ वटा[५४], दोस्रो भागका १६४ मध्ये[५५] ३० देखि ३५[५६] ई.सं. १९६५ (वि.सं. २०२२) सम्म छापिएका छन् भन्ने देखिन्छ, यसैले यी ठेलीबाट पाठकले पाउने मूल सामग्रीको परिमाणको निर्णय ऊ आफैं गर्न सक्छ।

केही ठ्यासफू (डायरी)का मूल सामग्रीबाट मैले काम लिएको छु भनी दोस्रो भागको इन्ट्रडक्शन् (उपोद्धात)मा अघिबाटै भनिसकेको छु। मूल ग्रन्थमा अरू नै तरहले जिकिर गरिएका र ठ्यासफू डीबाहेक अरू सबै मसँग छन्। ठ्यासफू डीबारे, त्यस ठ्यासफूका छापिएका प्रति बिक्रीको लागि पाइनुभन्दा पनि धेरैअगाडि त्यो ठ्यासफू खोतल्ने र सार्ने मौका मलाई मिलेको थियो।

ठ्यासफू एदेखि एच्सम्मका अत्यन्त कम हिस्साबाट अरूहरूले आआफ्ना लेखमा काम लिएका छन्, तर यहाँ पहिलोपटक हरेकको पूरा पाठ छापिएको छ र यस कालको विस्तृत इतिहासमा यिनबाट काम लिइएको छ।

---

५३. यी उत्कीर्ण लेख छाप्दा तिनको शिरमा सङ्ख्या दिँदा डिल्लीरमण रेग्मीले रोमन अङ्कको प्रयोग गरेका छन्। ८९ सम्म त उनले दिएको अङ्क मिल्छ। त्यसपछि उनले ९० बुझाउन LXL लेखेका छन्। L को मतलब ५० र ४० बुझाउन ५० मा १० घटाई XL लेख्ने चलन भएकोले LXL लेखी उनले ५० + ४० = ९० बुझाएका छन् र यसपछिका ९१ देखि ९७ सम्मका अङ्क बुझाउन LXL को पछाडि क्रमशः १ देखि ७ सम्मका अङ्क थप्दै गएका छन्। रोमनमा ९० बुझाउन १०० अर्थात् C मा १० अर्थात् X घटाई XC लेख्ने चलन छ। रोमन पद्धतिबाट अङ्क लेख्न त्यति हात नबसेकोले यस्तो गल्ती भएको देखिन्छ।

५४. पहिलो पटक छापिएका भनी आफ्नो *मेड्इईभ्ल् नेपाल्*को तेस्रो भागमा डिल्लीरमण रेग्मी (२०२३क)ले गाभेका उत्कीर्ण लेखमध्ये अरूहरूले चर्चासम्म पनि नगरेका, *अभिलेख-संग्रह*मा पहिलो पटक छापिएका, ११ वटा उत्कीर्ण लेखको सूची दिई, *अभिलेख-संग्रह*मा पहिलोपटक प्रकाशित भए पनि अरूहरूले अत्यल्प अंश प्रकाश गरिसकेका उत्कीर्ण लेखको भने चर्चै नगरी त्यस सूचीपछि इत्यादि लेखी काम चलाएका थियौं (*हाम्रो वक्तव्य* २०२३:१०८-१०९)।

५५. *मेड्इईभ्ल् नेपाल्*को दोस्रो भाग (डिल्लीरमण रेग्मी २०२३)सँग सम्वद्ध उत्कीर्ण लेखहरूको सङ्ख्या १६४ भनी यहाँ भने पनि चौथो भागमा छापिएका उत्कीर्ण लेखहरू गन्दा जम्माजम्मी १८८ वटा हुन्छन्।

५६. हामीले कुनै पूरै र कुनै अंशतः गरी पहिल्यै छपाइसकेका ९१ वटा उत्कीर्ण लेख *मेड्इईभ्ल् नेपाल*को चौथो भाग (डिल्लीरमण रेग्मी २०२३ ख)मा हाम्रो नामोल्लेख नगरी छापिएका छन् (*हाम्रो वक्तव्य* २०२४:९३-९८ पनि हेर्नू)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आफूलाई लागेको चोरदोषमा सफाइ लिने अभिप्रायले डिल्लीरमण रेग्मीले माथि उद्धृत अंश लेखेका हुन् भनी भनिरहनु नपर्ला । उनका मुख्य दलीलमध्ये एउटा, मेरो पुस्तक छापिन गइरहेको वेलामा केही उत्कीर्ण लेख अरूहरूले छपाए पनि तिनको सङ्ख्या धेरै छैन भन्ने छ त अर्कोचाहिँ ठचासफू डी प्रकाशित हुनुभन्दा धेरै धेरैअगाडि मैले त्यो हेर्ने र सार्ने काम गरिसकेको थिएँ भन्ने छ ।

माथि भरखरै जसो हामीले लेखे जस्तै, वि.सं. २०२० कार्तिकसम्म पनि डिल्लीरमण रेग्मीको *मेड्इईभल् नेपाल्*का दोस्रो र तेस्रो भाग पूरै तयार भइसकेका थिएनन् । उनले ती उत्कीर्ण लेख अरूहरूले पढेर छाप्नुभन्दा अघिबाटै पढेको भए कमसेकम वि.सं. २०२० कार्तिकसम्म त्यही *मेड्इईभल् नेपाल्*मा चलिरहेका उनलाई यसै बीचमा फलाना फलाना उत्कीर्ण लेख अरूहरूले छपाए भनी भन्न किन सङ्कोच भयो । त्यसमाथि, यही चौथो भागमा हाम्रो *अभिलेख-संग्रह*बाट सारी उत्कीर्ण लेख छपाउँदा त्यहाँ कहीं कहीं हाम्रा पुस्तकको नामोल्लेख गरी छपाएकोमा पनि त्यो केरी त्यहाँ कागत टाँस्न उनलाई किन पर्‍यो ।[५७]

वीरपुस्तकालयले वि.सं. २०१९ माघ २३ गते किनी त्यहीँबाट वि.सं. २०२० कार्तिक १० गते प्रकाशित ठचासफू डी छापिनुभन्दा धेरै धेरैअगाडि आफूले हेरेको र सारेको दावी गर्ने डिल्लीरमण रेग्मीले आफ्नो *मेड्इईभल् नेपाल्*को दोस्रो भागमा **दीज् शीट्स् वेर् सोल्ड् टु द लाइब्ररि अ यर् अगो** अर्थात् **यी ताउ कागत त्यस पुस्तकालयलाई वर्ष दिनअगाडि बेचिएका थिए** भनी लेख्ने प्रसङ्गमा वीरपुस्तकालयमा यी ताउ कागत आउनुभन्दा पहिल्यै मैले हेरिसकेको थिएँ भनी भन्न उनले किन सकेनन् ।

हामीले पहिलो पटक छपाएका अभिलेखलाई **अप्रकाशित** भनी उनले छपाएकोमा मात्र हाम्रो विरोध थिएन; वि.सं. २००८ मा प्रकाशित उनको *एन्शन्ट् यान्ड् मेड्इईभल् नेपाल्*मा भएका प्रशस्त गल्तीको संशोधन *इतिहास-संशोधन*हरूमा प्रकाशित हाम्रा खोजीबाट भएकाले वि.सं. २०२३ मा प्रकाशित *मेड्इईभल् नेपाल्*मा ती गल्ती मात्र सच्चिएका छैनन्,[५८] उनको त्यस पुस्तकको परिवर्धित रूपको कायकल्प पनि भएको छ ।[५९] तर कहीं पनि *इतिहास-संशोधन*हरूको नाउँ नलिई आफ्नै खोजी जस्तो गरी लेखेकोमा पनि हामीले विरोध गरेका थियौं । यस विषयमा उनले एक शब्द पनि बोल्ने आँट गरेका छैनन् ।

आफ्नो आलोचनाबाट आजित भएर डिल्लीरमण रेग्मीले लेखेका यी वाक्यबाट उनले सफाइ पाउने त कता कता उनी झन् जेलिएका छन् भनी भन्दा बढ्ता बोलेको ठहरोइन ।

---

५७. डिल्लीरमण रेग्मी २०२३ ख:२७ मा १९ सङ्ख्याको उत्कीर्ण लेख सिद्धिइसकेपछिको, उही:३७ मा २६ सङ्ख्याको उत्कीर्ण लेख सिद्धिइसकेपछिको, उही:८४ मा ४९ सङ्ख्याको उत्कीर्ण लेख सिद्धिइसकेपछिको टिप्पणी ।

५८. *हाम्रो वक्तव्य* २०२३:१०१-१०५ ।

५९. उदाहरणको लागि उही:११०-११४ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सात

*मेड्इइभ्ल् नेपाल*को यस चौथो भागमा १८८ वटा उत्कीर्ण लेख छापिएका छन्। तीमध्ये कुनै पूरा र कुनै अंशतः गरी ९१ वटा हामीले पहिले पत्ता लाई प्रकाश गरिसकेका हुन्।[६०] तर ती उत्कीर्ण लेख फेरि छपाउँदा उनले टिप्पणी वा अन्त कतै त्यसको उल्लेख गरेका छैनन्। यसरी हामीले परिश्रमपूर्वक खोजी पत्ता लाई प्रकाश गरिसकेका कैयौँ उत्कीर्ण लेख अप्रकाशित भन्दै तिनको खोजी गरेको श्रेय डिल्लीरमण रेग्मी आफैँले लिएका छन्। यसको विरोधमा वि.सं. २०२४।४।६।६ मा त्रिभुवनविश्वविद्यालयको इतिहास संघ[६१]द्वारा आयोजित प्रवचनसभामा संशोधन-मण्डलको तर्फबाट धनवज्र वज्राचार्यले वक्तव्य वाँचे र त्यही महीनामा *पूर्णिमा*मा त्यो वक्तव्य प्रकाशित पनि भयो।[६२]

वि.सं. २०२४-२०२५ मा डिल्लीरमण रेग्मीको *मेड्इइभ्ल् नेपाल्*मा परेका केही अशुद्धिको संशोधन गरी ५ वटा *इतिहास-संशोधन*पत्र निकालिए।[६३]

आठ

डिल्लीरमण रेग्मीले यसरी चोरचार गरी लेखेको, २६०० पृष्ठ ओगटेको[६४] *मेड्इईभ्ल् नेपाल्*वाट पनि उनले आफूले इच्छा गरे जस्तो प्रतिष्ठा कमाउन सकेनन् भन्ने कुरा तलका उद्धरणवाट पनि छर्लङ्गिन्छ। धूस्वां सायमि (२०२४)को भाषामा लूछ्याह्वो पेतेक –

> **मैले प्रो. पेटेकलाई डा. रेग्मीका ग्रन्थहरू विषयमा सोधेथें। रेग्मीका कृतिहरूबाट उहाँ कुन्नी के कारणले संतुष्ठ देखिनु भएन। उहाँले यसै संदर्भमा इतिहास संशोधन मण्डलको चर्चा गर्नुभयो। इतिहास संशोधनको कार्य प्रति उहाँले ठूलो चाख लिनु भएको रहेछ। सकेसम्म संशोधन मण्डलबाट प्रकाशित 'पूर्णिमा' र अरू साहित्यहरू उहाँ पढ्नु हुन्छ। उहाँको ग्रन्थ 'मेडिएसम्म[६५]**

---

६०. माथि ५६ सङ्ख्याको टिप्पणी हेर्नू।

६१. विशेष्यको अगाडि राखिएको नामले पनि अङ्ग्रेजीमा विशेषणको काम गरेको देखेका, हाम्रा भाषाको परम्पराको भने मेसो नपाएकाले **इतिहास संघ** जस्ता शब्द चलाए पनि शुद्ध **ऐतिहासिकसंघ** हो।

६२. *हाम्रो वक्तव्य* २०२४।

६३. संशोधन-मण्डल २०२४ क, २०२४ ख, २०२५, २०२५ क र २०२५ ख।

६४. डिल्लीरमण रेग्मीले *मेड्इईभ्ल् नेपाल्*का ४ ठेलीको पृष्ठसङ्ख्या ३००० भनी बोलेका छन् (माथि २४२ पृष्ठ हेर्नू)। पीटर वर्लि(२०३३:२७ मा २९ सङ्ख्याको टिप्पणी)ले यी ४ ठेलीमध्ये पहिलोको ७६१, दोस्रोको १०७६, तेस्रोको १५६ र चौथोको ३५९ पृष्ठसङ्ख्या छ भनी लेखेका छन्। यी पृष्ठसङ्ख्या जोड्दा ७६१+१०७६+१५६+३५९=२३५२ हुन्छ। तेस्रो ठेलीमा पहिलो खण्डको १६३ र दोस्रो खण्डको १५६ पृष्ठसङ्ख्या छ। त्यस भागमा २ थरी पृष्ठसङ्ख्या छ भन्ने कुरा खयाल नराखी पीटर वर्लिले पहिलो खण्डको पृष्ठसङ्ख्या छुटाएकाले २३५२ मा अर्को १६३ जोड्नुपर्छ र जम्मा पृष्ठसङ्ख्या २५१५ हुन्छ। मुखपृष्ठदेखि अन्त्यसम्मको कुनै पृष्ठ नछोडी पृष्ठसङ्ख्या जोड्दा चारै ठेलीको जम्माजम्मी पृष्ठसङ्ख्या २६२१ हुन्छ।

६५. **मेडिएभल** हुनुपर्ने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाल' माथिको मण्डलको आलोचनालाई उहाँले स्वागत गर्नु भएको छ र उहाँले भन्नुभयो ग्रन्थको आगामी संस्करणमा आफ्नो भूल सच्याउने राय प्रकट गर्नुभयो । यसै संदर्भमा उहाँले भन्नु-भयो – आज नेपालीका इतिहास प्रेमी मात्रले इतिहास संशोधन मण्डलले जस्तै इतिहासका सामग्रीहरू जुटाउनको निम्ति कार्य गर्नुपरेकोछ र नेपाललाई इतिहास र संस्कृतको विषयमा कार्य गर्नको निमित्त विदेशमा आउनु होइन, देशमा काम गर्नु परेको छ ।[६६]

पीटर बर्‌लि (२०३३:२७) –

स्पेश्अल् अटेन्शन् मस्ट् बी पेड् टु द न्यूलि पब्लिश्ड् फोर् भ़ल्युम् वर्क् बाइ द नेपाली स्कल्अर्, डिल्ली रमण रेग्मी । द वर्क् इज़् इन्टाइट्ल्ड् *मेड्इईभ़ल् नेपाल्*। रेग्मी'ज़् अर्लिअर् वर्क् इन् द पीर्इअड्, अकर्ईइङ् टु पेतेक्, वज़् "अ डिस्अपइन्ट्इङ् वर्क् इन् स्पाइट् अफ् द म्यागनिफ्इसन्ट् अप्अर्टच्यूनइटिज़् ओप्न् टु इट्स् अथर" । द न्यूअर् वर्क्, याट् लीस्ट् दि एक्स्ट्एन्ड्इड् च्याप्टर डीलइङ् विद् द किङ्डम् अफ् पाटन्, इज़् मच् बेट्अर्, अल्दो स्टिल् डिस्अपइन्ट्इङ् । रेग्मी ह्याज़् यूज़्ड् मेनइ अफ् दि अभ़ेल्एबल् सोर्सइज़्, यान्ड् ही ह्याज़् डन् फ्यूचर् रिसर्च्अर्ज़् अ ग्रेट् सरभिस् बाइ प्रिन्ट्इङ्, इन् द थर्ड् यान्ड् फोर्थ् भ़ल्युम्ज़्, द टेक्स्ट्स् अफ् स्टोन् यान्ड् कप्अर् इन्स्क्रिप्शन्ज़् यान्ड् दोज़् अफ् फोर् इम्पर्ट्यान्ट् *थ्यासफुज़्* (नेवारी जिनेर्इक् टर्म् फर् फोल्ड्इड् बुक्[६७] । इन् अल् क्यान्डर्, हाउएभ़अर्, टू मेजर् क्रिट्इसिज्म्ज़् मस्ट् बी लेभ़ल्ड् अगेन्स्ट् डक्टर रेग्मी । फर्स्ट्, हिज़् अर्गन्आइज़ेशन् अफ् द मटीर्इअल् लीभ़्ज़् मच् अफ् टु बी डिज़ाइर्ड् । फर् एग्ज़ाम्प्ल्, इन् स्टड्इज् अफ् रेग्नल् क्रोनल्अजिज्, द डेट शुड् बी प्रेज़न्ट्इड्, इन् क्रोनल्अज्इक्ल् अर्डर; ही अफ्न् फेल्ज़् टु डू सो । सेक्अन्ड्, हिज़् कमान्ड् अफ् रिट्न् इङ्गलिश् इज़् नट् याड्इक्विट् । इट् इज़् देर्फोर् अफ्न् डिफ्इकल्ट् टु अन्डर्स्टयान्ड् ह्वट् पइन्ट् इज़् बीइङ् मेड् ।[६८]

अर्थात्

नेपाली विद्वान् डिल्लीरमण रेग्मीले लेख्नुभएको, हालै ४ ठेलीमा छापिएको पुस्तकको विषयमा विशेष दृष्टि दिनुपर्छ । यस पुस्तकको नाउँ *मेड्इईभ़ल् नेपाल्* हो । त्यस कालमा रेग्मीको अघिल्लो किताब पेतेकअनुसार यसका कर्ताले राम्रो मौका पाउँदा पाउँदै पनि हिस्स्याउने खालको पुस्तक थियो । नयाँ पुस्तक — कमसेकम पाटन राज्यको विषयमा बढाएर लेखिएको अध्याय — बढी नै राम्रो छ तापनि अझै हिस्स्याउने खालको छ । पाइने आकरमध्ये रेग्मीले धेरैबाट काम लिनुभएको छ र उहाँले तेस्रो

६६. यो अंश महेशराज पन्त र दिनेशराज पन्त २०३६:१४३ मा पनि उद्धृत छ ।

६७. बुक्) हुनुपर्ने ।

६८. महेशराज पन्त र दिनेशराज पन्त २०३६:१४३ मा छापिएको देवनागरीमा उतारमा आवश्यक हेरफेर गरी तयार गरेको ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

र चौथो ठेलीमा शिलापत्र र ताम्रपत्रका पाठ र चारवटा मुख्य ठ्यासफू ([पत्र] पटचाएको जुनसुकै पुस्तकलाई पनि लाग्ने नेवारी शब्द)का पाठ छापेर पछिका अन्वेषकहरूको ठूलो सेवा गर्नुभएको छ। तैपनि पूरै खरो र इमानदार भई भन्दा डा. रेग्मीको विरोधमा दुइवटा ठूलठूला आलोचना गर्नुपर्छ। पहिलो, सामग्रीको उनले गरेको विन्यासमा सन्तोष मान्न सकिन्न। उदाहरणको लागि, राजाहरूको राज्यभोगवर्षका परिशीलनमा मिति कालक्रमअनुसार दिनुपर्थ्यो, यसो गर्न उहाँले अक्सर सक्नुभएको छैन। दोस्रो, अङ्ग्रेजीको लेखाइमा उहाँको अधिकार मनग्य छैन। यस कारण के भन्न खोजेको हो भनी बुझ्न अक्सर गाह्रो पर्छ।[६९]

लूछ्याह्लो पेतेक (२०४०:३) –

द मोस्ट् याम्बिशअस् वर्क् आफ्टर् १९५८ वज़् डी.आर्. रेग्मी'ज़् *मेड्इईभ्ल् नेपाल्,* ४ भ्ल्ज़्, पट्ना यान्ड् क्याल्कटा १९६५-१९६६। इट् इज़् अ रादर् प्रोलिक्स् यान्ड् रिपेटइटिभ् पीस् अफ् हिस्टरिओग्रफि, ह्विच्, हाउएभ्अर्, ह्याज़् टु इट्स् क्रेड्इट् द कलेक्शन् अफ् अ कन्सिड्अर्एब्ल् बड्इ अफ् फ्रेश् मटीरइअल्ज़्, सच् याज़् इनस्क्रिप्शन्ज़् यान्ड् कल्अफन्ज़्।

अर्थात्

वि.सं. २०१५ पछिको, यशस्कामतम पुस्तक पटना र कलकत्ताबाट वि.सं. २०२२-२०२३ मा ४ ठेलीमा छापिएको, डिल्लीरमण रेग्मीको *मेड्इईभ्ल् नेपाल्* हो। ठीकसँग भनूँ भने चाहिनेभन्दा धेरै नै बढी शब्दले गर्दा पढ्दा झर्को लाग्ने र वारंवार कुरा दोहोरिएको इतिहासलेखाइ यो हो। तैपनि यसको गुणपक्ष उत्कीर्ण लेख र पुष्पिका जस्ता, थुप्रा ताजा सामग्रीको सङ्ग्रह यसमा हुनु हो।

कमलप्रकाश मल्ल (२०४२:१२२-१२३) –

हीर् मेन्शन् मस्ट् बी मेड् अफ् डी.आर्. रेग्मी'ज़् मेड्इईभ्ल् नेपाल् ४ भ्ल्ज़् (क्याल्कटा यान्ड् पट्ना, १९६५-१९६६)– द मोस्ट् प्रोलिफ्इक् यान्ड् याम्बिशअस् पीस् अफ् राइटइङ् बाइ अ नेपाली स्कल्अर्। इन् दिस् वर्क् देर् इज़् अ बिविल्डरइङ् करपस् अफ् एक्सट्रीमलि यूस्फुल् फ्रेश् मटीरइअल्ज़् पब्लिश्ड् फर् द फर्स्ट् टाइम्। अन्फरट्चुनेट्लि, हाउएभ्अर्, दे आर् पूर्लि एड्इटइड् यान्ड् अन्क्रिट्इक्अललि प्रेज़न्टइड्। पेतेक् (१९८४:३) फल्ट्स् रेग्मी (१९६५-१९६६) याज़् "अ रादर् प्रोलिक्स् यान्ड् रिपेटइटिभ् पीस् अफ् हिस्टरिओग्रफि"। द लूस्नेश् अफ् स्ट्रक्चर्, द कन्टेन्शस् टोन्, यान्ड् द भ्रबसइटि अफ् स्टाइल् आर् नट् द डिजीज़्: दे आर् मीर्लि द सिम्प्टम्ज़् अफ् अ बेसिक् इन्टिलेक्टचुअल् लक्यून इन् द हिस्ट्रइअन्। बिगिन्इङ् फ्रम् हिज़् अर्लिएस्ट् पब्लिश्ड् पेपर्ज़् (१९४२) टु हिज़् लेट्एस्ट् इनस्क्रिप्शन्ज़् अफ् एनशन्ट् नेपाल् ३

६९. महेशराज पन्त र दिनेशराज पन्त २०३६:१४४ मा छापिएको नेपाली उल्थामा आवश्यक हेरफेर गरी तयार गरेको।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भल्ज् (दिल्ली:१९८३) रेग्मी'ज् फन्डमेन्टल् ह्यान्डिक्याप्, याज् अ प्याक्टिसइङ् हिस्टरइअन्, ह्याज् बीन् दि याब्सेन्स् अफ् अ कन्सेप्टचुअल् फ्रेम्वर्क्, विद्आउट् ह्विच् वन् क्यान्'ट् कोप् विद् द डेट अर् मेक् एनइ कोहीर्एन्ट् सेन्स् आउट् अफ् द मास् अफ् अक्यूम्युलेट्इड् मटीर्इअल्ज् ।

अर्थात्

एक जना नेपाली विद्वान्ले लेखेको विपुलतम र यशस्कामतम ग्रन्थ अर्थात् कलकत्ता र पटनाबाट वि.सं. २०२२-२०२३ मा ४ ठेलीमा छापिएको, डिल्लीरमण रेग्मीको *मेड्इईभल् नेपाल्*को चर्चा यहाँ गर्नुपर्छ। पहिलोपटक छापिएका, अत्यन्त उपयोगी, ताजा, सामग्रीहरूको चकित पारिदिने सङ्ग्रह यस पुस्तकमा छ। तैपनि दुर्भाग्यवश तिनको सम्पादन अधूरो ढङ्गले भएको छ र गुणदोषको विवेचना नगरीकनै ती प्रस्तुत छन्। ठीकसँग भनूँ भने चाहिनेभन्दा धेरै नै बढी शब्दले गर्दा पढ्दा झर्को लाग्ने र वारंवार कुरा दोहोरिएको इतिहासलेखाइ भनी पेतेक (२०४०:३)ले रेग्मीको ग्रन्थ (२०२२-२०२३)मा खोट लाएका छन्। बनोटको फितलोपन, विवादी स्वर र वाग्रीतिको बहुशब्दत्व रोग होइनन् – ती त खालि ती ऐतिहासिकमा रहेको बुद्धिविषयक आधारभूत रिक्तिका लक्षण हुन्। सबभन्दा पहिले छापिएका, वि.सं. १९९८ का, उनका लेखदेखि सबभन्दा पछिल्लो, वि.सं. २०४० मा दिल्लीबाट छापिएको, उनको ३ ठेलीको *इन्स्क्रिप्शन्ज् अफ् एन्शन्ट् नेपाल्*सम्म रेग्मीको, काम गरिरहेका ऐतिहासिकको रूपमा मूल अडचन मनोगत बान्कीको अभाव भएर आएको छ। त्यो नहुँदा कोही पनि तथ्यसँग भिड्न वा जम्मा गरिएका सामग्रीहरूको रासबाट संश्लिष्ट भाव निकाल्न सक्दैन।

नौ

आफ्नो *मेड्इईभल् नेपाल्*को परीक्षा गरी जूजेप्पे तुच्चीले छपाएको लेखको तृतीयांशभन्दा धेरै अंशको उद्धरण डिल्लीरमण रेग्मी (२०३८:१०)ले सगर्व यसरी गरेका छन्-

आइ याड् प्रोफेसअर् तुच्ची'ज् कम्एन्ट् ह्विच् ही पब्लिश्ड् इन् इसमेओ'ज् ईस्ट् यान्ड् वेस्ट् भल्. १९ नोज्. १-२। 'डक्टर् रेग्मी आफ्टर् हिज् फर्स्ट् इन्टरइस्ट् इन् पल्इटिक्स् टर्न्ड् टु अ सेफ्अर् याक्टिभ्इटि[७०] ह्वाट् अफ् राइट्इङ् द हिस्टरि अफ् हिज् कन्ट्रि[७१] ह्विच् इज् नो लेस्अर् सर्भ्इस् रेन्डर्ड् बाइ हिम् टु नेपाल् ....[७२] इट् इज् अ भेर्इ डीटेल्ड् सर्भे अफ् द भेर्इअस् ईभेन्ट्स् ह्विच् अकर्ड् इन् नेपाल् इन् द कोर्स् अफ् अबाउट् १०००[७३] यर्ज्, द फर्स्ट् अटेम्प्ट् टु राइट्

७०. मूलमा याक्टिभ्इटि, छ।

७१. मूलमा कन्ट्रि, छ।

७२. चलनचल्तीमा भएको अन्वेषणपद्धतिको अनुसरण गर्ने हो भने छोडेको अंश जनाउन यस्ता ३ थोप्ला ... दिए पुग्छ। डिल्लीरमण रेग्मी भने कहीं १८, कहीं ९ र कहीं १५ थोप्ला दिन्छन्। उनको लेख जस्ताकोतस्तो उतारेकोले मैले यहाँ भीँगाटँसाइ गरेको छु।

७३. मूलमा वन् थाउजन्ड् छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अ सिनप्सिस् अफ् द हिस्टर्इक्ल् डिभेलअपमन्ट्स् ह्विच् टुक् प्लेस् इन् द्यँट् कन्ट्रि[७४] इन्क्लूड्इङ् इट्स् ग्राड्युअल् कन्टचाक्ट्स् विद् दि अद्अर् पार्ट्स् अफ् द वर्ल्ड् । देर् आर् पर्हचाप्स् सम् पइन्ट्स् अफ् क्रोनलअजि ह्विच् डिजर्भ्ड् टु बी मोर् डीप्लि इन्भेस्टिगेट्इड्[७५] बट् द बुक् हयाज् द याड्भान्टिज् अफ् याड्इङ् टु द सीक्वन्स् अफ् हिस्टर्इक्ल् ईभेन्ट्स् सम् यूसफुल् च्याप्टर्ज् अन् द कल्चरल्, सोशल्[७६] यान्ड् इकनम्इक् सिटचुएशन् अफ् द कन्ट्रि[७७] .... डक्टर् रेग्मी हयाड्[७८] अकम्प्लिश्ड् गुड् स्पेड् वर्क्[७९] ह्विच् इज् बाउन्ड् टु फ्यासिलइटेट् फ्यूचर् स्कलअरलि रिसर्च्,[८०] ही हयाज् लेड् द फाउन्डेशन् अफ् अ हिस्टरि अफ् नेपाल् ह्विच् मीट्स् द रिक्वाइर्मन्ट्स् अफ् मड्अर्न् रिसर्च् मेथ्अड्ज् । अ वर्क् याज् द वन् अन्डर् रिभ्यू क्यान्नट् बी जज्ड् बाइ इन्सिस्ट्इङ् अन् सम् डिटेल्ज् ह्विच् फर्दर् इन्भेस्टिगेशन् माइट् करेक्ट्[८१] बट् शुड् बी भ्यूड् याज् द फर्स्ट् हयान्ड् कन्ट्रिब्युशन् टु द हिस्टरि ह्विच् इज् लिट्ल् नोन् सो फार् ।[८२] आइ होप् द्याट् डक्टर् रेग्मी विल् कन्टिन्यू इन् हिज् रिसर्च् वर्क् यान्ड् एक्स्टेन्ड् हिज् इन्भेस्टिगेशन् टु अद्अर् पार्ट्स् यान्ड् हिस्टरइक्ल् पीरइअड्ज् अफ् हिज् कन्ट्रि .... नो बड्इ इज् बेट्अर् क्वलइफाइड् फर् दिस् रिसर्च् द्यान् डक्टर् रेग्मी, इट् इज् टु बी होप्ड् द्याट् दि आर्कीअलज्इक्ल् डिपार्ट्मन्ट् यान्ड् द मिन्इस्ट्रि अफ् एड्युकेशन् विल् हेल्प् हिम् टु स्टार्ट् इन्भेस्टिगेशन् अन् साइअन्टिफ्इक् बेसिस् याज् ही हयाज् डन् इन् द प्रेज़न्ट् केस् ।'

अर्थात्

प्रोफेसर तुच्चीले इसमेओ[८३]को *ईस्ट् यान्ड् वेस्ट्* १९ ठेली १-२ अङ्कमा छपाउनुभएको [मेरो *मेड्इईभ्ल् नेपाल्*सम्बन्धी] टिप्पणी म [यहाँ] खाप्छु –

---

७४. मूलमा कन्ट्रि, छ ।

७५. मूलमा इन्भेस्टिगेट्इड्, छ ।

७६. मूलमा सोशल्, छ ।

७७. डिल्लीरमण रेग्मी २०३८ मा प्रूफको गल्तीले conhtry छापिएको छ ।

७८. मूलमा हयाज् छ ।

७९. मूलमा स्पेड्वर्क्, छ ।

८०. मूलमा रिसर्च्; छ ।

८१. मूलमा करेक्ट्, छ ।

८२. मूलमा बट् शुड् बी भ्यूड् याज् अ फर्स्ट्-हयान्ड् कन्ट्रिब्युशन् टु द हिस्टरि — लिट्ल्-नोन् सो फार् इन् इट्स् पर्टिक्युलर् इभेन्टस् — अफ् अ कन्ट्रि ह्विच् हयाज् ओन्लि रीसन्ट्लि यान्ड् सक्सेस्फुल्लि एन्टर्ड् दि इन्टर्न्याशअन्अल् सीन् । छ ।

८३. ईसतीतूतो ईताह्ल्याह्लो पेर ईल मेद्यो एद एस्त्रेमो ओर्येन्ते (मध्य र दविष्ठ पूर्वको लागि इटालियन संस्था)को संक्षिप्त रूप ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

> **राजनीतिमा आफ्नो पहिलो चाखपछि डा. रेग्मी भयातीततर काम अर्थात् आफ्नो देशको इतिहास-लेखाइपट्टि फर्कनुभयो, जुन उहाँले नेपाललाई गर्नुभएको त्यसभन्दा सानो काम होइन। [...] एक हजार वर्ष जतिको समयमा नेपालमा घटेका नाना थरी घटनाहरूको अतिविस्तृत निरूपण, संसारका अरू भागसँग यसका क्रमिक सम्पर्कलगायत त्यस देशमा भएका ऐतिहासिक विकासहरूको तेरीज खिँच्ने पहिलो कोशिश यो हो। कालमानसम्बन्धी केही बुँदाको विषयमा बढी गहिरिएर खोजतलाश गर्नुपर्छ कि; इतिहाससम्बन्धी घटनाहरूको सिलसिला, त्यस देशको रहनसहनसम्बन्धी, लौकिक र अर्थसम्बन्धी अवस्थाको विषयमा उपयोगी अध्याय यहाँ खापिनु यस पुस्तकको गुण हो। [...] उठानमा गरिने कडा काम डा. रेग्मीले राम्रोसँग टुङ्ग्याउनुभएको छ, जसले गर्दा पछि गरिने, पाण्डित्यद्योती अन्वेषणलाई सजिलो पर्छ। उहाँले आजभोलि चलेको अन्वेषणको रीतिसम्बन्धी जरूरत पूरा गर्ने गरी नेपालको इतिहासको जग हाल्नुभएको छ। अहिले परीक्षा गरिइरहेको जस्तो पुस्तकको विषयमा निर्णय दिन बढी खोजीले काटिन सक्ने, केही विवरणमा जोड दिएर सकिँदैन, तर अहिलेसम्म अलिकति मात्र थाहा भएको इतिहासमा सीधा देन भनी यसको समीक्षा गर्नुपर्छ। डा. रेग्मीले अन्वेषणको आफ्नो काम कायम राख्नुहुनेछ र आफ्नो खोजी आफ्नो देशका अरू भाग र ऐतिहासिक कालमा फैलाउनुहुनेछ भन्ने म आशा गर्छु। [...] डा. रेग्मीभन्दा यस अन्वेषणको लागि बढी राम्रो ल्याकत भएको मान्छे अर्को छैन, उहाँले अहिले गर्नुभए जस्तै शास्त्रानुरोधी आधारमा अन्वेषण थाल्न उहाँलाई पुरातत्त्वविभाग र शिक्षामन्त्रालयले मदत गर्लान् भन्ने आशा गरिन्छ।**

डिल्लीरमण रेग्मीको *मेड्इईभ़ल् नेपाल्*बाट लूछ्याह्वो पेतेक सन्तुष्ट नभएको देख्ता उही सम्प्रदायका जूजेप्पे तुच्चीले *मेड्इईभ़ल् नेपाल्*को विषयमा लेखेको लेखमा कतै डिल्लीरमण रेग्मीले उद्धरण गरेको अंशमा यस्ता ... चिह्न दिएकोभित्र त्यस पुस्तकको विषयमा नराम्रो कुरा त परेको छैन भन्ने विषय स्पष्ट हुन सबभन्दा पहिले डिल्लीरमण रेग्मीले छोडेको अंश जति जूजेप्पे तुच्चीको लेखबाट उद्धरण गर्नुपरेको छ। जूजेप्पे तुच्चीको लेखको डिल्लीरमण रेग्मीले छोडेको पहिलो अंश यस प्रकारको छ –

> **द हिस्टरि अफ् नेपाल्, इन् फ्याक्ट्, स्टिल् प्रेज़न्ट्स् मेनइ अब्स्क्यूर् पइन्ट्स्, दो ड्यूरङ् द लास्ट् यर्ज़् डीपअर् अटेन्शन् ह्याज़् बीन् ब्रट् टु दि इन्भ़ेस्टिगेशन् अफ् द हिस्टरइक्ल् डक्युमन्ट्स् स्टिल् अभ़ेल्एब्ल् द्याट् आर् टु बी फाउन्ड् इन् ग्रेट् नम्बर् अल् ओभ़र् द कन्ट्रि। ह्वेन् दि अथर् स्पीक्स् अफ् द हिस्टरि अफ् नेपाल्, ही मीन्ज़् चीफ्लि द हिस्टरि अफ् द भ्यालइ, बिकज़् मेनइ फ्यू डक्युमन्ट्स् आर् अभ़ेल्एब्ल् कन्सर्नइङ् इट्स् अद्अर् पार्ट्स्। द बुक् अपीर्ज़् आफ्टर् द वर्क् अफ् प्रोफ्. पेतेक् अन् मेड्इईभ़ल् नेपाल्, यान्ड् इफ् इट् मे बी अलाउड् टु स्पीक् अफ् अ वर्क् अफ् माइन्, द प्रिलिमइनरि रिपर्ट् अन् माइ साइअन्टिफ्इक् एक्स्प्लोरेशन् अफ् वेस्टर्न् टिबेट्।**[८४]

---

८४. जूजेप्पे तुच्ची [illegible]।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्थात्

मुलुकभर अझै प्रशस्त पाइने, इतिहाससम्बन्धी अभिलेखहरूको खोजीमा गएका वर्षमा अझ गहिरो दृष्टि दिए पनि नेपालको इतिहासमा अस्पष्ट बुँदा वस्तुतः अझै धेरै छन् । यस [मुलुक]का अरू भागसम्बन्धी अभिलेख धेरै कम पाइएकाले यस ग्रन्थका कर्ताले नेपालको इतिहास भनेकोको अर्थ मुख्यतया नेपालखाल्डोको इतिहास हुन्छ । मध्यकालिक नेपालसम्बन्धी प्रोफेसर पेतेकको किताब र मेरो आफ्नो किताबबारे बोल्न इजाजत दिने हो भने पश्चिम भोटको, शास्त्रानुरोधी, मेरो अन्वेषणको विषयमा उठानको जाहेरी[८५] पछि यो पुस्तक देखा पर्छ ।

जूजेप्पे तुच्चीको लेखको डिल्लीरमण रेग्मीले छोडेको दोस्रो अंश यस प्रकारको छ –

कन्सर्नइङ् दीज़् च्याप्टर्ज़् वन् माइट् हयाभ् परहयाप्स् डिज़ाइई दि अथर् टु एन्टर् इन्टु अ मोर् डीटेल्ड् एक्स्पोज़िशन् । द स्ट्रक्चर् अफ् ससाइइटि, द लिट्अरइचर्, ईभ्न् द रिलिज्अस् सिट्युएशन् कुड् हयाभ् अफोर्डइड् दि अथर् दि अपअरट्यूनइटि टु टेक् याड्भान्टिज् अफ् हिज़् नलइज् अफ् द सब्जिक्ट् यान्ड् अफ् द मटीर्इअल्ज़् टु ह्विच् ही क्यान् हयाभ् याक्सेस् ।

दि इन्टररिलेशन् यान्ड् रिसिप्रकल् रियाक्शन् अफ् बुड्इज़्म् यान्ड् हिन्डूइज़्म्, अन् ईच् अद्अर्, द भेर्इअस् ट्रेन्ड्ज् अफ् बोथ् रिलिजन्ज़्, दि इन्फिल्ट्रेशन् अफ् सम् पिक्यूलिअर् स्कूल्ज़् फ्रम् इन्डिअ, कुड् परहयाप्स् हयाभ् बीन् गिभ्न् अ फुल् ट्रीट्मन्ट् । सिमइलरलि इन् कन्सि-डरेशन् अफ् द सेन्चुरइ-ओल्ड् रिलेशन् बिट्वीन् टिबेट् यान्ड् नेपाल, सम्थिङ् मोर् कुड् हयाभ् बीन् रिट्न् अन् द सब्जिक्ट् । देर् इज़् सम् इनकन्सिस्टन्सि इन् क्वोटेशन्ज़्: ई.जी. ह्वाइल् द वर्क् अफ् लेवि इज़् जेनअरअल्लि क्वोट्इड् अन्डर् द नेम् अफ् दि अथर्, द वर्क् अफ् पेतेक् इज़् यूझुअल्लि रेजइस्टर्ड याज़् *इतालिआनि मिस्सिओनारि* । सम् फरइन् नेम्ज़् आर् मिस्स्पेल्ट्, ई.जी. होरस् दे पेन्ना यान्ड् सो अन्; मेनइ मिस्प्रिन्ट्स् क्यान् बी रिमार्क्ड इन् द ट्रान्स्क्रिप्शन् अफ् स्यान्स्क्रिट् नेम्ज़् । बट् आइ माइसेल्फ् याम् अ पूर् प्रूफ्रीडअर्, सो आइ डू नट् वन्ट् टु इन्सिस्ट् अन् दीज़् माइनर् डीटेल्ज़् ।[८६]

---

८५. जूजेप्पे तुच्चीको सो पुस्तकको पूरा नाम *प्रिलिम्इनरि रिपर्ट् अन् टू साइन्टिफ्इक् एक्सपिडिश्अन्ज् इन् नेपाल्* (जूजेप्पे तुच्ची २०१३) हो । उनले त्यस पुस्तकको चर्चा यहाँ गर्दा शब्दशः त्यसको नाम नलिई **द प्रिलिमइनरि रिपर्ट् अन् माइ साइअन्टिफ्इक् एक्स्प्लोरेशन् अफ् वेस्टर्न् टिबेट्** भनी काम चलाएका छन् तापनि नेपाल्को ठाउँमा **वेस्टर्न् टिबेट्** अर्थात् **पश्चिम भोट** भएकोमा केही टिप्पणी गर्नुपर्छ । **पश्चिम भोटसम्म** राज्य फैलिएका खस-मल्लको विषयमा सो पुस्तक भएकोले उनको कलम चिप्लिएर वा दुरभिसन्धिवश **पश्चिम भोट** लेखिएको हुनुपर्छ ।

८६. जूजेप्पे तुच्ची २०२५-२६:२४९ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्थात्

ग्रन्थकर्ता बढी विस्तृत व्याख्यामा पसेको भए हुन्थ्यो भन्ने इच्छा जो कोहीले यी अध्यायका सम्वन्धमा गर्न सक्ला कि। विषयसम्बन्धी आफ्नो ज्ञान र आफ्नो पहुँच हुन सक्ने सामग्रीको राम्रो र उचित उपयोग गर्ने मौका ग्रन्थकर्तालाई लोकको बनोट, वाङ्मय र धार्मिक अवस्थामा मिल्न सक्थ्यो।

बौद्ध धर्म र हिन्दू धर्मको परस्परको सम्बन्ध र अन्योन्यप्रतिक्रिया; दुवै धर्मका नाना थरीका प्रवृत्ति; भारतबाट आएका, केही, विशिष्ट सम्प्रदायको घुसाइको विषयमा पूरा बयान दिनुपर्थ्यो कि। त्यसै गरी, भोट र नेपालको बीचमा शताब्दीपुरानो सम्बन्धको विषयमा विचार गर्दा त्यस विषयमा केही बढी लेख्न सकिन्थ्यो। उद्धरणमा यहाँ केही असङ्गति छन् – उदाहरणार्थ लेविको पुस्तकको उद्धरण प्रायः ग्रन्थकर्ताको नाउँमा गरिंदा पेतेकको ग्रन्थ अक्सर *इतालिआनि मिस्सिओनारि*[८७] भनी चढाइएको छ। केही, विदेशी नाउँका हिज्जे गलत छन् – उदाहरणको लागि होरस दे पेन्ना आदि, संस्कृत नाउँहरूका उतारमा छपाइका धेरै गल्तीमा टीकाटिप्पणी गर्न सकिन्छ। तर म आफैं राम्रै प्रूफ हेर्न सक्ने मानिस होइन, यसैले यी झीनामसिना विवरणमा जोड दिने मेरो इच्छा छैन।

जूजेप्पे तुच्चीको लेखको डिल्लीरमण रेग्मीले छोडेको तेस्रो वा अन्तिम अंश यस प्रकारको छ –

द थर्ड् पार्ट् कन्टेन्ज् इन्स्क्रिप्शन्ज् (फ्रम् पेज् आइ टु आइआइआइ), फलोओड् बाइ द *गोपाल-राजवंशावली, द थ्यासपु ए टु एच्, नेवारी क्रनिक्ल्, सम् सिलेक्टिड् मन्युमन्ट्स्।*

सम् अफ् द मटीरिअल्ज् सो कलेक्टिड् आर् अन्पब्लिश्ड्: अदर्ज् ह्याभ् बीन् अल्रेडि पब्लिश्ड् ई.जी. सम् अफ् द इन्स्क्रिप्शन्ज् वेर् एडिटिड् बाइ बेन्डल् यान्ड् अदर्ज् लाइक् द *गोपालराजवंशावली* इन् सम् नेपाल् म्यागजीन्ज्। अन्फर्चुनट्लि, इन् दिस् डक्युमन्टरि पार्ट् अकर् मेनि मिस्प्रिन्ट्स्, फार् मोर् न्यूमरस् द्यान् दोज् करेक्टिड् इन् दि *इराट–कोरिगे*।

इट् वुड् बी भेरि यूस्फुल् इफ् इन् अ सेप्रिट् भल्युम् द फोटोज् अफ् द रबिङ्ज् अर् अफ् द इन्स्क्रिप्शन्ज्, यान्ड् द डक्युमन्ट्स् देम्सेल्भ्ज्, वेर् याडिड्। देन् ह्वाइ नट् याड् अ ट्रान्स्लेशन् अफ् दोज् सम्टाइम्ज् डिफिकल्ट् अर् करप्टिड् टेक्स्ट्स् यान्ड् अफ् द डक्युमन्ट्स् इन् नेवारी ल्याङ्ग्विज्इज्। द ट्रान्स्लेशन् वुड् ह्याभ् प्रूभ्ड् मोस्ट् यूस्फुल् टु हिस्टोरिअन्ज् अन्अक्वेन्टिड् विद् स्यान्स्क्रिट् यान्ड् नेवारी।[८८]

---

८७. यस पुस्तकको पूरा नाउँ *ई मिस्सिओनारि इतालिआनि नेल् तिबेत् ए नेल् नेपाल्* हो (महेशराज पन्त २०६४ क:२४८)। जूजेप्पे तुच्चीले सम्झनाको भरमा त्यस ग्रन्थका अघिल्ला २ शब्द दिंदा उल्टोपाल्टो हुन गएको देखिन्छ।

८८. जूजेप्पे तुच्ची २०२५-२६:२४९।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्थात्

तेस्रो भागमा उत्कीर्ण लेखहरू (१ देखि ३ पृष्ठ),[८९] त्यसपछि *गोपालराजवंशावली*, ठ्यासफू एदेखि एच्सम्म, नेवारी इतिवृत्त, केही छनौट अभिलेख[९०] छन् ।

यसरी सङ्ग्रह गरिएका सामग्रीमध्ये केही अप्रकाशित हुन्, अरूहरू अघिबाटै छापिइसकेका हुन् – उदाहरणार्थ उत्कीर्ण लेखहरूमध्ये केही बेन्डलद्वारा र *गोपालराजवंशावली* जस्ता अरूहरू केही नेपाली पत्रिकामा सम्पादित थिए । अभिलेखहरू छापिएको यस भागमा शुद्धिपत्रमा सच्याइएकाभन्दा दुर्भाग्यवश निकै नै धेरै, छपाइका गल्ती छन् ।

अलग्गै भागमा [उत्कीर्ण लेखका] छापाका वा खुद उत्कीर्ण लेखका र अभिलेखहरूका फोटा खापिएका भए धेरै उपयोगी हुन्थ्यो । आकलझुकल अप्ठेरो लाग्ने वा भ्रष्ट पाठका र नेवारी भाषाहरूका अभिलेखहरूका उल्था तब किन नखाप्नु । संस्कृत वा नेवारी नजान्ने ऐतिहासिकहरूको लागि त्यो उल्था अत्युपयोगी साबित हुन्थ्यो ।

जूजेप्पे तुच्चीले आफ्नो नेपालको मध्यकालको इतिहासको विषयमा लेखेको लेखबाट उद्धरण गर्दा डिल्लीरमण रेग्मीले छोडेको पहिलो अंशमा उनको ग्रन्थमा नेपालखाल्डोबाहिरको इतिहास नसमेटिएको कुरातर्फ औँल्याइएको छ । त्यस ग्रन्थमा नपरेका विषय दोस्रो अंशमा अघिबाट देखाई त्यसपछि उनको पुस्तकमा विदेशी वा संस्कृतभाषाका शब्द उतार्दा भएका गल्ती कोट्टयाइएको छ । ल्याटिन वा इटालियन भाषाको शब्द अवतरण गर्दा हुन गएको अशुद्धिलाई **मिसस्पेल्ट् अर्थात् हिज्जे बिग्रेको** र संस्कृतमा भएको गल्तीलाई चाहिँ **मिस्प्रिन्ट्स्** अर्थात् **छपाइको गल्ती** भनी जूजेप्पे तुच्चीले छुट्टयाएका छन् । इटालियन आदि पाश्चात्त्य भाषामा संस्कृतको दाँजोमा नेपालको इतिहासका अत्यल्प आकर पाइने हुनाले आकरको आधारमा नेपालको इतिहास लेख्ने डिल्लीरमण रेग्मीलाई ती पाश्चात्त्य भाषा नआउनु क्षम्य हुने र संस्कृत नै नआउनु अक्षम्य हुने हुनाले प्रभावशाली रेग्मीलाई रुष्ट नपार्ने अभिप्रायले उनको पुस्तकमा पाइने,

---

८९. *मेड्इईभल् नेपाल्*को तेस्रो भागमा *अपेन्डिक्स्* एमा उत्कीर्ण लेख अर्थात् शिलापत्र ताम्रपत्र आदि, *अपेन्डिक्स्* बीमा *गोपालराजवंशावली*, *अपेन्डिक्स्* सीमा *केसरवंशावली*, *अपेन्डिक्स्* आइआइआइमा ठ्यासफूहरू, त्यसपछिको *अपेन्डिक्स्*मा नेवारीमा लेखिएको इतिवृत्त (क्रन्इक्ल्)को एक टुक्रो, त्यसपछिको *अपेन्डिक्स्*मा ताडपत्रमा लेखिएका लिखत छन् । त्यस तेस्रो भागको विषयसूचीअनुसार यी आकरमध्ये *केसरवंशावली*सम्म पहिलो खण्डमा र बाँकी दोस्रो खण्डमा पर्छन् । पहिलो खण्डको र दोस्रो खण्डको पृष्ठसङ्ख्या अलग अलग छ । अघिल्लो ३ पृष्ठसम्म त ४ सङ्ख्याको उत्कीर्ण लेखसम्म मात्र अटाएको छ ।

९०. मूलमा **मनुयुमन्ट्स्** छ । **डक्युमन्ट्स्** हुनुपर्नेमा **मनुयुमन्ट्स्** भए पनि प्रसङ्गानुरोधले उल्थामा **मनुयुमन्ट्स्**को अर्थ नदिई **डक्युमन्ट्स्**को अर्थ दिइएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संस्कृतका गल्तीलाई **छपाइको गल्ती** भन्न विद्वत्त्व र सत्रित्वको तालमेल मिलाएर हिँडेका[९१] जूजेप्पे तुच्ची पुगेका छन्, यसै कारणले आफ्नै गुटका लूछ्याह्रो पेतेकले जस्तो डिल्लीरमण रेग्मीको आलोचना खरो शब्दमा गर्न उनले सकेका छैनन् ।

जूजेप्पे तुच्चीले आफ्नो पुस्तकको परीक्षा गरी लेखेको लेखबाट आफ्नो पुस्तकमा खोट लाएका अंश त डिल्लीरमण रेग्मीले फाले, फाले; परीक्षकले यस्तो

> **नोबड्इ इज् बेट्अर् क्वलइफाइड् फर् दिस् रिसर्च्: इट् इज् टु बी होप्ड् द्याट् दि आर्कीअलज्इक्ल् डिपार्ट्मन्ट् विल् स्टार्ट् इन्भ्रेस्टिगेशन् अन् अ साइअन्टिफ्इक् बेसिस् इन् द मोस्ट् इम्पर्टचान्ट् लोक्याल्इटिज् अफ् नेपाल्, सो द्याट् इट्स् पास्ट् माइट् बी बेट्अर् नोन् ।**[९२]

अर्थात्

> **यस अन्वेषणको लागि बढी ल्याकत भएको मान्छे कोही पनि छैन – यस [देश]को अतीत बढी राम्रोसँग जान्न सकियोस् भनी पुरातत्त्वविभागले शास्त्रानुरोधी आधारमा नेपालका मुख्य मुख्य ठाउँमा खोजी थाल्ला भन्ने आशा गरिन्छ ।**

लेखेको ठाउँमा उनले यस्तो

> **नो बड्इ इज् बेट्अर् क्वलइफाइड् फर् दिस् रिसर्च् द्यान् डक्टर् रेग्मी, इट् इज् टु बी होप्ड् द्याट् दि आर्कीअलज्इक्ल् डिपार्ट्मन्ट् यान्ड् द मिन्इस्ट्रि अफ् एड्युकेशन् विल् हेल्प् हिम् टु स्टार्ट् इन्भ्रेस्टिगेशन् अन् साइअन्टिफ्इक् बेसिस् याज् ही ह्याज् डन् इन् द प्रेज्न्ट् केस् ।**[९३]

अर्थात्

> **डा. रेग्मीभन्दा यस अन्वेषणको लागि बढी ल्याकत भएको मान्छे अर्को छैन, उहाँले अहिले गर्नुभए जस्तै शास्त्रानुरोधी आधारमा अन्वेषण थाल्न उहाँलाई पुरातत्त्वविभाग र शिक्षामन्त्रालयले मदत गर्लान् भन्ने आशा गरिन्छ ।**

वनाई छापेकोबाट उनको बेइमानीको अर्को टड्कारो प्रमाण भेट्टाइएको छ ।

---

९१. उदाहरणको लागि
नयराज पन्त २०२९ क:२४६ ।
एन्रिक गर्जिल्लि २०५७/५८:१२३ ।

९२. जूजेप्पे तुच्ची २०२५-२६:२४९ ।

९३. डिल्लीरमण रेग्मी २०३८:१० ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दश

वि.सं. २०२६ मा डिल्लीरमण रेग्मीको *एन्शन्ट् नेपाल्*को अर्को संस्करण छापियो । *संस्कृत-सन्देश*मा उत्कीर्ण लेख छपाउने काम वाबुराम आचार्य र नरहरिनाथले गरेका हुन्, उनीहरूले छपाएका र १० वर्षयता काठमाडौँबाट छापिएका उत्कीर्ण लेखका पाठ ज्यादै भ्रष्ट छन्, नेपालीहरूले पढेका पाठभन्दा रेन्यरो न्योलिले पढेका पाठ ज्यादै शुद्ध छन्; अरूहरूले छपाएका अशुद्धि मैले अहिले सच्याएको छैन, यस पुस्तकको परिशिष्टमा उत्कीर्ण लेखका पाठ छपाउँदा ती अशुद्धि म सच्याउँछु भनी उनले त्यहाँ लेखेका छन् ।[९४] *संस्कृत-सन्देश*मा पहिलोपटक छापिएका, लिच्छविकालका ९ वटा शिलालेखमध्ये[९५] नरहरिनाथले छपाएको एउटा[९६] छोडेर बाँकी ८ वटामा वाबुराम आचार्य र नयराज पन्तले मिलेर छपाएका ४ वटा[९७] र अब बाँकी ४ वटाचाहिँ नयराज पन्तका शिष्यप्रशिष्यले छपाएका[९८] हुन् ।

संस्कृत-सन्देश बन्द भएदेखि *अभिलेख-संग्रह* ननिस्केसम्म अर्थात् वि.सं. २०१२ देखि २०१७ भित्र लिच्छविकालका, अन्त कतै नछापिएका, ९ वटा शिलालेख नेपालबाट छापिए । तिनमा नरहरिनाथद्वारा ४ वटा,[९९] नरहरिनाथ र जनकलाल ढकालद्वारा ३ वटा[१००] तथा धनवज्र वज्राचार्यद्वारा २ वटा[१०१] छापिएका हुन् ।

---

९४. उही २०२६:८५-८६ । देवनागरीमा उतारसहित यस भागको नेपाली उल्था *हाम्रो वक्तव्य* २०२६:१५५-१५७ मा छ ।

९५. वास्तवमा त्यस्ता शिलालेखको सङ्ख्या १० भए पनि पशुपति तिलगङ्गाको विष्णुविक्रान्तमूर्तिको उत्कीर्ण लेखको पाठ र लाजिमपाटको विष्णुविक्रान्तमूर्तिको उत्कीर्ण लेखको पाठ उही भएकोले पछिल्लो उत्कीर्ण लेखको पाठ सिल्विं लेवि (१९६४/६५:२१)ले छपाइसकेकाले अघिल्लो उत्कीर्ण लेखको पाठ (धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१० ख:२) यहाँ नगनिएको हो ।

९६. नरहरिनाथ २०१० ।

९७. बाबुराम आचार्य र नयराज पन्त २०१०, २०१० क, २०११ र २०११ क ।

९८. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१० र २०१० क ।①
घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११ ।
रामजी तेवारी, देवीप्रसाद भण्डारी र शङ्करमान राजवंशी २०११ ।

९९. नरहरिनाथ २०१२, २०१२ क, २०१२ ख र २०१६ ।

१००. नरहरिनाथ र जनकलाल ढकाल २०१२, २०१२ क र २०१२ ख ।

१०१. धनवज्र वज्राचार्य २०१४ र २०१६:७-८ ।

---

① बाबुराम आचार्य र नयराज पन्तले तथा नयराज पन्तका शिष्यप्रशिष्यले *संस्कृत-सन्देश*मा छपाएका, अन्त नछापिएका, लिच्छविकालका उत्कीर्ण लेखको सूची महेशराज पन्त २०६४:१२ मा ४० सङ्ख्याको टिप्पणीमा दिँदा **धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१० र २०१० क** हुनुपर्नेमा भ्रमवश **धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१० र २०११** हुन गएको छ । कुरा के भने **धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११** त वि.सं. १९३७ मै छापिइसकेको (भगवान्लाल इन्द्रजी र गेओर्ग ब्यूलर [१९३७] २०४०:७ सङ्ख्या=१७०-१७१) हुनाले धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालले खालि दोहोऱ्याएर छपाएकाले त्यस सूचीमा त्यो पर्नुहुन्थेन । त्यसै गरी महेशराज पन्त २०६४:६१ मा धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१० र २०११ को सट्टा धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१० र २०१० क हुनुपर्थ्यो । त्यहाँ २०१० छुटेकोले त्यहाँको २०१० अब २०१० क हुने भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. २०१८ मा संशोधन-मण्डलले तीन तीन महीनामा *अभिलेख-संग्रह* निकाल्न थालेपछि त्यसमा लिच्छविकालका, अन्त कतै नछापिएका, ३० वटा शिलालेख प्रकाशित भए ।[१०२] वि.सं. २०२१ देखि संशोधन-मण्डलले त्रैमासिक पत्रिका *पूर्णिमा* छाप्न शुरू गऱ्यो र डिल्लीरमण रेग्मीको *एन्‌शन्ट् नेपाल्*को भरखरै माथि चर्चा गरिएको संस्करण नछापियुन्जेलसम्म अर्थात् वि.सं. २०२५ निगल्दोसम्म लिच्छविकालका, अन्त कतै नछापिएका, १५ वटा शिलालेख त्यसमा छापिए ।[१०३] यसैबीच लिच्छविकालको, अन्त कतै नछापिएको, एउटा शिलालेख डिल्लीरमण रेग्मीले छपाए ।[१०४]

यसरी नेपालीहरूले लिच्छविकालका जम्मा ६४ वटा शिलालेखको पाठ छपाएकोमा तिनमा ९ वटामा मात्र नयराज पन्त नमुछिएको देखिन्छ। बाँकी ५५ वटा शिलालेख छपाउने श्रेय संशोधन-मण्डलको परम्परालाई नै छ ।

बाबुराम आचार्यसँग मिलेर लिच्छविकालका ४ वटा शिलालेख छपाउने नयराज पन्तको नामै नलिनु र लिच्छविकालको एउटा मात्र शिलालेख छपाउने नरहरिनाथको नाउँ लिई लिच्छविकालका ५५ वटा शिलालेख छपाउने, नयराज पन्त र उनका शिष्यप्रशिष्यहरूको नाउँ नलिइएकोले *इतिहास-संशोधन*का प्रवर्तक र उनका शिष्यप्रशिष्यउपर डिल्लीरमण रेग्मीले ठूलो रीस गरेको स्पष्ट देखिन्छ ।

लिच्छविकालका ३९ वटा शिलालेख छपाउने रेन्यरो न्योलि (२०१३)को भूरि भूरि प्रशंसा गर्ने डिल्लीरमण रेग्मीले लिच्छविकालका ५५ वटा शिलालेख प्रकाश गर्ने नयराज पंन्त र उनका शिष्यप्रशिष्यको नामै लिएनन् ।

नेपालीहरूले पढेका उत्कीर्ण लेखका पाठ शुद्ध हुँदैनन् भनी डिल्लीरमण रेग्मीले लेखेको कुरामा केही लेख्नुपरेको छ । नरहरिनाथको पाठ पूर्णतया प्रामाणिक मान्न नसकिए पनि[१०५] हामीहरूले छपाएका

---

१०२. *अभिलेख-संग्रह* १ भाग २३-३८ पृष्ठ, ५ भाग ६-१७ पृष्ठ[①] र ९ भाग १८-२२ पृष्ठ ।

१०३. *लिच्छविकालका अप्रकाशित तीन अभिलेख* २०२२ ।
गौतमवज्र वज्राचार्य २०२३ ।
उही २०२३ क ।
धनवज्र वज्राचार्य २०२४ ।
रामजी तेवारी, देवीप्रसाद भण्डारी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र दिनेशराज पन्त २०२४ ।
रामजी तेवारी, धनवज्र वज्राचार्य र दिनेशराज पन्त २०२४ ।
धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र दिनेशराज पन्त २०२५ ।

१०४. डिल्लीरमण रेग्मी २०२३ क:२ = १ सङ्ख्या ।

१०५. *हाम्रो वक्तव्य* २०२६:१६१ ।

---

① वि.सं. २०१९ मा *अभिलेख-संग्रह* ५ भागमा छापिएका १२ वटा शिलालेखमध्ये परिशिष्टमा छापिएका ४ वटा शिलालेखको सामान्य वर्णन गरी तिनका फोटा थामस ओ. व्यालिन्जरले वि.सं. २०१५ मा छपाइसकेका थिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लिच्छविकालका शिलालेखका पाठ कुनै पनि विदेशीहरूले छपाएका पाठभन्दा तल्लो तहका छैनन्, बरु माथिल्लो तहका छन् भन्ने कुरा विदेशीहरूले छपाइसकेका शिलालेखका पाठको संशोधन गरी हामीहरूले छपाएका पाठसँग दाँजी हेरे स्पष्ट हुन्छ[१०६] ।

रेन्यरो न्योलिले पढेका पाठ म सच्याउन सक्छु भनी डिल्लीरमण रेग्मीले फुइँ गरे पनि उनका पुस्तकमा रेन्यरो न्योलिको ग्रन्थबाट उद्धरण गरिएका शिलालेखका पाठ देख्ता त न्योलिले गरेका गल्ती सच्याउने ल्याकत त रेग्मीमा हुनु टाढैको कुरा हो, न्योलिले रोमनमा छपाएको पाठ पनि देवनागरीमा जस्ताकोतस्तो उतार्न रेग्मी सक्दा रहेनछन् भन्ने स्पष्ट हुन्छ ।[१०७]

यी विषयमा र डिल्लीरमण रेग्मीले गरेका अरू दाउपेच र *एन्शन्ट् नेपाल्*को यस संस्करणमा परेको एउटा अशुद्धिको विषयमा त्यही साल फाल्गुनमा एउटा लामै लेख हामीले प्रकाश गर्‍यौं ।[१०८]

एघार

डिल्लीरमण रेग्मीको गौरव बढाउन र उनलाई लागेको दोषबाट चोख्याउन खोजी *रोलम्ब* पत्रिकाका सम्पादकले सोधेका प्रश्न र तिनको डिल्लीरमण रेग्मीले दिएका उत्तर वि.सं. २०३८ मा *रोलम्ब*मा छापिएका छन् ।[१०९] डिल्लीरमण रेग्मीको, वि.सं. २००८ मा छापिएको *एन्शन्ट् यान्ड् मेड्इईभल् नेपाल्*लाई लूछ्याह्नो पेतेकले **हिस्स्याउने खालको पुस्तक** भनेकोमा मैले कस्तो स्थितिमा त्यो पुस्तक लेखें, त्यो कुरा लूछ्याह्नो पेतेकले वुझ्दै नवुझी यस्तो लेखे, त्यो स्थिति कस्तो थियो भन्ने विषयमा डिल्लीरमण रेग्मीले बोलेको कुरा यस प्रसङ्गमा उद्धरणीय छ –

> **आइ टुक् टु हिस्टरि राइटइङ् इन् सरकमस्टचान्सइज् ह्विच् वेर् नट् कन्जीनिअल् । आफ्टर् आइ लेफ्ट् दि यूनिभर्सिटि इन् मद्रास्, आइ केम् टु काठ्मान्डु बट् वज् फोर्स्ड् टु फ्ली द कन्ट्रि इन् अक्टोबर् १९४० । आइ बिकेम् अ सर्ट् अफ् फ्यूजिटिभ् इन् इनडिअ यान्ड् स्टार्टइड् लिभ्इङ् इन् यू. पी. यान्ड् बिहार् अल्सो भ्रिज़्इटइङ् क्याल्कटा अफ्न् । आइ पास्ड् अबाउट् टू यर्ज् अन्टिल् आइ वज् अरेस्टइड्- इन् १९४२ । आइ थट् अफ् यूज़्इङ् दिस् इन्टररेगनम्[११०] टु राइट् सिस्टिम्याटइक् हिस्टरि अफ् नेपाल् । द रीज़न् टु इमपेल् मी टु डू सो वज् दि याबसेन्स् अफ् एनइ लिट्अरइचर् अन् द सब्जिक्ट् । आइ स्टार्टइड् राइटइङ् 'एन्शन्ट् यान्ड् मेड्इईभ्ल् हिस्टरि अफ् नेपाल्' याज् द फर्स्ट् अटेम्प्ट् इन् द्याट् डिरेक्शन् । आइ चूज्[१११] अल्सो सम् टपइक्स् अन् नेपालीज् मेड्इईभ्ल् कल्चर् टु**

१०६. उही १६१-१६२ ।

१०७. उही १६३-१६४ ।

१०८. उही २०२६ ।

१०९. डिल्लीरमण रेग्मी २०३८ ।

११०. यस शब्दको प्रयोग ठीक ठाउँमा भएको छैन, **इन्टरभ्ल्** जस्ता शब्द लेखिनुपर्थ्यो ।

१११. **चोज्** हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रोडक्यूस् आर्‌टिक्ल्ज् फर् सम् म्यागअज़ीन्ज़् । अ पोर्‌शन् अफ् द बुक् अपीर्ड् इन् द फर्म् अफ् यान् आर्‌टिक्ल् इन् बिहार् रिसर्च् ससाइइटि'ज़् जर्‌नल् इन् अर्‌लि १९४२ (भल्. एक्स्‌एक्स्‌भ्रीआइआइआइ) अन्‌डर् क्याप्शन्, सोर्स्[११२] मटीर्‌इअल् फर् द हिस्‌टरि अफ् नेपाल् ।' आइ वन्टइड् टु फिन्‌इश् द बुक् इन् ड्यू कोर्स् बट् फेट् डिसाइड्इड् अद्‌अर्‌वाइज़् । आइ वज़् अरेस्टइड् अन्‌डर् सेक्. २६ डीआइआर् यान्ड् डिटेन्ड् इन् प्रिज़न् अन्‌टिल् दि एन्ड् अफ् १९४५ ।

ह्वेन् आइ वज़् रिलीस्ड् फ्रम् द जेल् आइ वज़् सिक्, यान्ड् इट् टुक् मी नीर्‌लि अ यर् टु रिकभ्अर् यान्ड् देन् आइ प्लन्ज्ड् हेड्‌लङ् इन्टु द स्ट्रगल् अगेन्स्ट् द राणार्‌कि । द कन्‌ट्रि नोज़् द रेस्ट् अफ् द स्टरइ ।[११३]

अर्थात्

इतिहास लेख्ने काम परिस्थिति अनुकूल नहुँदा मैले थालें । मद्रासविश्वविद्यालय छोडेपछि म काठमाडौं आएँ, तर ई.सं. १९४० अक्टोबर (वि.सं. १९९७ आश्विन-कार्तिक)मा मुलुकबाट भाग्न म बाध्य भएँ । म भारतमा एक प्रकारको भगुवा भई संयुक्त प्रान्त र विहारमा बस्न र अक्सर कलकत्ता पनि जान थालें । ई.सं. १९४२ (वि.सं. १९९९)[११४]मा पक्राउ नपरुन्जेल मैले २ वर्ष जति बिताएँ । यसबीचको समय नेपालको सिलसिलेवार इतिहास लेख्न लगाउने मैले विचार गरें । यसो गर्न म तातिनुको कारण यस विषयमा कुनै साहित्य नहुनु हो । त्यतातिर पहिलो प्रयत्नको रूपमा *एन्‌शन्ट् यान्ड् मेड्इईभ्‌ल् हिस्‌टरि अफ् नेपाल्*[११५] लेख्न मैले थालें । केही पत्रिकाहरूको लागि लेख तयार पार्न नेपालको मध्यकालको संस्कृतिबारे केही विषय पनि मैले छानें । त्यस पुस्तकको एक अंश लेखको रूपमा विहार रिसर्च ससाइइटिको पत्रिकाको २८ ठेलीमा ई.सं. १९४२ को शुरू (वि.सं.१९९८)मा *सोर्स् मटीर्‌इअल् फर् द हिस्‌टरि अफ् नेपाल्*[११६] भन्ने शीर्षकमा छापियो । उचित समयमा त्यो पुस्तक सिद्ध्याउने इच्छा मैले गरेको थिएँ, तर दैवले अर्कै तरहले निधो गऱ्यो । डीआइआर्[११७]को २६ परिच्छेदअनुसार पक्राउ परी ई.सं. १९४५ निगल्दो (वि.सं. २००२ को हेमन्त?)सम्म म थुनामा परें ।

जेलबाट छुट्दा म बिरामी थिएँ, तङ्ग्रिन मलाई एक वर्ष जति लाग्यो, त्यसपछि म राणाशासनको विरोधमा चलेको द्वन्द्वमा हतारिएर हामफालें । बाँकी कुरा मुलुकलाई थाहा छ ।

---

११२. क्याप्शन् 'सोर्स् हुनुपर्ने ।

११३. डिल्लीरमण रेग्मी २०३८:७-८ ।

११४. डिल्लीरमण रेग्मीले अन्यत्र (२००६:२५८) आफू ई.सं. १९४२ को सेप्टेम्बरमा पक्राउ परेको भनी लेखेकाले माथि उल्थामा वि.सं. १९९९ लेखिएको हो ।

११५. वास्तवमा यस पुस्तकको नाउँ *एन्‌शन्ट् यान्ड् मेडइईभ्‌ल् नेपाल्* हो (डिल्लीरमण रेग्मी २००८) ।

११६. लेखको शीर्षक वस्तुतः *सोर्स्‌इज् फर् अ हिस्‌टरि अफ् नेपाल्* हो (डिल्लीरमण रेग्मी १९९८) ।

११७. डिफेन्स् अफ् इन्‌डिअ रेग्युलेशन्ज्‌को आद्याक्षर यी हुनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ईभ्न् दो आइ वज् प्रिअक्युपाइड् विद् पल्इटिक्ल् याजिटेशन्, आइ यूज्ड् टु स्पेर् सम् टाइम् अफ् यान्ड् अन् टु राइटइङ् विद् यान् इन्टेन्शन् टु कम्प्लीट् इट् बिफोर् लङ्। आइ अल्सो रोट् इन् द मीन्टाइम् टू मोर् बुक्स् अन् करअन्ट् टपइक्स्, अ सेन्चुरइ अफ् फ्यामइलि अटक्रसि[११८] यान्ड् ह्विद्अर् नेपाल्, द फर्स्ट् अपीरइङ् १९४९, 'एन्शन्ट् यान्ड् मेड्इईभ्ल् नेपाल्' यान्ड् 'ह्विद्अर् नेपाल्' वेर् कम्प्लीटिड् टुवर्डज् दि एन्ड् अफ् १९५० यान्ड् सेन्ट् टु लक्नौ थ्रू अ फ्रेन्ड् फर् प्रिन्टइङ्। आइ न्यू द्याट् द बुक् ह्याड् मेनइ शर्ट कमइङ्ज् बट् देर् वज् नो वे आउट्। आइ कुड् नट् कम् टु नेपाल् टु कलेक्ट् अरिजइनल् मटीरइअल्ज्। देर् वज् प्राइस् अन् माइ हेड्। द बुक्, हाउएभ्अर्, वज् टु बी पब्लिश्ड् याट् एनइ कोस्ट् बिफोर् लङ्। बट् दोज् वेर् डेज् अफ् हेक्टिक् याजिटेशनल् याक्टिभ्इटिज्, इन् कोर्स् अफ् ह्विच् आइ रिटन्र्ड् टु नेपाल् इन् ज्यान्युअरइ १९५१।

दि इन्टरइम् गभ्अरमन्ट् वज् फर्म्ड् इन् नेपाल् अन् दि १८थ् अफ् फेब्रुअरि, माइ अपोनन्ट्स् गेटइङ् दि अपर् ह्यान्ड् यान्ड् आइ वज् प्लेस्ड् अन् दि अब्अजिश्अन् साइड्। दिस् मेन्ट् नन्-कोअपरेशन् विद् दोज् इन् पाउअर्। दि अब्अजिश्अन् वी गेभ् देम् वज् टफ्, यान्ड् दि याड्भान्टिज्इज् दे ह्याड् अब्टेन्ड् वेर् यूज्ड् टु टेक्इङ् याक्शन् अगेन्स्ट् मी। नट् फाइन्ड्इङ् एनइ एभ्इडन्स्इज् फर अद्अर् अफेन्स्इज्, दे थट् टु इम्प्रिज्न् मी फर् सिक्स् मन्थ्ज् अन् कन्टेम्प्ट् अफ् कोर्ट चार्ज्इज् इन् जुलाइ १९५१। आइ वज् रिलीस्ड् इन् ज्यान्युअरइ १९५२ आफ्टर् सर्भ्इङ् द सेन्टन्स्।

याज् आइ केम् आउट् यान्ड् वज् अबाउट् टु गो टु लक्नौ आइ गट् द प्रिन्टर'ज् लेट्अर् टु टेल् मी द्याट् द बुक् वज् जस्ट् आउट्। आइ स इट् इन् फेब्रुअरइ (१९५२) ह्वेन् आइ रीच्ड् लक्नौ। द बुक्स् बेर् द डेट् १९५२ याज् द यर् अफ् पब्लिकेशन्।[११९]

अर्थात्

राजनीतिसम्बन्धी संक्षोभमा तल्लीन हुँदा हुँदै पनि यो (*एन्शन्ट् यान्ड् मेड्इईभ्ल् नेपाल्*) छिटै पूरा गर्ने मनसायले बीबीचमा केही समय लेख्न उब्ज्याउँथें। यसैबीच मैले वर्तमान विषयमा २ वटा अरू किताब — *अ सेन्चुरइ अफ् फ्यामइलि अटक्रसि* र *ह्विद्अर् नेपाल्* — लेखें, अघिल्लो ई.सं. १९४९[१२०] (वि.सं. २००६) निस्कियो, *एन्शन्ट् यान्ड् मेड्इईभ्ल् नेपाल्* र *ह्विद्अर् नेपाल्* ई.सं. १९५० को निगल्दो (वि.सं. २००७ पौष)तिर पूरा भए र ती छपाउन एक जना साथीमार्फत लखनौ पठाइयो। त्यस पुस्तक

---

११८. यहाँको लेखाइअनुसार 'अ सेनचुरइ अफ् पयामइलि अटक्रसि' हुनुपर्ने।

११९. डिल्लीरमण रेग्मी २०३८:८-९।

१२०. यस पुस्तकमा भारतीय राष्ट्रिय काङ्ग्रेसका अध्यक्ष पट्टाभि सीतारामय्याको *फोरवर्ड* (वाङ्मुख)मा ई.सं. १९४९ अक्टोबर १९ तारीखको मिति छ। यहाँ प्रकाशनमितिचाहिँ ई.सं. १९५० दिइएको छ। यस कारण डिल्लीरमण रेग्मीले ई.सं. १९५० मा निस्कियो भन्नुपर्नेमा भ्रमवश ई.सं. १९४९ मा निस्कियो भनी लेखेको देखिन्छ। *डिल्लीरमण रेग्मी: हिज् लाइफ् यान्ड् लेग्असि*मा पनि यही गल्ती दोहरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(*एन्शन्ट् यान्ड् मेड्इईभ्ल् नेपाल्*)मा धेरै कमी छन् भन्ने मलाई थाहा थियो, उपाय भने थिएन। मूल सामग्री जम्मा गर्न म नेपाल आउन सक्दिनथैं। मेरो टाउकोमा मोल तोकिएको थियो। जसरी पनि जुनसुकै हालतमा त्यो किताब छिटै छापिनुपर्थ्यो। तर ती उत्कट संक्षोभसम्बन्धी हलचलका दिन थिए, यिनैबीच ई.सं. १९५१ जनवरी (वि.सं. २००७ को पौष-माघ)मा म नेपाल फर्कें।

वि.सं. २००७ फालुन ७ गते कालाभ्यन्तरको लागि नेपालमा सरकार बन्यो, मेरा प्रतिद्वन्द्वीहरूको प्रभुत्व भयो र म विरोधी पक्षमा राखिएँ। यसको मतलब अधिकारमा भएकाहरूसँग असहयोग गर्नुपर्ने भयो। हामीले तिनीहरूको कडा विरोध गर्‍यौं र आफूले पाएको अनुकूल परिस्थितिलाई तिनीहरूले मलाई कार्वाई गर्नमा उपयोग गरे। अरू कुनै कसूर गरेको प्रमाण नपाएकोले अदालतको अवहेलना गरेको दोष लाई ई.सं. १९५१ जुलाई (वि.सं. २००८ आषाढ-श्रावण)मा[१२१] मलाई ६ महीना थुन्ने विचार तिनीहरूले गरे। सजाय भोगेपछि ई.सं. १९५२ जनवरीमा (वि.सं. २००८ पौष-माघ)मा[१२२] म छुटें।

पुस्तक भरखरै निस्कियो भनी मलाई भन्न छापाखानावालाले लेखेको चिठी म बाहिर आउँदा र लखनौ जानै लाग्दा मैले पाएँ। ई.सं. १९५२ फेब्रुअरी (वि.सं. २००८ को माघ-फालुन)मा म लखनौ पुग्दा यो देखें। छापिएको वर्ष ती पुस्तकमा ई.सं. १९५२ छ।

यस्तो स्थिति थाहा नभएका विदेशी पेतेकले मेरो *एन्शन्ट् यान्ड् मेड्इईभ्ल् नेपाल्*लाई हिस्स्याउने खालको पुस्तक भनी भनेकोबाट मेरो यस्तो स्थिति थाहा नहुने भनी कल्पना पनि गर्न नसकिने, संस्कृतपाठशालाका एक जना गुरुले पेतेकको यस वाक्यबाट फाइदा उठाई मेरो प्रतिष्ठामा हानि गराउन खोजे भनी डिल्लीरमण रेग्मीले भनेका छन्।[१२३]

---

१२१. वि.सं. २००८ भाद्र २७ गतेको प्रधान न्यायालयको निर्णयअनुसार डिल्लीरमण रेग्मी थुनामा परेका हुन् (ग्रीष्मबहादुर देवकोटा [२०१६] २०३६:१०९), तदनुसार ई.सं. १९५१ सेप्टेम्बर १२ तारीख हुन्छ।

१२२. डिल्लीरमण रेग्मी वि.सं. २००८ मार्ग ४ गतेको दिन थुनाबाट छोडिएका हुन् (उही), तदनुसार ई.सं. १९५१ नोभेम्बर १९ तारीख हुन्छ।

१२३. **क्वेश्चन्।** वन् अथर् ह्याज् कम्एन्टड्इड् अन् द बुक् द्याट् इट् वज् डिस्अपइन्टड्इङ् इनस्पाइटड् अफ् म्यागनिफिइसन्ट् अप्अरट्यूनइटिज् ओप्न् टु दि अथर्।

आन्सर्। येस्, आइ नो दिस् इज् दि अपिन्यन् अफ् एल्. पेतेक्। बट् आइ नरेटड्इड् माइ स्टरइ अफ् द फरटिज्। यू मस्ट् ह्याभ् कम् टु नो द्याट् द बुक् वज् रिट्न् आउट्साइड् ह्वाइल् दि अथर् वज् इन् एक्स्आइल् इन् इन्डिअ। ही ह्याड् नो याक्सेस् टु द मटीरइअल्ज् एक्सेप्ट् दोज् पब्लिश्ड् ह्विच् वेर् भेरइ फ्यू। पेतेक् ह्याड् नो आइडिअ अफ् द अथर्'ज् टरब्युलन्ट् लाइफ्। दिस् वज् हिज् मिस्टेक्। ह्वेन् यू पास् जज्मन्ट् अन् सम्बड्इ'ज् वर्क् यू मस्ट् बी थरअलि अवेर् अफ् हिज् यान्टिसीडन्ट्स्। बट् पेतेक् वज् यान् आउट्साइड्अर् यान्ड् देर्फोर् ही कुड् बी एक्स्क्यूज्ड् फर् दि एर्रोन्अस् कम्एन्ट्। हाउएभ्अर्, आइ वज् सर्प्राइज्ड् याट् द भेरइ हस्टाइल् कम्एन्ट् मेड् बाइ अ नेपाली हू ह्याज् टेकन् याड्भान्टिज् अफ् पेतेक्'स् अपिन्यन् टु अन्डरमाइन् माइ प्रेस्टिज्। दिस् फेलओ वज् अ टीचअर् इन् अ स्यान्स्क्रिट् पाठशाला,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कसैको कृतिमा आफ्नो निर्णय दिँदा ग्रन्थकारले कस्तो अवस्थामा कृति तयार गऱ्यो भन्ने कुरा निर्णायकलाई थाहा हुनुपर्छ भन्ने डिल्लीरमण रेग्मीको दलील भएको कुरा यतासम्मका कुराबाट बुझिएको छ । डिल्लीरमण रेग्मीकी भगिनीसँग अधवैँसे गुरुज्यूको तेस्रो विहे भएपछि मात्र भाग्योदय भएका रेग्मीको जीवनमा के कस्ता घटना घटे र उनले *एन्शन्ट् यान्ड् मेड्इईभ्ल् नेपाल्* कस्तो अवस्थामा लेखे भन्ने वुझेर मात्र त्यसको आलोचना गर्नुपर्छ र उनको लेखाइलाई रियायत दिनुपर्छ भन्ने छैन । राजनीतिमा लाग्दा लाग्दै नेपालको इतिहास लेख्ने काममा उनी आफ्नै प्रसिद्धिको लागि हामफालेका हुन् । यस विषयमा उनका आदर्श जवाहरलाल नेहरू होलान् । डिल्लीरमण रेग्मीले जस्तो अन्त नछापिएका आकरको पाठ पढेको र मूल सामग्रीहरूको अवलोडन गरेको दावी जवाहरलाल नेहरूले गरेका छैनन् । आदर्श ब्रिटिश शिक्षा, सुपठित अङ्ग्रेजको भन्दा वढी अङ्ग्रेजीमा अधिकार र वहुविज्ञत्व आदिले गर्दा पाण्डित्यको वोझले अनाक्रान्त र सुप्रस्तुत उनका पुस्तक रोचक छन्[१२४] र अन्त नछापिएका आकरको पाठ पढेको र मूल सामग्रीहरूको अवलोडन गरेको दावी ल्याकत नहुँदा नहुँदै गर्ने डिल्लीरमण रेग्मीका पुस्तक भाषा र प्रस्तुतिको हकमा जवाहरलाल नेहरूका पुस्तकसँग कवै दाँजिन सक्दैनन् ।

नामै नलिए पनि संस्कृतपाठशालाका एक जना गुरु भनी डिल्लीरमण रेग्मीले नयराज पन्तलाई सङ्केत गरेको हो । हुन त जुन लेखमा लूछ्याह्रो पेतेकले डिल्लीरमण रेग्मीको *एन्शन्ट् यान्ड् मेड्इईभ्ल् नेपाल्*को विषयमा लेखेको कुरा सबभन्दा पहिले उद्धरण भयो, त्यो लेख नयराज पन्तको नाममा छापिएको नभई *पूर्णिमा*मा *हाम्रो वक्तव्य*को रूपमा त्यो छापिएको हो ।

> यान्ड् आइ क्यान् नट् इम्याजइन् द्याट् ही वज् अन्अवेर् अफ् ह्वट् वज् ह्याप्एन्इङ् इन् द कन्ट्रि, यान्ड् द फ्रीडम् स्ट्रग्ल्, इन् ह्विच् आइ वज् सो डीप्लि इन्भल्भ्ड् । ही न्यू द सरकमस्टन्सइज् इन् ह्विच् द बुक् 'एन्शन्ट् यान्ड् मेड्इईभ्ल् नेपाल्' वज् रिट्न् ।
>
> (डिल्लीरमण रेग्मी २०३८:९)

(प्रश्न – कर्ताले राम्रो मौका पाउँदा पाउँदै पनि हिस्स्याउने खालको पुस्तक भनी एक जना ग्रन्थकारले त्यस पुस्तकको विषयमा टिप्पणी गरेका छन् ।

उत्तर – हो, यो लुछ्याह्रो पेतेकको राय हो भन्ने मलाई थाहा छ । चालीसको दशाब्दीको आफ्नो कथाको बयान मैले गरिसकेँ । त्यो पुस्तक भारतमा ग्रन्थकार निकलवासमा हुँदा बाहिर लेखिएको हो भन्ने कुरा तपाईंले थाहा पाएको हुनुपर्छ । छापिएका सामग्रीबाहेक अरूमा उसको पहुँच थिएन, धेरै योरै सामग्री मात्र छापिएका थिए । ग्रन्थकारको गोलमालको जिन्दगीबारे पेतेकलाई कुनै हेक्का भएन । यो उनको गल्ती थियो । जब तपाईं कसैको कृतिमा आफ्नो निर्णय दिनुहुन्छ, त्यस वेला तपाईंलाई उसका पूर्वचरितको विषयमा पूरापूर थाहा हुनुपर्छ । तर पेतेक विदेशी भएकाले उनले त्यो गलत टिप्पणी गरेकोमा उनलाई माफ गर्न सकिन्छ । तर एक जना नेपालीले मेरो प्रतिष्ठामा हानि पुऱ्याउन पेतेकको रायबाट फाइदा उठाई गरेको, ज्यादै वैरभावमय टिप्पणीमा मलाई आश्चर्य लाग्यो । तिनी संस्कृतपाठशालाका गुरु भएकाले मुलुकमा के भइरहेको छ र स्वातन्त्र्यको द्वन्द्वमा म यति गहिरोसँग मुछिएको कुरा उनलाई थाहा थिएन भनी म कल्पना गर्न सक्दिनँ । जुन अवस्थामा त्यो पुस्तक अर्थात् *एन्शन्ट् यान्ड् मेड्इईभ्ल् नेपाल्* लेखियो, त्यो उनलाई थाहा थियो ।)

१२४. जवाहरलाल नेहरू [१९९०-१९९१] २०३९ ।
उही [२००२] २०३८ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. २००८ मा छापिएको, डिल्लीरमण रेग्मीको *एन्शन्ट् यान्ड् मेड्इईभल् नेपाल्*लाई हिस्स्याउने खालको पुस्तक भनी लूछ्याह्रो पेतेकले लेखेका छन् भनी हामीले हल्लाखल्ला गरेको १५ वर्षपछि डिल्लीरमण रेग्मीले त्यस विषयमा मुख खोल्ने आँट गरे पनि मूल विषय अर्थात् हामीले पत्ता लाएका तथ्य र हामीले पहिलोपटक प्रकाश गरेका उत्कीर्ण लेखलाई आफ्नै खोजी भनी देखाउन उनले गरेको प्रयासको विषयमा २१ वर्षअगाडिदेखि हामीले कराउँदै आए पनि *रोलम्ब*का सम्पादकले उनीसँग त्यस विषयमा सोध्ने आँट नगर्नु उदेकलाग्दो छ ।

बाह्र

वि.सं. २०४० मा डिल्लीरमण रेग्मीको *इन्स्क्रिप्शन्ज़् अफ् एन्शन्ट् नेपाल्* (प्राचीन नेपालका उत्कीर्ण लेख) छापियो ।[१२५] उत्कीर्ण लेख खोज्ने पढ्ने कामको थालनी गर्ने नेपालीहरूको र *संस्कृत-सन्देश*मा इतिहाससम्बन्धी लेख प्रकाश गर्नेहरूको नाउँ लिँदा दुवै काममा अग्रगण्य अवदान भएका नयराज पन्तको नाउँ छुटाई खालि बाबुराम आचार्य र नरहरिनाथको मात्र नाउँ डिल्लीरमण रेग्मीले आफ्नो त्यस पुस्तकमा लिएका छन् ।[१२६] नयराज पन्त खुद आफैँले र आफ्ना चेलाछोराहरूद्वारा डिल्लीरमण रेग्मीको मुर्ख्याइँ र वेइमानीको भण्डाफोर गरेकाले नयराज पन्तसँग उनलाई असाध्य रीस उठेको थियो भन्ने कुराको प्रतिविम्ब यो हो भनी भनिरहनु नपर्ला ।

---

१२५. डिल्लीरमण रेग्मी २०४० ।
उही २०४० क ।
उही २०४० ख ।

१२६. याज् फार् याज् द सर्च् अफ् इन्स्क्रिप्शन्ज् बाइ द नेपालीज् देम्सेल्भ्ज् गोज् द नेम्ज् अफ् टू नेपालीज्, बाबुराम् आचार्य यान्ड् महन्त् (मङ्क) नरहरिनाथ्, कम् रेड्इलि टु नोटिस् । बोथ् वेर् कनेक्टइड् विद् अ मन्थ्लि इन् स्यान्स्क्रिट् डिभोटइड् स्पेश्अल्लि टु हिस्टर्इक्ल् राइटइङ् । दिस् मन्थ्लि, हाउएभ्अर्, सीसड् पब्लिकेशन् आफ्टर् अ यर् यान्ड् देन् एम्. नरहरिनाथ अन् हिज् ओन् पब्लिश्ड् ३ म्यागअजीन्ज् वन् आफ्टर् दि अद्अर्, द लास्ट् अफ् ह्विच् वज् इतिहास प्रकाश, इल् असर्टइड् बट् भ्याल्युअब्ल् । द भेर्इअस् इस्युज् कन्टेन्ड् ओन्लि अ फ्यू इन्स्क्रिप्शन्ज् अफ् द नेपाल् भ्यालइ । बट् पेजइज् वेर् फिल्ड विद् कप्इज् अफ् टेक्स्ट्स् अफ् कप्अर् प्लेट् इन्स्क्रिप्शन्ज् यान्ड् क्रनइक्ल्ज् अफ् ११थ्-१६थ् सेन्टचुर्इज् फ्रम् जुम्ला यान्ड् अद्अर् प्रिन्सिप्यालइटिज् इन् द फार् वेस्ट् यान्ड् इन् अर्लि सिक्स्टइज् खरदार बाबुराम आचार्य वज् इम्प्लइड् बाइ द किङ् टु राइट् अ बाइअग्रफि अफ् पृथिवीनारायण् शाह बट् ही ह्याड् टु डिक्टेट् हिज् राइटइङ् अन् अकाउन्ट् अफ् ब्लाइन्ड्नेस् यान्ड् ओल्ड् एज् । एम्. नरहरिनाथ् लेफ्ट् हिज् जब् अन्फिनइश्ड् टु गो टु पलइटिक्स्, यान्ड् हिज् मटीर्इअल् इज् नट् ड्युलि यूटिलाइज्ड् इन् द फील्ड् अफ् प्यालइओग्रफिइक्ल् रिसर्च् । देर् वज् लिट्ल् वर्क् डन् अन्टिल् आर्. न्योलि, यान् इटचाल्यन् स्कल्अर्, ब्रट् आउट् हिज् कलेक्शन् ।

(डिल्लीरमण रेग्मी २०४० र २०४० क:*प्रिफेस्* (प्रस्तावना) ८-९, उही २०४० ख:*प्रिफेस्* ७)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. २०२४ मा आफ्नो *मेड्इईभल् नेपाल्*को चौथो भागमा हाम्रो *अभिलेख-संग्रह*बाट सारी उत्कीर्ण लेख छपाउँदा आफ्नो त्यस पुस्तकमा कहीं कहीं हाम्रो पुस्तकको नामोल्लेख गरी छपाएकोमा पनि त्यो केरी त्यहाँ कागत टाँस्ने[१२७] डिल्लीरमण रेग्मीले लिच्छविकालका उत्कीर्ण लेखको खोजीको प्रसङ्गमा वि.सं. २०४० मा लेख्दा *अभिलेख-संग्रह* र *पूर्णिमा*को नाउँ लिन पुगेको देख्दा उनमा गुणग्राहिता पलाएको[१२८] देखिए

(जहाँसम्म नेपालीहरू आफैंले गरेको, उत्कीर्ण लेखको खोजी छ, २ जना नेपाली बाबुराम आचार्य र महन्त नरहरिनाथको नाउँ झट्ट आइहाल्छ। दुवै जना खास गरी इतिहाससम्बन्धी लेख छापिने, संस्कृत मासिक पत्रिकासँग सम्बद्ध थिए। तर यो मासिक पत्रिका १ वर्षपछि छापिन छोड्यो① र त्यसपछि महन्त नरहरिनाथ आफैंले लगालग ३ वटा पत्रिका निकाले, तिनमा पछिल्लो, [सामग्री] क्रमानुसार राखिएको नभए पनि ज्यादै काम लाग्ने *इतिहासप्रकाश* थियो।② यसका फरक फरक अङ्कमा नेपालखाल्डोका थोरै उत्कीर्ण लेख छापिएका छन्। [यसका] पाना भने जुम्ला र दविष्ठ पश्चिमका अरू टुक्रे राज्यका, एघारौंदेखि सोह्रौं शताब्दीसम्मका ताम्रपत्रका र वंशावलीका पाठका उतारले भरिएका थिए र साठीको दशाब्दीको शुरूमा खरदार बाबुराम आचार्य पृथिवीनारायण शाहको चरित लेख्न राजाद्वारा जागीरे गरिए,③ तर अन्धोपन र बुढेसकालले गर्दा उनले आफ्नो लेख बोलेर लेखाउनुपर्‍यो। राजनीतिमा लाग्न महन्त नरहरिनाथले आफ्नो काम अपूरै छोडे र उनका सामग्रीको उपयोग अभिलेखसम्बन्धी④ खोजीमा ठीकसँग भएको छैन। इटालियन विद्वान् रेन्यरो न्योलिले आफ्नो सङ्ग्रह ननिकालेसम्म थोरै काम गरिएको थियो।)

१२७. माथि ५७ सङ्ख्याको टिप्पणी हेर्नू ।

१२८. इन् द सिक्स्ट्इज् द क्वर्टर्लि *अभिलेख सङ्ग्रह* ब्रट् आउट् इन्स्क्रिप्शन्ज्, सम् ओल्ड् यान्ड् सम् न्यू, द फर्मर् विद् इम्प्रूभ्ड् रीड्इङ् । लेट्अर् अनद्अर् क्वर्टर्लि 'पूर्निमा' कन्टिन्यूड् द सेम् लड्एब्ल् जब्। द सम् टोट्ल् अफ् द रिसर्च् अपीई्ड् १८ यर्ज् लेट्अर् इन् अ सेप्रिट् बुक् 'लिच्छवि कालका अभिलेख' एड्इट्इड् बाइ धनवज्र वज्राचार्य । द वर्क् वज् पब्लिश्ड् बाइ द सेन्टर् फर् नेपालीज् यान्ड् एशियन् स्टड्इज्, टी.यू.।

(डिल्लीरमण रेग्मी २०४० र २०४० क:*प्रिफेस्* (प्रस्तावना) ९, उही २०४० ख:*प्रिफेस्* ७)

① वि.सं. २०१० वैशाखदेखि छापिन थालेको मासिक *संस्कृत-सन्देश*को दोस्रो वर्षको, वि.सं. २०११ श्रावण, भाद्र र आश्विनको संयुक्ताङ्क छापिएकोले यो पत्रिका डेढ वर्ष चल्यो भनी भन्नुपर्छ।

② *इतिहास-प्रकाश* नियतकालिक प्रकाशन नभएकोले यसलाई पत्रिका भन्न मिल्दैन। *इतिहास-प्रकाश*लाई पत्रिकै माने पनि डिल्लीरमण रेग्मीले भने जस्तै *संस्कृत-सन्देश*पछि नरहरिनाथले निकालेका पत्रिकाको सङ्ख्या ३ वटा नभई २ वटा मात्र हो। त्यस्ता प्रकाशनमा अन्तिम *इतिहास-प्रकाश* नभई *हिमवत्संस्कृति* हो।

③ साठीको दशाब्दीको शुरू भनेको वि.सं. २०१६/१७ तिर हो। वि.सं. १९४४ फाल्गुन २९ गते जन्मेका❶ बाबुराम आचार्यले ग्रन्थ लेख्नको लागि ७७ वर्षको उमेरमा श्री ५ युवराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवबाट वृत्ति पाउन थालेकाले❷ (वि.सं. १९४४+ ७७ =) वि.सं. २०२१ देखि उनले दरबारबाट वृत्ति पाउन थालेको देखिन्छ। दरबारबाट वृत्ति पाई उनले लेखेको पहिलो पुस्तक *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह संक्षिप्त जीवनी* (बाबुराम आचार्य २०२४, २०२४ क, २०२५ र २०२६) नभई *नेपालको संक्षिप्त वृत्तान्त* (उही २०२२) हो।

④ मूलमा प्यालइओग्रफिइक्ल् छ। इपिग्रफिक्ल् हुनुपर्नेमा प्यालइओग्रफिइक्ल् भए पनि प्रसङ्गानुरोधले उल्थामा प्यालइओग्रफिइक्ल्को अर्थ नदिई इपिग्रफिक्ल्को अर्थ दिइएको हो।

❶ नयराज पन्त २०२९:१३१।

❷ उही १४७-१४८।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पनि लिच्छविकालका उत्कीर्ण लेखको विषयमा काम गर्नेहरूको नाम दिँदा नयराज पन्तको नामै नलिई उनले **पन्थ ब्रदर्ज्** अर्थात् **पन्थ दाजुभाइ** भनी नयराज पन्तका छोराहरूलाई सङ्केत गरी लिच्छविकालका उत्कीर्ण लेख खोज्नेपढ्नेको सूचीमा तिनीहरूलाई राखेकाले जिन्दगीभर दाउपेच गरी हिँडेकाले उनले यहाँ पनि भेदनीतिको सहारा लिएकोमा शङ्का छैन[१२९] ।

त्यस वेलासम्म नेपालको इतिहासको अन्वेषणमा र खुद संशोधन-मण्डलको स्थितिमा पनि धेरै फरक आइसकेको थियो। डिल्लीरमण रेग्मीको *इन्स्क्रिप्शन्ज् अफ् एन्शन्ट् नेपाल्* प्रकाशमा आउँदा संशोधन-मण्डलबाट उछिट्टिएर गएका धनवज्र वज्राचार्यको *लिच्छविकालका अभिलेख* छापिएको १० वर्ष भइसकेको थियो। *पूर्णिमा* पत्रिकामा र *लिच्छविकालका अभिलेख*मा उत्कीर्ण लेखका पाठ, नेपाली उल्था र व्याख्या छापिएकाले डिल्लीरमण रेग्मीलाई निकै सजिलो भयो। वि.सं. २०२३ मा छापिएको, आफ्नो *मेड्ईभल् नेपाल्*मा जस्तो संशोधन-मण्डलका कृतिबाट आकर र तथ्य दुवै खुरुखुरु चोर्ने काम डिल्लीरमण रेग्मीले यसपालि गरेनन्; आकरमा नाम दिए पनि तथ्य चोर्ने लोभको संवरण गर्न चाहिँ यसपालि पनि उनले

(साठीको दशाब्दीमा त्रैमासिक *अभिलेख-संग्रह*ले पाठ सुधारी केही पुराना र केही भने नयाँ उत्कीर्ण लेख प्रकाशमा ल्यायो।[①] पछि अर्को त्रैमासिक *पूर्णिमा*ले त्यही प्रशंसनीय काम जारी राख्यो। त्यस खोजीको एकमुष्ट रूप धनवज्र वज्राचार्यले सम्पादन गरेको *लिच्छविकालका अभिलेख* भन्ने भिन्नै पुस्तकमा १८ वर्षपछि[②] देखियो। त्यो पुस्तक त्रिभुवनविश्वविद्यालयको नेपाली र एशियाली अनुसन्धानकेन्द्र[③]द्वारा प्रकाश भयो।)

१२९. **लास्ट्लि, आइ ओ अ डेट् अफ् ग्र्याट्इटयूड् टु अल् द स्कल्अर्ज् हू ह्याभ् वर्क्ड् इन् द पास्ट् अन् द सब्जिक्ट्, इन् पर्टिक्युलर् टु सी. बेन्डल्, भगवान्लाल् इन्द्रजी, सिल्विं लेवि, जे.एफ्. फ्लीट्, बाबुराम् आचार्य, एम्. नरहरिनाथ्, आर्. न्योलि, धनवज्र, एच्.आर्. जोशी, एस्.एम्. राजवंसी, एम्.पी. खनाल्, पन्थ ब्रद्अर्ज् यान्ड् अद्अर्ज् फर् इनेब्ल्इङ् मि बाइ देर् कन्ट्रिब्यूशन्ज् टु ब्रिङ् आउट् दिस् कलेक्शन् अफ् नेपालीज् एफ्इग्राफ्इक् रिकर्ड्ज् ।**

(डिल्लीरमण रेग्मी २०४०, २०४०:क र खका *प्रिफेस्* (प्रस्तावना)को उपान्त्य कण्डिका)

---

① झुक्किएर छापिएका एकदुइवटा उत्कीर्ण लेख छोडेर *अभिलेख-सङ्ग्रह*मा छापिएका जम्मै अभिलेख पहिलोपटक छापिएका हुन् (माथि ३० सङ्ख्याको टिप्पणी हेर्नू)।

②. *अभिलेख-संग्रह* वि.सं. २०१८ देखि र *पूर्णिमा* वि.सं. २०२१ देखि छापिन थालेको हो। यस कारण *अभिलेख-संग्रह* छापिन थालेदेखि धनवज्र वज्राचार्यको *लिच्छविकालका अभिलेख* वि.सं. २०३० मा छापिँदा २०३०-२०१८ =१२ वर्ष मात्र वितेकोले डिल्लीरमण रेग्मीले १८ वर्षपछि धनवज्र वज्राचार्यको *लिच्छविकालका अभिलेख* छापियो भनी लेखेको मिल्दैन ।

③ *लिच्छविकालका अभिलेख* **सेन्टर् फर् नेपालीज् यान्ड् एशियन् स्टड्इज्**बाट छापियो भनी डिल्लीरमण रेग्मीले लेखेका छन्। पहिले यस संस्थाको नाउँ अङ्ग्रेजीमा **इन्स्टिटयुट् अफ् नेपाल् यान्ड् एशियन् स्टड्इज्** र नेपालीमा **नेपाल र एशियाली अध्ययनसंस्थान** थियो। पछि यसको नाउँ अङ्ग्रेजीमा **सेन्टर् फर् नेपाल् यान्ड् एशियन् स्टड्इज्** र नेपालीमा **नेपाल र एशियाली अनुसन्धानकेन्द्र** भयो। *लिच्छविकालका अभिलेख*को प्रकाशकमा वास्तवमा अघिल्लो नाउँ छ। डिल्लीरमण रेग्मीले लेखे जस्तो **नेपालीज्** दुवै नाउँमा छैन। उनले प्रकाशकको नाउँमा **सेन्टर् फर् नेपालीज् यान्ड् एशियन् स्टड्इज्** लेखेकाले त्यही अङ्ग्रेजी नाउँको नेपाली रूपान्तर उल्थामा मैले हालेको हुँ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सकेनन्।[१३०] धनवज्र वज्राचार्यको पाठ, उल्था र व्याख्यामा मैले धेरै ठाउँमा सुधार गरेको छु भनी उनले

(अन्त्यमा, नेपाली उत्कीर्ण अभिलेखहरूको यो सङ्ग्रह आफ्ना कृतिद्वारा मलाई प्रकाश गर्न सक्ने तुल्याएकोको लागि यस विषयमा पहिल्यै काम गरिसकेका सबै विद्वान्हरू खास गरी सेसिल बेन्डल, भगवान्लाल इन्द्रजी, सिल्विं लेवि, जान फेथ्फुल फ्लीट,[①] बाबुराम आचार्य, महन्त नरहरिनाथ, रेन्यरो न्योलि, धनवज्र, हरिराम जोशी, शङ्करमान राजवंशी, मोहनप्रसाद खनाल, पन्थ दाजुभाइ र अरूहरूको कृतज्ञताको ऋणी म छु।)

१३०. तथ्य चोरेको उदाहरण गौतम वज्राचार्य (२०४२)ले यसरी दिएका छन् –

रेग्मी इज़् अ म्यान् अफ् टू करीर्ज़्; ही इज़् अ पलइटिशन् यान्ड् हिस्टोर्इअन्। डिस्पाइट् हिज़् याक्टिभ् इन्भ्ल्भ्मन्ट् इन् नेपालीज़् पलइटिक्स्, ही हयाज़् बीन् बर्क्इङ् अन् नेपालीज़् हिस्टरि फर् सेभ्अरअल् डेक्अड्ज़्। ही इज़् अ प्रोलिफ्इक् राइट्अर्। कम्पेर्इङ् दि अर्लि एडिशन् अफ् हिज़् *एन्शन्ट् नेपाल्* विद् द प्रेज़न्ट् भ्ल्युम्ज़्, वन् इमीडिअट्लि नोटिस्इज़् द्याट् दि अथर् हयाज़् इन्क्लूड्इड् मेन्इ न्यू फाइन्ड्इङ्ज़् यान्ड् फ्रेश् इन्टर्प्रिटेशन्ज़् इन् दिस् वर्क्। फर् एग्ज़ाम्प्ल्, इन् *एन्शन्ट् नेपाल्* ही वज़् नट् एब्ल् टु स्याटिस्फ्याक्टरिलि एक्स्प्लेन् द सिग्निफिकन्स् अफ् "भोगिनी," यान् अन्आइडेन्टिफाइड् नेम् द्याट् अपीर्ज़् अन् द कइन्ज़् अफ् द लिच्छवि किङ्, मानदेव, बट् इन् द प्रेज़न्ट् भ्ल्युम् ही हयाज़् कन्भिन्सिङ्लि आइडेन्टिफाइड् भोगिनी याज़् किङ् मानदेव'ज़् क्वीन्। सिम्इलर्लि, इन् हिज़् अर्लि-अर् वर्क्, रेग्मी डिड् नट् ईभ्न् मेन्शन् दि एप्इथेट्इक् नेम् अफ् अम्शुवर्मा, *श्रीकलहाभिमानी*, "प्राउड् अफ् हयाभ्इङ् एन्मिटि विद् द गडिस् अफ् वेल्थ्," बट् इन् द प्रेज़न्ट् भ्ल्युम् ही एक्स्प्लेन्ज़् ब्यूटिफुल्लिः "इट् इज़् सजेस्ट्इड् द्याट् अम्शुवर्मा टुक् प्राइड् इन् द भ्यास्ट् नल्इज् ही कुड् अक्वाइर् यान्ड् ही फेल्ट् द्याट् याज़् अ म्यान् अफ् लर्न्इङ् ही वज़् अटम्याट्इक्ल्लि ड्रन् टु अ क्वर्अल् विद् 'श्रि'[②] द गडिस् अफ् वेल्थ्। याज़् ट्रडिशअन् गोज़्, लर्निङ् यान्ड् वेल्थ् डू नट् गो टुगेद्अर्, यान्ड् इट् हयाज़् बीन् अ प्र्याक्टिस् फर् एज्इज़् टुगेद्अर् [*सिक्*] द्याट् अ लर्निङ् म्यान् डिटेस्ट्स् वेल्थ्। अम्शुवर्मा थट् दिस् वे यान्ड् ही अडप्ट्इड् दिस् नेम्। ही ट्राइड् टु शो द्याट् ही डिटेस्ट्इड् वेल्थ् इन् हिज़् परस्यूट्स् अफ् नल्इज़्" (पी. १४०)।

देर् आर् मेन्इ फ्यासइनेट्इङ् इन्टर्प्रिटेशन्ज़् अफ् दि इन्स्क्रिप्शन्ज़् थ्रूआउट् द वर्क्। ह्वट् इज़् द रीज़न् फर् दिस् ड्रयाम्अटिक् चेन्ज़् फ्रम् रेग्मी'ज़् प्रीभ्यिअस् वर्क्? एभ्इडन्ट्लि, इट् इज़् नट् ओन्लि द रिज़ल्ट् अफ् हिज़् ओन् न्यू इन्भेस्टिगेशन्ज़्। ओन्लि इन्साइड्अर्ज़् वुड् नो द्याट् दि इम्प्रूभ्मन्ट् इज़्

① नेपालको लिच्छविकालको इतिहासमा काम गर्ने विदेशीहरूको नाउँ दिँदा डिल्लीरमण रेग्मीले सवभन्दा पहिले सेसिल वेन्डलको नाउँ लिएर मात्र भगवान्लाल इन्द्रजीको नाउँ र सिल्विं लेविको नाउँ लिएपछि मात्र जान फेथ्फुल फ्लीटको नाउँ लिएका छन्। कालक्रमअनुसार यो मिल्दैन। खुलाएर भन्दा भगवान्लाल इन्द्रजीको नेपाली अभिलेखसम्वन्धी लेख वि.सं. १९३७ मा,[❶] जान फेथ्फुल फ्लीटको लिच्छविकालनिर्णयसम्बन्धी लेख वि.सं. १९४२ मा, लिच्छविकालका अभिलेख गाभिएको, सेसिल वेन्डलको पुस्तक वि.सं. १९४३ मा र सिल्विं लेविको लिच्छविकालनिर्णयसम्बन्धी लेख वि.सं. १९५१ मा, नेपालको इतिहाससम्वन्धी, उनको महनीय ग्रन्थका अघिल्ला २ ठेली वि.सं. १९६१/६२ मा र तेस्रो ठेली वि.सं. १९६४/६५ मा छापिएका हुन्।

② डिल्लीरमण रेग्मी २०४० खमा श्री नै छ।

❶ भगवान्लाल इन्द्रजी र गेओर्ग ब्यूलर १९३७।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भने[१३१] पनि उनको ल्याकत उनका अघिल्ला अघिल्ला पुस्तक छापिँदा जति थियो त्यसभन्दा बढेको थिएन;

भरट्यूअल्लि अल् डिराइभ्ड् फ्रम् द मिटिक्युलस् स्टड्इज् यान्ड् रिसर्च् अफ् अ नेपालीज् हिस्टर्इक्ल् रिसर्च् इन्स्टिटयुट्, लोकल्लि नोन् याज् सम्शोधन मण्डल । दिस् इन्स्टिटयुट् इज् नट् रिफर्ड् टु एनइह्वेर् इन् रेग्मी'ज् वर्क् । बोथ् अफ् दि अबभ्-साइटइड् एक्ज़ाम्पल्ज् कन्सर्नइङ् दि आइडेन्टिफिकेशन् अफ् भोगिनी यान्ड् दि एपइथेटइक् नेम् अफ् अम्शुवर्मा वेर् पब्लिश्ड् डेक्अड्ज् अगो इन् द *नेपाल् समाचार्* (भ्री.एस्. २०२१, चैत्र १०), अ लोकल् पीरिअड्इक्ल्, यान्ड् इन् *पुर्निमा* (भ्री.एस्. २०२१, वैशाख), द जर्नल् अफ् द सम्शोधन मण्डल, रिस्पेक्टिभ्लि । [...]

(रेग्मी २ थरी जीवन भएका मान्छे हुन् – उनी राजनीतिमा लागेका छन्, उनी ऐतिहासिक पनि हुन् । नेपाली राजनीतिमा आफ्नो फुर्तिलो संसक्ति छँदा छँदै पनि अलिक दशाब्दीदेखि उनले नेपाली इतिहासमा काम गर्दै आएका छन् । उनका रचना बगालै छन् । उनको *एन्शन्ट् नेपाल्*को अघिल्लो संस्करणसँग यी ठेली दाँज्दा फेला परेका, धेरै, नयाँ कुरा र ताजा अर्थगराइ उनले यस पुस्तकमा गाभेको कुरा जो कोहीले उत्ति नै खेर थाहा पाउँछ । उदाहरणको लागि, लिच्छवि राजा मानदेवका टकमा देखा पर्ने, खुट्ट्याउन नसकिएको, भोगिनी भन्ने नाउँको अर्थको व्याख्या सन्तोष गराउने गरी *एन्शन्ट् नेपाल्*मा गर्न उनले सकेका थिएनन्; यस पुस्तकमा भने भोगिनीलाई राजा मानदेवकी रानीको रूपमा उनले पत्यार पार्ने गरी खुट्ट्याएका छन् । त्यस्तै गरी, अंशुवर्माको वैशिष्टचवाची नाउँ श्रीकलहाभिमानी [अर्थात्] धनकी देवीसँग शत्रुता गर्न गर्व गर्नेको जिकिरसुद्धा पनि आफ्नो अघिल्लो पुस्तकमा उनले गरेनन्, यस पुस्तकमा भने उनी यसको व्याख्या राम्ररी गर्छन् – आफूले लिन सकेको औधि ठूलो ज्ञानमा अंशुवर्माले गर्व गरे र विद्वान्को हैसियतले श्री [अर्थात्] धनकी देवीसँग झगडा गर्न उनी आफसेआफ तानिएका थिए भनी सुझाइएको छ । विद्या र धन सँगै जाँदैनन् भन्ने परम्परा छ र विद्वान् मान्छेले धन छोड्छ भन्ने युगौंदेखिको रीति छ । अंशुवर्माले यसरी विचार गरे र उनले यो नाउँ लिए । ज्ञानको आफ्नो अनुसरणमा आफूले धन छोडेको देखाउन उनले खोजे (१४० पृष्ठ) ।

उत्कीर्ण लेखका, मोहित पार्ने अरू धेरै अर्थगराइ यस पुस्तकभर छन् । रेग्मीको अघिल्लो पुस्तकबाट यो नाटकीय परिवर्तनको कारण के हो । स्पष्टतः यो खालि उनका आफ्ना नयाँ खोजको फल होइन । त्यो सुधार त धेरैजसो सबै संशोधन-मण्डल भनी त्यतातिर चिनिएको, नेपाली इतिहाससम्बन्धी अन्वेषणसंस्थाको अतिसावधान परिशीलन र अन्वेषणबाट निकालिएको हो भन्ने कुरा भित्रियाहरूलाई मात्र थाहा छ । रेग्मीको पुस्तकमा यो संस्था कतै निर्दिष्ट छैन । भोगिनीको खुट्ट्याइ र अंशुवर्माको वैशिष्टचवाची नामसम्बन्धी, माथि टिपिएका दुवै उदाहरण दशौं वर्षअगाडि, क्रमशः त्यतातिरको पत्रिका *नेपालसमाचार* (वि.सं. २०१८ चैत्र १० गते)मा र संशोधन-मण्डलको पत्रिका *पूर्णिमा* (वि.सं. २०२१ वैशाख)मा छापिएका थिए ।)

१३१. याज् वी गो थ्रू धनवज्र'ज् कलेक्शन् इट् अपीर्ज् द्याट् इफ् देर् आर् न्यू याडिशन्ज् अल्रेड्इ इन्यूमरएटइड मेनइ इन्स्क्रिप्शन्ज् गिभ्न् बाइ न्योलि आर् अल्सो याज् ग्रेट् मेनइ विद्आउट् एनइ करेक्शन् यान्ड् सम् विद् माइनर् करेक्शन्ज् यान्ड् येट् अ फ्यू विद् मेजर् करेक्शन्ज् । धनवज्र अल्सो हयाज् करेक्टइड् डेट्स् इन् सम् केसइज् ह्वेर् दे वेर् रङ्लि रेड् । बट् सच् इन्स्टन्सइज् आर् नट् न्यूमरअस् । [...]

ही हयाज् शूर्लि प्रेज़न्टइड यान् एपइग्राफइक् सरभ्रे डाउन् टु डीटेल्ज् । बट् इन् दिस् अटेम्ट् धनवज्र हिम्सेल्फ् हयाड् कमिटइड् मिस्टेक्स् इन् रीडइङ् थ्रू टु अ लिमिटइड् एक्स्टेन्ट् । ही हयाज् अल्सो लेफ्ट् ग्याप्स् इन् लाइन्ज् अफ् अ फ्यू प्यासइजइज्, ह्विच् रिक्वाइर्ड् फिलइङ् । आइ हयाभ् करेक्टइड् द रङ् रीडइङ् याज् वेल् याज् फिल्ड् द ग्याप्स् । दिस् फ्याक्ट् अपार्ट्, द ट्रान्स्लेशन् इन् नेपाली अफ् दि इन्स्क्रिप्शन्ज् याज् डन् बाइ हिम् इज् नट् याज् इन्टेलइजिब्ल् याज् इट् शुड् बी । धनवज्र हयाज् ट्राइड

CC-0. Nepal Sanskrit Academy, Kathmandu

किनभने पहिले पनि उनी संस्कृत शब्द शुद्धसँग सार्नसम्म सक्दैनथे,[१३२] यो पुस्तक छापिँदा पनि स्थिति

> टु पास् मेनइ स्यान्स्क्रिट् वर्ड्ज् याज् नेपाली, ह्विच् इज् अ सोर्स् अफ् कनफ्यूज़न् । द वर्ड्ज् यूज़्ड् इन् दि इनस्क्रिप्शन्ज् केम् फ्रम् क्ल्यासइक्ल् स्यान्स्क्रिट् यान्ड् इट् वज् डिफ्इकल्ट् ईभ्न् फर् अ वेल् भर्स्ट् स्यान्स्क्रिट् स्कलअर् टु अन्डरस्टयान्ड् देम् । दिस् इज् द रीज़न् द्याट् मेक्स् धनवज्र'ज् ट्रान्स्लेटइड् प्यासइजइज् अनइन्टेलइजिब्ल् ईभ्न् टु नेपालीज् रीड्अर्ज् । माइ ट्रान्स्लेशन् इन्टु इङ्ग्लिश् दो मेन्ट् फर् पीप्ल् नोइङ दि इङ्ग्लिश् ल्याङ्ग्विज् यान्ड् विद् अर् विद्आउट् नेपाली डज् नट् सफ्अर् फ्रम् द डिफेक्ट् । द ट्रान्स्लेशन् कन्भेज् दि एगज़्याक्ट् मीनइङ अफ् द वर्ड्ज् यूज़्ड् इन् दि एपइग्राफ्ज् याज् आइ अन्डरस्टयान्ड् देम् । बट् मेनइ वर्ड्ज् बीइङ अब्स्क्यूर् कुड् नट् बी राइट्लि ट्रान्स्लेटइड् ।
>
> धनवज्र'ज् एक्स्प्लानेशन्ज् अफ्अई टु एभ्रि इनस्क्रिप्शन् रेप्रिजेन्ट् अ फ्रेश् अटेम्प्ट् टु गिभ् फुलअर् इन्फरमेशन् अबाउट् सो मेनइ थिङ्ज् कनेक्टइड् विद् द थीम् अफ् द रेक्अर्ड् । ही मस्ट् गेट् द क्रेड्इट् फर् ह्वट् ही ह्याज् डन् । हाउएभ्अर, न्यूमरअस् लूपहोल्ज् आर् ट्रेस्ड् देर् इन् द बुक्, यान्ड् ही ह्याज् अल्सो स्किप्ड् ओभर् क्वाइट् अ फ्यू वर्डज् ह्विच् ह्याभ् इम्पर्ट्यान्ट् बेर्इङ अन् इकनमइक् यान्ड् पलिटइक्ल् सब्जिक्ट्स् । अल् दीज् नीड् इल्याब्अरट् ट्रीट्मन्ट्, ह्विच् अल्सो आइ ह्याभ् डन् हीर्, बट् सच् केसइज् आर् लिमिटइड् इन् नम्बर् ।
>
> (डिल्लीरमण रेग्मी २०४० र २०४० क:प्रिफेस् १२-१३, उही ख:प्रिफेस् ८-९)
>
> (धनवज्रको [लिच्छविकालका उत्कीर्ण लेखको] सङ्ग्रहमा नयाँ थप कुरा छन् भने अघिबाटै सूचीबद्ध, न्योलिले दिएका, उत्कीर्ण लेखहरूमध्ये थुप्रै कुनै संशोधनविना, केही सामान्य संशोधनसहित र अरू थोरैचाहिँ ठूला संशोधनसहित छन् भन्ने कुरा त्यो सङ्ग्रह हामीले जाँच्दा देखिन्छ । मिति अशुद्ध पढिएका, केही ठाउँमा पनि धनवज्रले सच्याएका छन् । यस्ता दृष्टान्त भने धेरै छैनन् ।
>
> उनले उत्कीर्ण लेखहरूको निरूपण पक्कै पनि सविस्तर पेश गरेका छन् । तर यस कोशिशमा खुद धनवज्रले [उत्कीर्ण लेख] पढ्दा केही हदसम्म गल्ती गरेका थिए । अतिथोरै हिस्साहरूका पङ्क्तिमा भर्नुपर्ने भ्वाङ पनि उनले छोडेका छन् । मैले अशुद्ध पाठ सच्याएको छु र भ्वाङ पनि भरेको छु । यो कुराभन्दा बेग्लै, उत्कीर्ण लेखहरूको उनले नेपालीमा गरेको उल्था जति बुझिने हुनुपर्थ्यो, त्यति बुझिने छैन । धनवज्रले धेरै संस्कृत शब्दलाई नेपाली भनी छोड्ने कोशिश गरेका छन्, जुन अन्योलको मुहान हो । उत्कीर्ण लेखहरूमा भएका शब्दहरू शास्त्रीय संस्कृतबाट आएकाले र संस्कृतमा राम्रो दक्षता भएको विद्वान्लाई सुद्धा यो बुझ्न गाह्रो थियो । यही कारणले धनवज्रले उल्था गरेका हिस्सा नेपाली पाठकहरूलाई सुद्धा नबुझिने पार्छ । मैले अङ्ग्रेजीमा गरेको उल्था अङ्ग्रेजी जान्ने, नेपाली भने जान्ने वा नजान्ने मानिसहरूको लागि लक्ष्य गरिए पनि यसमा त्यो खोट छैन । उत्कीर्ण लेखहरूमा भएका शब्द मैले जसरी बुझेँ, तिनको ठीक अर्थ [मेरो] उल्थाले दिन्छ । तर धेरै शब्द अस्पष्ट भएकाले तिनको उल्था ठीकसँग गर्न सकिएन ।
>
> हरेक उत्कीर्ण लेखमा दिइएका, धनवज्रका व्याख्याले अभिलेखको विषयवस्तुसँग सम्बद्ध यति बिदि कुराबारे पूरा जनावट दिन ताजा कोशिश देखाउँछन् । उनले जे गरेका छन्, त्यसको लागि उनले श्रेय पाउनुपर्छ । तैपनि त्यस पुस्तकमा धेरै छिद्र पहिल्याइएका छन् र अर्थसम्बन्धी र राजनीतिसम्बन्धी विषयमा ठूलो अर्थ भएका अत्यल्प शब्दहरू उनले छोडेका छन् । यी सबैमा परिभ्राटसँग सलूक गर्नुपर्छ, ती पनि मैले यहाँ गरेको छु, यस्ता ठाउँको सङ्ख्या भने परिमित छ ।)

१३२. *हाम्रो वक्तव्य* २०२६:१६३-१६४ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उस्तै थियो भन्ने कुरा उनका यस पुस्तकका पत्रपत्रले देखाउँछन् ।[१३३]

तेह्र

हनूमान्ढोकामा भेट्टाइएको, लिच्छविकालको एउटा उत्कीर्ण लेखमा परेको **किरातवर्षधर**[१३४] भन्ने शब्दको व्याख्याको प्रसङ्गमा आफ्नो *इन्स्क्रिप्शन्ज़् अफ् एन्शन्ट् नेपाल्*मा डिल्लीरमण रेग्मीले यस उत्कीर्ण

---

१३३. इन् दिस् कन्टेक्स्ट्, इट् शुड् बी नोटइड् द्याट् मोस्ट् अफ् द टाइम् रेग्मी'ज् इङ्गलिश् ट्रान्स्लेशन्ज़् अफ् द लिच्छवि इन्स्क्रिप्शन्ज़् डू नट् अपीर् टु बी डिरेक्ट्लि रेन्डर्ड् फ्रम् हिज् ओन् रीड्इङ् अफ् दि अर्इज़्इनल् स्यान्स्क्रिट् टेक्स्ट्स् अफ् दि इन्स्क्रिप्शन्ज़् । हिज् रीड्इङ् अफ् दीज् इन्स्क्रिप्शन्ज़् इज़् सो एर्रोन्अस् द्याट् नो वन् क्यान् कम्प्रिहेन्ड् दि इन्टेन्ड्इड् मीन्इङ् अफ् दि इन्स्क्रिप्शन्ज़् विद्आउट् चेक्इङ् प्रीभिअस् रीड्इङ्ज् बाइ अद्अर् स्कल्अर्ज़् । हिज् रीड्इङ् अफ् मानदेव'ज् पिल्अर् इन्स्क्रिप्शन् याट् चाँगु, फर् एग्ज़ाम्प्ल्, ह्याज् अल्मोस्ट् फिफ्टि मिस्रीड्इङ्ज़् । सम् अफ् दीज् एर्अर्ज़् सीम् टु बी टाइपग्राफ्इक्ल् मिस्टेक्स्, बट् ईभ्न् दीज् ह्याभ् नट् बीन् कर्एक्टइड् इन् द कर्इजेन्डा यान्ड् अडेन्डा सेक्शन्ज़् फाउन्ड् याट् दि एन्ड् अफ् द फर्स्ट् टू भ्लयुम्ज़् । दीज् मिस्रीड्इङ्ज़् इन्क्लूड् स्ट्रेन्ज् वर्ड्ज़् सच् याज् *समव्य, त्वान,* यान्ड् *जगिनवाम्,* ह्विच् आर् नट् टु बी फाउन्ड् इन् एनइ स्यान्स्क्रिट् डिक्शन्अरि; हाउएभ्अर्, दि इन्टाइर् पिल्अर् इन्स्क्रिप्शन् इज् इन् स्यान्स्क्रिट् ।

(गौतम वज्राचार्य २०४२:६५३)

(लिच्छवि उत्कीर्ण लेखहरूका, रेग्मीका धेरैजसो अङ्ग्रेजी उल्था उत्कीर्ण लेखहरूका संस्कृत मूलपाठका उनको पाठबाट सोझै उल्था गरिएका देखिँदैनन् भनी यस सन्दर्भमा खुलाउनुपर्छ । यी उत्कीर्ण लेखको उनले दिएको पाठ यति अशुद्ध छ कि अरू विद्वान्हरूले पहिल्यै पढेका पाठ नहेरीकन उत्कीर्ण लेखहरूको अभिप्रेत अर्थ कसैले पनि बुझ्न सक्दैन । उदाहरणको लागि, मानदेवको चाँगुको खामोमा उत्कीर्ण लेखको उनको पाठमा झण्डै ५० वटा अपपाठ छन् । ती गल्तीमध्ये केही, प्रूफका अशुद्धि देखिन्छन्; तर अघिल्ला २ ठेलीका अन्त्यमा पाइने, शुद्धिपत्र र थप कुरा भएका परिच्छेदमा ती पनि सच्याइएका छैनन्; खामोमा उत्कीर्ण, त्यो पूरापूर लेख संस्कृतमा भए पनि कुनै पनि कोषमा नभेटिने समव्य, त्वान र जगिनवाम् जस्ता अनौठा शब्द ती अपपाठमा परेका छन् ।)

[...] ईभ्न् अ क्याज्युअल् स्क्रूटिनि अफ् द फर्स्ट् १७ इन्स्क्रिप्शन्ज़् ह्याज् रिभ्रील्ड् द्याट् रेग्मी'ज् स्यान्स्क्रिट् टेक्स्ट्स् आर् स्टड्इड् विद् ग्लेर्इङ् एर्अर्ज़्, पर्टिक्युलर्लि इन् वर्ड्-कम्पाउन्ड्इङ् यान्ड् न्यूमर्अल्ज़् यान्ड् द्याट् हिज् "कर्इजेन्डा यान्ड् अडेन्डा टु भ्ल् आइ" (पीपी. १८७-१९०) रेप्रिज़ेन्ट्स् जस्ट् अबाउट् १०% अफ् द याक्टचुअल् एर्अर्ज़् इन् द देवनागरी ट्रान्स्क्रिप्शन्ज़् अफ् स्यान्स्क्रिट् टेक्स्ट् अफ् द १७ इन्स्क्रिप्शन्ज़् ।

(कमलप्रकाश मल्ल २०४२ क:६०)

(अघिल्ला १७ वटा उत्कीर्ण लेखको फाटफुट जाँचले पनि रेग्मीको संस्कृत पाठको वरिपरि खास गरी समस्तपदमा र सङ्ख्यामा स्पष्ट देखिने गल्ती प्रकट गरेको छ र पहिलो ठेलीका, उनका शुद्धिपत्र र थप कुरा (१८७-१९० पृष्ठ)ले ती १७ वटा उत्कीर्ण लेखको संस्कृत पाठको देवनागरी उतारमा परेका वास्तव अशुद्धिको खालि सयकडा १० जति मात्र देखाउँछ ।)

१३४. धनवज्र वज्राचार्य २०३०:३७४ = ९१ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लेखको भ्रष्ट पाठ[१३५] दिएको विषयमा प्रसङ्गवश मैले यस्तो

> **मेरो पाठ धनवज्रको पाठभन्दा एक ठाउँमा मात्र फरक छ भनी रेग्मीजीले लेखे तापनि संस्कृत सार्ने योग्यतासम्म पनि हासिल नगरी संस्कृतमा लेखिएका अभिलेख सम्पादन गर्ने आँट रेग्मीजीले गर्नुभएकोले उहाँको पाठ विचित्रको हुन गएको छ ।**[१३६]

लेख्नुपरेको थियो ।

चौध

हीरहडगल्लिको ताम्रपत्रमा आएको **अट्टारसजाति**[१३७]को अर्थ **अठाह्र जात र** *महाभारत* (२।५।२७)को यस

कच्चिदष्टादशान्येषु स्वपक्षे दश पञ्च च ।
त्रिभिस्त्रिभिरविज्ञातैर्वेत्सि तीर्थानि चारकैः ॥

श्लोकको व्याख्या आफूले लेखेको *महाभारत*को टीका अर्थात् *भारतभावदीप*मा गर्दा **अष्टादश तीर्थ** अर्थात् **राजासमेतका राज्य चलाउन चाहिने १८ थरी अधिकारी**का पदको नाउँ किटिएका श्लोक **तानि चोक्तानि नीतिशास्त्रे**[१३८] अर्थात् **तिनीहरू नीतिशास्त्रमा भनिएका छन्** भनी नीलकण्ठले उद्धरण गरेकोमा ती श्लोकलाई डिल्लीरमण रेग्मी (२०४० ख:६३-६४) ले *रघुवंश*का भनी लेखेका छन् । हरिराम जोशी (२०३०:८२)ले पनि **अट्टारसजाति**को यस्तै अर्थ गरेकाले त्यसको सप्रमाण खण्डन मैले (महेशराज पन्त २०४१) गरिसकेकोले डिल्लीरमण रेग्मीले गरेको **अट्टारसजाति**को अर्थको खण्डनमा त्यस विषयमा बढी नलेखी हरिराम जोशीको खण्डन गरी आफूले लेखेको लेख औंल्याएको थिएँ र *रघुवंश*का भनी डिल्लीरमण रेग्मीले उद्धरण गरेका **अष्टादश तीर्थ**सम्बन्धी श्लोक *रघुवंश*का नभई नीलकण्ठले आफ्नो *महाभारत*टीका अर्थात् *भारतभावदीप*मा उद्धरण गरेको श्लोक भनी देखाएको थिएँ[१३९] । यसपछि हरिराम जोशीको पत्रिकाका २ अङ्कमा लगालग *रघुवंश*मा तीर्थ भन्ने डिल्लीरमण रेग्मीको लेख क्रमशः छापियो ।[१४०] त्यस लेखमा *रघुवंश*का अजकी रानीको नाउँ रति लेखेको[१४१] देखदा *मृच्छकटिक*का

---

१३५. डिल्लीरमण रेग्मी २०४०:८५ = ८५ सङ्ख्या ।

१३६. महेशराज पन्त २०४२:४ ।

१३७. गेओर्ग ब्यूलर [१९४८] २०३९/४०:६ = दीनेशचन्द्र सरकार १९९९:४३९-४४० ।

१३८. *महाभारत* २।५।३८ मा *भारतभावदीप* । यहाँ २।५।३८ भनेको श्लोक र माथि २।५।२७ भनेको **श्लोक उही हो । *भारतभावदीप*सहितको *महाभारत* र *महाभारत*को पूनासंस्करणमा श्लोक घटीबढी भएकाले यो अन्तर आएको हो ।**

१३९. महेशराज पन्त २०४१ क ।

१४०. डिल्लीरमण रेग्मी २०४२ र २०४२ क ।

१४१. **इन् द पोएटइक् कम्पजिशअन् द पथेटइक् लाइन्ज् कम्पोज्ड् टु डिस्क्राइब अज'ज् यागअनि ओभर हिज् वाइफ् रति'ज् डेथ् वज् सिम्इलर्लि एक्स्प्रेस्ड् याज् राम'ज् बिवेलइङ् ओभर् सेपरेशन् विद् सीता अन्**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शकार[१४२] सँग डिल्लीरमण रेग्मीलाई दाँज्न मलाई मन लाग्छ । यसो हुँदा हुँदै पनि *भारतभावदीप*मा नीतिशास्त्रबाट उद्धरण गरिएको भनी सारिएका श्लोकलाई *रघुवंश*का भन्ने डिल्लीरमण रेग्मीले त्यही अर्थमा **तीर्थ** शब्दको प्रयोग भएको श्लोक *रघुवंश* (१७।६८)मा पछि खोजीवरी मल्लिनाथको टीका अर्थात् *सञ्जीवनी* र त्यस श्लोकका अङ्ग्रेजी र हिन्दी उल्था हेरी लेख लेखेको देख्दा मैले गरेको उनको खण्डनको उनले चर्चै नगरे पनि बूढालाई मेरो लेखले छोएछ भनी मलाई खुशी नै लाग्यो।

त्रिभुवनविश्वविद्यालयमा इतिहास पढाएर पेन्शन पकाइसकेपछि ऐतिहासिक डिल्लीरमण रेग्मीको परख गर्न पुगेका तुलसीराम वैद्य (२०६३ क:८२-८३)ले *रघुवंश*मा **तीर्थ**को विषयमा रेग्मीले लेखेको लेखको गाथा गाउँदा रेग्मीले आफ्नो *इन्स्क्रिप्शन्ज् अफ् एन्शन्ट् नेपाल्*मा गल्ती गरेको त संस्कृतवाङ्मयवाट कोसौं दूर, **हलायुधलाई मलायुध** बनाई प्राचीन शास्त्रीय टीकाकार मल्लिनाथ, कोषकार हलायुध र मेदिनि-[कर] तथा *रघुवंश*को अङ्ग्रेजीमा उल्था गर्ने एम. आर. काले अर्थात् मोरेश्वर रामचन्द्र काले र हिन्दीमा उल्था गर्ने हरगोविन्द मिश्रलाई एकै लहरमा उभ्याउने ती बबुराले कसरी भेट्टाऊन्; २२ वर्षअगाडि इतिहास-प्रधान *पूर्णिमा* पत्रिकामा छापिएका, यस विषयका लेख पनि नहेरेकोबाट मात्र पनि नेपालको इतिहासको परिशीलन कीर्तिपुरमा कसरी भइरहेछ भन्ने कुराको छनक नआउने होइन ।

तिनै तुलसीराम वैद्यको देशिकत्वमा त्रिभुवनविश्वविद्यालयवाट डिल्लीरमण रेग्मीबारे पीएच्. डी. गरेका[१४३]ले गुरुकै अनुसरण गरी *रघुवंश*मा **तीर्थ**सम्बन्धी, रेग्मीको लेखवारे लेखेको निबन्ध प्रकाशमा आएको छ।[१४४] तुलसी राम वैद्यका ती चेलाको त्यस लेखमा रेग्मीले लेखेकै कुरा ओल्टाइपल्टाई गर्ने भन्दा बढी काम भएको छैन र रेग्मीकै भाव राम्ररी बुझ्नसम्म सक्ने ल्याकत तिनमा नभएकोले त्यस लेखमा थप गल्ती भएको छ भनी भन्न नसकिने होइन। *रघुवंश*का अजकी रानीको नाउँ रेग्मीले **रति** लेखेकोमा ती शोधार्थी

हर् बीइङ् किड्न्याप्ड् बाइ रावण [...]

(डिल्लीरमण रेग्मी २०४२:१८)

(आफ्नी स्वास्नी रति मर्दा अजको वेदनाको बयान गर्न रचिएका, टीठलाग्दा पङ्क्ति रावणले सीता हर्दा रामको बिलौना जस्तै गरी त्यस काव्यमा व्यक्त छन् ।)

१४२. शकार अर्थात् राजाका जेठान वा सालाको चरित्र देखाउँदा सुभद्रालाई विश्वावसुकी बहिनी (*मृच्छकटिक* १ अङ्क २५ श्लोक), भीमसेनलाई जमदग्निका छोरा, रावणलाई एक ठाउँमा कुन्तीका छोरा (१ अङ्क २९ श्लोक), द्रौपदीको चुल्ठो तान्ने चाणक्य (१ अङ्क ३९ श्लोक), श्वेतकेतुलाई पाण्डुका छोरा, रावणलाई अर्को ठाउँमा राधाका छोरा, अश्वत्थामालाई कुन्तीले रामवाट पाएको र जटायुलाई धर्मका छोरा (१ अङ्क ४७ श्लोक) जस्ता कुरा शूद्रकले शकारको मुखवाट निकालेका छन् ।

१४३. तुलसीराम वैद्य २०६३ क:*याक्नलइज्मन्ट्स्* २ ।

१४४. ज्ञानेन्द्र पौड्याल २०६४ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रती[१४५] लेख्न पुग्छन् । त्यसमाथि **रघुवंश महाकाव्यको १७ अध्याय,**[१४६] **साम, दाम**[१४७] र **पल्लवी अनुवाद**[१४८] जस्ता शब्द त्यहाँ परेकाले त्रिभुवनविश्वविद्यालयमा कसरी पीएच्. डी. बाँडिदो रहेछ भन्ने कुराको पनि छनक पाइयो ।[१४९]

पन्ध्र

परीक्षकहरूमा डिल्लीरमण रेग्मीका कृतिको खास प्रभाव नपरे पनि इतिहासको खेती गर्ने लाइसेन्स पाएका एक थरी विद्वन्मानीहरूचाहिँ डिल्लीरमण रेग्मीका कृतिको तारीफ गरी कहिल्यै थाक्दैनन् ।[१५०] नेपालका प्राचीन, मध्य र आधुनिक तीनै कालको इतिहासमा डिल्लीरमण रेग्मीका, अङ्ग्रेजीमा ढड्डु ढड्डु पुस्तक देख्ता इतिहासको नामबाटै पद, प्रतिष्ठा र धन पाई जीवनयात्रा चलाइरहेका ती अङ्ग्रेजीबाजहरू हतप्रभ भई यस्तो र यत्रो किताव हामी लेख्न सक्दैनौँ भन्ने भावनाले ग्रस्त भएर नै तिनीहरूले डिल्लीरमण रेग्मीका कृतिको यसरी तारीफ गरेका हुन् । उता, राहुल सांकृत्यायनका, हिन्दीका सस्ता पुस्तक पढेर कम्युनिस्ट भएका संस्कृतबाज **डा. रेग्मीका कृति अंग्रेजीका घाघलाई बाहेक अरूका लागि मृगमरीचिका जस्तै भएकाले**[१५१] उनका पुस्तक पढेर होइन कि देखेर नै उतर्सिन्छन् । बितिसकेका डिल्लीरमण रेग्मीलाई **इतिहास-रत्न**को उपाधिले विभूषित गर्ने प्रस्ताव[१५२] पनि यिनै कारणले राखिएको हो ।

---

१४५. उही:६० ।
१४६. उही:५९ ।
१४७. उही ।
१४८. उही:६४ ।
१४९. तुलसीराम वैद्यका तिनै चेलाले लेखेको, डिल्लीरमण रेग्मीसम्बन्धी अलग्गै ग्रन्थ (ज्ञानेन्द्र पौड्याल २०६६) हालै बजारमा आएको छ । तिनको माथि चर्चित लेख यस ग्रन्थमा पनि कुनै अंश जस्ताकोतस्तो सारेर र कुनै अलि अलि फरक पारेर गाभिएको छ (उही:२८६-२९०) । माथि चर्चित लेखमा परेका गल्ती यस ग्रन्थमा पनि दोहोरिएका छन् । यस पुस्तकमा गल्ती बग्रेल्ती छन् र यो पुस्तक अनभ्यस्त मान्छेले गरेको, खोजी भनाउँदो कामको नमूना बन्न गएको छ । आफ्ना देशिकबाट मात्र होइन; त्रिभुवनविश्वविद्यालयका रेक्टर, त्यहींको मुख्य इतिहासविभागका अध्यक्ष र नेपाल इतिहास संघका अध्यक्षद्वारा पनि प्रशंसित भए पनि मेरो दृष्टिमा पामरश्लाघ्य① यस ग्रन्थको विषयमा मेरो यस लेखमा लेख्नु प्रासङ्गिक भए पनि २ वर्षअगाडि नै तयार भइसकेको यो लेख खजमजिई त्यसलाई फेरि सम्याउन समय लाग्ने हुनाले त्यो काम अहिले गरिएन ।
१५०. तुलसीराम वैद्य २०६०, २०६३, २०६४ क ।
के.बि. थापा २०६३ ।
जगदीशचन्द्र रेग्मी २०६३ ।
माथि २२ सङ्ख्याको टिप्पणी पनि हेर्नू ।
१५१. मोदनाथ प्रश्रित २०६४:१२२ ।
१५२. रासस २०६३ ।

---

① यो शब्द पण्डितराज जगन्नाथको *रसगङ्गाधर* (केदारनाथ ओझा २०३३:६४)बाट मैले सापट लिएको हुँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सोह्र

डिल्लीरमण रेग्मी एप्इग्राफ्इस्ट होइनन् अर्थात् उनी उत्कीर्ण लेख पढ्न सक्दैनन् भनी उनका, इतिहास पढाउन लाइसेन्स पाएका, एक जना प्रशंसकले नै भनेका छन् ।[१५३] त्यसो हो भने उत्कीर्ण लेख पढ्नेको नाउँ डिल्लीरमण रेग्मीले आफ्नो ग्रन्थमा कतै नखुलाएकाले उनले छपाएका त्यत्रा बिदि उत्कीर्ण लेख कनीकुथी गरेर पनि कसले पढ्यो, त्यसको जवाफ चाहिएको छ ।[१५४] वीरपुस्तकालयमा रहेका पुस्तक हेरी नेपालको इतिहासको आकर खोज्ने काममा डिल्लीरमण रेग्मीले केही मान्छे खटाएका थिए, तर तिनीहरूले राम्रो काम गरेको देखिँदैन भनी ऐतिहासिकको रूपमा डिल्लीरमण रेग्मीको परख गर्नेले एक ठाउँमा लेखेका छन् ।[१५५]

---

१५३. तुलसीराम वैद्य २०६४ ।

१५४. संशोधन-मण्डलपाठशालामा केही वर्ष पढेका, एक जना इतिहास-संशोधक (ऐश्वर्यधर शर्मा २०६४)को भनाइ यस प्रसङ्गमा उद्धरणीय छ –

डा. डिल्लीरमण रेग्मीले मलाई बोलाउनु भयो । म उहाँको सम्पर्कमा गएँ । बोलाउनुको कारण उहाँको किताब मध्यकालको इतिहासको लागि मेरो सहयोग थियो । म उहाँको सो किताबको लागि तन, मन, धनले लागि परेँ । इतिहासका नयाँ साधन स्रोतले उहाँलाई मनग्य सहयोग गरेँ । करीब ८ वर्षसम्म निरन्तर लागे त्यस कार्यमा । पुँरिश्रमिक केही पाउदिनथेँ① देशको इतिहास राम्रो निस्कने भयो भन्ने अति② भावुक हृदयले म त्यसमा लाग्थेँ । फलस्वरूप मध्यकालको इतिहास वृहत् आकारमा प्रकाशित भयो । यत्रो लामो समयसम्मको सहयोगको इतिहासमा रहने यश उहाँबाट पाइन । पुस्तकको भूमिकामा③ धन्यवाद जस्तो विषय पनि मैले पाइन । मेरो मनमा विद्रोह उठे झैं भयो । त्यसको घोर विरोध पनि गरेँ । तर यहाँ जनता दास मनोवृत्तिमा रहेछन् । मेरा परम मित्र रघुनाथप्रसाद गुप्ता बाहेक मेरा अन्य साथीहरू एवं परिवार समेत मलाई सहानुभूतिसम्म पाइन । उहाँहरू सबै डराउनु हुँदो रहेछ । मैले निडर भएर श्रम शोषणको भर्त्सना कालान्तरसम्म गरिनै रहेँ ।

आफैलाई प्रजातन्त्रवादी तथा गान्धीवादी भन्ने नेता कहलिएका डाक्टर डिल्लीरमण रेग्मी साहेवबाट यस्तो निकृष्ट व्यवहार भएकोमा मेरो जहान परिवार अत्यन्त दीनहीन परिस्थितिबाट गुज्रनुपरेको थियो ।

१५५. **रेग्मी वज् याक्टिभ् इनफ् टु इम्प्लइ सम् पीप्ल् टु एक्स्प्लोर् द सोर्स् मटीर्इअल्ज् इन् द बीर् पुस्तकालय (डर्बार् लाइब्ररि), नाउ द न्याशअनल् आर्काइभ्ज् । सच् यान् इनिश्यटिभ् हयाड् द स्याल्युटरि इफेक्ट् इन् फाइन्डइङ् सम् मटीर्इअल्ज् बट् द पीप्ल् इन्भल्भ्ड् डु नट् सीम् याज् टु ह्याभ् बीन् सिन्सीर् याज् दे शुड् ह्याभ् अर् याज् द सब्जिक्ट् डिम्यान्डिड्।**

(तुलसीराम वैद्य २०६३:९५)

---

① मूलमा पाउदिननथेँ भएकोमा ऐश्वर्यधर शर्माले पाउदिनथेँ वनाएको ।

② मूलमा अती भएकोमा ऐश्वर्यधर शर्माले अति वनाएको ।

③ मूलमा भूमिकामा पुस्तकको भएकोमा ऐश्वर्यधर शर्माले पुस्तकको भूमिकामा वनाएको ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

डिल्लीरमण रेग्मीको लागि वीरपुस्तकालयमा खोजी गर्ने मान्छेहरू देखेर नै कमलप्रकाश मल्ल (२०४१:१८)लाई यस्तो

> **इफ् यान् इम्पेक्अब्ल् कम्पिटन्स् इन् नेपालीज् प्यालइओग्राफि अलोन् मेक्स् मी अ साउन्ड् हिस्टोरइअन्, द स्क्राइब्ज् इन् द न्याशअनल् आर्काइभ्ज् अफ् काठ्मान्डु, डिस्पेन्सइङ् वन् कल्अफन् पर् रूपी, आर् परह्याप्स् इन्कम्पर्अब्ल् यान्ड् इम्पेक्अब्ल् हिस्टोरइअन्ज् अफ् नेपाल् ।**

अर्थात्

> **नेपाली लिपिमा निर्दोष प्रावीण्यले मात्र मलाई गतिलो ऐतिहासिक बनाउँछ भने काठमाडौँको राष्ट्रिय अभिलेखालयका, रुपैयाँपीछे एउटा पुष्पिका दिने कारिन्दाहरू नेपालका बेजोड र निर्दोष ऐतिहासिक हुन्थे होलान् ।**

लेख्न आँट आएको होला ।

सत्र

पुराण सुनाएको छाँटमा पढाउने गुरुसँग पुराण सुनेको छाँटमा अन्धपरम्परान्यायले इतिहास पढी आएका, अकिञ्चित्कर स्नातकहरूले गर्दा इतिहासविद्याको स्थिति यहाँ कस्तो छ भनी बढी बोलिरहनुपर्दैन । उडिसाको कटक कलेजमा विज्ञानका प्रोफेसर योगेशचन्द्र राय (१९५६:९[१५६]- १०)ले एक सय आठ वर्षअघि लेखेका शब्द सापट लिएर भन्ने हो भने

> **आउर् स्टुडचन्ट्स् अफ् दि इङ्गलिश् कलइज्इज् आर् बिज्इ इन् क्र्याम्इङ् दि आन्सर्ज् टु एक्स्पेक्टइड् क्वेस्चन्ज्, यान्ड् आउर् यूनिभर्सिटि मेन् आर् टू बिज्इ टु ह्याभ् लेभ्अर् टु थिङ्क् अबाउट् द रिभाइभ्अल् अफ् दि इन्डिज्नेअस् साइअन्स्इज् यान्ड् आर्ट्स् अफ् द कन्ट्रि ।**

अर्थात्

> **अङ्ग्रेजीमा पढाइ हुने कलेजहरूका हाम्रा विद्यार्थीहरू [जाँचमा आउँछ भनी] अडकल गरिएका प्रश्नका उत्तरको घोकाइमा जोतिन्छन् र हाम्रा विश्वविद्यालयका अधिकारीहरू स्वदेशका विज्ञान र कलाको पुनरुज्जीवनको विषयमा विचार गर्नसम्म फुर्सद नभई जोतिन्छन् ।**

(वीरपुस्तकालय (दरबार लाइब्रेरी) – अहिलेको राष्ट्रिय अभिलेखालय – मा आकरसामग्रीहरू खोतल्न रेग्मीले केही मानिसलाई ज्याला दिई काममा लाउन निकै जाँगर गरेका थिए । यस्तो उपक्रमबाट केही सामग्री भेट्टाउनमा राम्रो असर परेको थियो । काममा सरीक गरिएका मान्छेहरू भने जति हुनुपर्थ्यो वा विषयवस्तुले माग गरे जति इमानदार भएका देखिँदैनन् ।)

१५६. पृष्ठसङ्ख्या ९ हुनुपर्नेमा प्रूफको गल्तीले २ भएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

